सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१ कात्तिक २०८१, बिहीबार (17 Oct 2024, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक १८३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

संसद् खुल्नासाथ संघीय प्रहरी र सशस्त्र प्रहरी ऐनसम्बन्धी विधेयक पेस गरिने



दुवै विधेयकमा आवश्यक राय लिन गृह मन्त्रालयले लोकसेवा आयोगमा पठाएको छ। आयोगबाट पास हुनासाथ गृहले विधेयकलाई मन्त्रिपरिषद् बैठकमा पेस गर्नेछ। त्यहाँबाट पास भएलगत्तै विधेयक संसद्मा प्रस्तुत गर्ने तयारी छ।

(विस्तृत पृष्ठ ३)

सुकुमवासीको बिचल्ली कहिलेसम्म ?



अग्रलेख

● परशुराम रम्तेल

लाखौँ मानिस जग्गाविहीन, घरबारविहीन, बाँच्न नसक्ने गरी उपायविहीन रहनु असामान्य विषय हो

(पृष्ठ ४)

महाराष्ट्र र झारखण्डमा हुने चुनावमा हरियाणा नतिजाको कस्तो पर्ला प्रभाव ?



भारतमा प्रत्येक चरणको चुनावले अगाडिका घटनाक्रम र गतिलाई विजेताको पक्षमा झुकाउन सक्छ। तथापि, विगत एक वर्षको अवधिमा यो सधैँ सत्य देखिएन। त्यसैले अर्को चरण चुनावमा अहिलेको गति उल्टिन सक्छ।

(विस्तृत पृष्ठ ५)

एक दशकमा पनि पूरा भएन ठुला औद्योगिक क्षेत्र थप्ने योजना



०७२ मा घोषणा गरिएका औद्योगिक क्षेत्र डिपिआर र इआइएमै सीमित, शिलान्यास भए, तर निर्माण अघि बढेनन्

(विस्तृत पृष्ठ ६)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ सामाजिक सुरक्षा भत्तामा गोलमाल

दुई महिनामै दुई लाख ३६ हजार लाभग्राही गायब, चार अर्ब ७१ करोड हिनामिनाको आशंका

असार मसान्तसम्म भत्ता बुझिरहेका झन्डै अढाई लाख लाभग्राहीले आश्चर्यजनक रूपमा नवीकरण नगराएपछि छानबिन गर्दै विभाग

दोहोरो भत्ता लिइरहेकाहरूले नवीकरण नगरेको हुन सक्छ



● **युवराज कटेल,** महानिर्देशक, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग


यो वर्ष दुई लाख ३६ हजार लाभग्राहीले सामाजिक सुरक्षा भत्ता नवीकरण गरेनन्। प्रणालीगत रूपमा भएको सुधारकै कारण लाभग्राहीको सूचीमा शुद्धीकरण भएको हाम्रो बुझाइ छ। नवीकरणका लागि हामीले राष्ट्रिय परिचयपत्र नम्बर पनि माग्न थालेका छौँ, त्यसले पनि दोहोरो भत्ता लिइरहेकाहरूले नवीकरण नगरेको हुन सक्छ। किन यसरी ठुलो संख्या घट्यो, विगतमा कसरी धेरै गयो भनेर हामी विस्तृत अध्ययन गर्दै छौँ।

नवराज मैनाली/नयाँ पत्रिका

राज्यबाट सामाजिक सुरक्षा भत्ता लिइरहेका दुई लाख ३६ हजार लाभग्राही एकैपटक गायब भएका छन्। सामाजिक सुरक्षा नवीकरणका लागि राष्ट्रिय परिचयपत्रको आबद्धता र सीधै खातामा पैसा हाल्ने प्रणाली सुरु भएसँगै आश्चर्यजनक रूपमा लाभग्राही घटेका हुन्। यसले विगतमा सामाजिक सुरक्षा भत्तामा ठुलो रकम हिनामिना भएको आशंका गरिएको छ।

राष्ट्रिय परिचयपत्र तथा राष्ट्रिय पञ्जीकरण विभागको तथ्यांकअनुसार गत असारसम्म लाभग्राहीको संख्या ३८ लाख २९ हजार ४८९ थियो। तर, २ असोजको विवरणअनुसार लाभग्राही ३४ लाख ९५ हजार ९०६ मात्रै छन्। गत भदौ मसान्तसम्म सामाजिक सुरक्षा भत्ता

» पृष्ठ २ मा क्रमशः



■ को हुन् नवीकरण नगर्ने दुई लाख ३६ हजार ४२३ जना ?

राष्ट्रिय परिचयपत्र तथा राष्ट्रिय पञ्जीकरण विभागका अनुसार गत वर्षका ३८ लाख २९ हजार लाभग्राहीमध्ये दुई लाख २० हजार ५८८ जनाको मृत्युलगायतका कारणले लाभग्राहीको सूचीबाट लगतकट्टा भएको थियो। जुन घटाएर चालू आर्थिक वर्ष (०८१/८२)मा ३६ लाख आठ हजार ९३२ जनाले नवीकरण गर्ने विभागको विश्लेषण थियो। तर, नवीकरणको अवधि भदौ मसान्तमा सकिँदा ३३ लाख ७२ हजार ५०९ जनाले मात्र नवीकरण गरेका छन्। लगतकट्टा नभएका दुई लाख ३६ हजार ४२३ जनाले नवीकरण नगरेकाले उनीहरू फर्जी लाभग्राही हुन सक्ने आकलन विभागको छ। त्यस्तै, यो अवधिमा एक लाख २३ हजार ३९७ जना नयाँ लाभग्राही थपिएका छन्। नयाँसहित जम्मा लाभग्राहीको संख्या ३४ लाख ९५ हजार ९०६ पुगेको हो। विभागले गत १ साउनदेखि २८ जिल्लामा सामाजिक सुरक्षा भत्ता नवीकरण गर्दा राष्ट्रिय परिचयपत्र नम्बर पनि लाभग्राहीको विवरणमा प्रविष्ट गर्न थालेको छ। सुरुमा अनिवार्य गर्ने निर्णय भए पनि यसले वृद्धवृद्धालाई समस्या हुन सक्ने भन्दै अनिवार्य गरिएको छैन। तर, नवीकरणको क्रममा परिचयपत्र नम्बर भएकाको उल्लेख गर्न थालिएको छ। यसबाट एकैजनाले दुई ठाउँबाट भत्ता लिएको पत्ता लाग्नेछ। राष्ट्रिय परिचयपत्र प्रणाली लागू भएसँगै दोहोरो भत्ता लिनेहरू सहजै पत्ता लाग्ने र यसबाट समस्या हुन सक्ने भयले धेरैले नवीकरण नगरेको हुन सक्नेसमेत विभागका अधिकारीको विश्लेषण छ।

कसले कति पाउँछन् ?

- ज्येष्ठ नागरिक रु. ४,०००/-
- क्षेत्र तोकिएका/दलित ज्येष्ठ नागरिक रु. २,६६०/-
- एकल महिला रु. २,६६०/-
- विधवा रु. २,६६०/-
- पूर्ण अपांगता रु. ३,९९०/-
- अति अशक्त अपांगता रु. २,१२८/-
- लोपोन्मुख आदिवासी जनजाति रु. ३,९९०/-
- बालबालिका रु. ५३२/-

(देशभरका तोकिएका क्षेत्रका तथा दलित परिवारका एउटै आमाका दुईजना ५ वर्षमुनिका)

वर्षा रोकिए पनि किन बढ्दै छ, डेंगु ?

काठमाडौं उपत्यकामा मात्रै हप्तामा ७६४ जनामा संक्रमण, तनहुँ र कास्की बढी प्रभावित

नयाँ पत्रिका

विगतमा वर्षा रोकिएर चिसो बढ्न थालेसँगै स्वतः घट्ने डेंगु संक्रमणको अवस्था केही वर्षयता ठिक उल्टो देखिएको छ। गत वर्षजस्तै यसपालि पनि मनसुन बाहिरिएपछि डेंगु संक्रमण उकालो लाग्न थालेको छ।

यो वर्ष पानी पर्न छाडेपछि पनि देशभर चार हजार ३० जना डेंगुबाट प्रभावित भइसकेका छन्। पछिल्लो एक सातामा मात्रै एक हजार ९९७ जनामा संक्रमण देखिएको छ। गत वर्ष पनि अक्टोबरमा मात्रै १२ हजार ६९९ लाई डेंगु संक्रमण देखिएको थियो।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार हाल सबैभन्दा धेरै काठमाडौंमा तीन हजार १०३ संक्रमित पुगेका छन्। त्यस्तै, कास्कीमा दुई हजार ८४७, तनहुँमा दुई हजार १०७, पर्वतमा एक हजार ५६२ लाई संक्रमण भएको छ। चितवन, ललितपुर, गोरखा, बागलुङ, भक्तपुर र स्याङ्जामा पनि संक्रमण बढिरहेको छ।

पोस्ट मनसुन अर्थात् दसैँ-तिहारको समयमा लामखुट्टे हुर्कने वातावरण अनुकूल बन्दै जाने भएकाले संक्रमण बढिरहेको चिकित्सकहरू बताउँछन्। सामान्यतया वर्षा रोकिएपछि पनि खाल्डाखुल्डी, टायर, गमला वा यस्तै पानी जम्ने स्थानहरूमा

» पृष्ठ २ मा क्रमशः



डा. शेरबहादुर पुन
संक्रमण रोग विशेषज्ञ

विनारोकतोक लामखुट्टेको फुल हुर्कने वातावरण बन्ने भएकाले यो समयमा कुनै न कुनै ठाउँमा डेंगुको आउटब्रेक हुने गरेको छ। यो समयमा जमेको पानी तत्काल सुक्दैन र स्थिर रहन्छ। लामखुट्टे फुल पार्ने र वयस्क लामखुट्टे बन्ने समय पर्याप्त हुन्छ। काठमाडौंमा मात्रै नभई लामखुट्टे हुर्कने अनुकूल वातावरण भएका स्थानमा संक्रमण फैलिने जोखिम उच्च छ।

'हेक्का रहोस्, सरकार खरानीको डल्लो होइन, लगभग दुईतिहाइको हो'

टेकराज थामी/नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीले सरकार फेरिने चर्चा हल्ला मात्रै भएको भन्दै पूरा अवधि काम गर्ने दाबी गरेका छन्। बुधबार नेपाल प्रहरीको ६९औँ वार्षिकोत्सवमा ओलीले कांग्रेस र एमालेजस्ता ठुला पार्टी मिलेर बनेको दुईतिहाइको सरकार सजिलै फुट्ने खरानीको डल्लो नभएको बताएका हुन्।

'यस विषय (सरकार नढल्ने)मा सबैलाई ढुक्क रहन म आग्रह गर्छु। नेपालको राजनीति, अर्थतन्त्र परिवर्तनमा ठुलो योगदान दिने कांग्रेस र एमालेजस्ता पार्टी मिलेर अहिले सरकार चलाइरहेका छन्। सरकार लगभग दुईतिहाइको छ,' उनले भने, 'यसमा सबैको हेक्का रहोस्, यो खरानीको डल्लो होइन। कांग्रेस र एमाले जसको इतिहास मुलुकको विकास गर्नेसँग जोडिएको छ।'

ओलीले सहमतिअनुसार आफू अब एक वर्ष नौ महिना सरकारको नेतृत्वमा रहने र त्यसपछि कांग्रेस सभापति शेरबहादुर देउवालाई हस्तान्तरण गर्ने दोहोऱ्याए। ०८४ को चुनाव देउवाकै नेतृत्वमा हुने पनि बताए। 'अहिले दिनैपिच्छे सरकार परिवर्तनका कुरा सुनिन्छ। दसैँपछि तुरुन्तै सरकार परिवर्तन हुन्छ रे। तर, कुन दसैँमा भन्या हो ? ०८४ सालको दसैँपछिको चुनावमा ? त्यो त ठिकै हो,' उनले भने, 'एक वर्ष नौ महिनाजति होला म हुने। त्यसपछि शेरबहादुरजीलाई सत्ता हस्तान्तरण हुन्छ। मैले यस विषयमा पहिले नै भनिसकेको छु। त्यसो हुँदा

» पृष्ठ २ मा क्रमशः



नेपाल प्रहरीको ६९औँ वार्षिकोत्सवमा प्रधानमन्त्री केपी ओलीले भने–

अहिले दिनैपिच्छे सरकार परिवर्तनका कुरा सुनिन्छ। दसैँपछि तुरुन्तै सरकार परिवर्तन हुन्छ रे। तर, कुन दसैँमा भन्या हो ? ०८४ सालको दसैँपछिको चुनावमा ? त्यो त ठिकै हो। एक वर्ष नौ महिनाजति होला म हुने। त्यसपछि शेरबहादुरजीलाई सत्ता हस्तान्तरण हुन्छ। त्यसो हुँदा यो सरकार आफैँ फेरिन्छ। चुनाव शेरबहादुरजीको नेतृत्वमा हुन्छ। नेपालको राजनीति, अर्थतन्त्र परिवर्तनमा ठुलो योगदान दिने कांग्रेस र एमाले मिलेर अहिले सरकार चलाइरहेका छन्। सरकार लगभग दुईतिहाइको छ। यसमा सबैको हेक्का रहोस्। यो खरानीको डल्ला होइन।

रोशीका तीन संरचना उद्घाटनअघि नै बगायो बाढीले

काभ्रेको रोशी गाउँपालिकामा मात्रै असोज दोस्रो साताको बाढीपहिरोबाट १२ जनाको मृत्यु र ५२ घाइते

काभ्रेमा **इन्द्रबहादुर थापा**

गत १० देखि १३ असोजसम्म भएको अविरल वर्षाका कारण काभ्रेमा धेरै धनजनको क्षति भएको छ। बाढीबाट ७८ जनाले ज्यान गुमाए। सातजना बेपत्ता छन्। ८० जनाभन्दा बढी घाइते भए। पशुपन्छी र भौतिक संरचना क्षतिको यथार्थ विवरण अझै आइसकेको छैन।

बाढीपहिरोले रोशी गाउँपालिकामा निर्माण अन्तिम चरणमा पुगेको तीन संरचनाको उद्घाटनअगावै बगाएको छ। रोशी गाउँपालिका- १ मा अवस्थित १० शय्याको आधारभूत अस्पताल भवन, वडा नम्बर ११ मा अवस्थित डम्फु जीवन्त संग्रहालय र रोशी औद्योगिक ग्रामको प्रशासनिक भवन निर्माण सम्पन्न भएर पनि उद्घाटन हुन सकेन।

» पृष्ठ २ मा क्रमशः

■ १० शय्याको आधारभूत अस्पताल भवन



रोशी गाउँपालिका- १, खहरेपाँगुमा निर्माणाधीन १० शय्याको आधारभूत अस्पताल भवन। ६ करोड पाँच लाखमा अस्पताल निर्माणका लागि सम्झौता गरिएकोमा संघीय सरकारबाट तीन करोड ५० लाख मात्रै प्राप्त भएको थियो। संघीय सरकारबाट बजेट नआएपछि पुनः पुस मसान्तसम्म म्याद थप भएको थियो। निर्माणको अन्तिम चरणमा रहेको भवन रोशी खोलामा आएको बाढीपहिरोले उद्घाटनअगावै बगाएको छ।

■ औद्योगिक ग्रामको प्रशासनिक भवन



रोशी- ११ कालढुंगामा रहेको औद्योगिक ग्राम। करिब ७० रोपनी क्षेत्रफलमा औद्योगिक ग्राम तयार भएको थियो। औद्योगिक ग्राम निर्माणका लागि एक करोड २६ लाख रुपैयाँको टेन्डर आह्वान भएको थियो। संघीय सरकारको ७० प्रतिशत र स्थानीय तहको ३० प्रतिशत लगानीमा तयार भएको औद्योगिक ग्रामको उद्घाटनअगावै रोशी खोलामा आएको बाढीले जगैसमेत बगाएको छ।

■ डम्फु जीवन्त संग्रहालय



तामाङ जातिको रहनसहन, वेशभूषा, संस्कृति, रीतिरिवाज तथा तामाङ जातिको जनजीवनमा प्रयोग हुने सामग्री र तामाङ भाषाका पुस्तक रहने गरी रोशी- ११ कालढुंगामा 'डम्फु जीवन्त संग्रहालय पार्क' निर्माण भएको थियो। करिब ११ करोड लाग्ने भन्दै हालसम्म दुई करोड ६० लाख रुपैयाँ खर्चमा संग्रहालय भवन, पुस्तकालय भवन, पिकनिक स्थल, पार्किङ स्थल र बर्गैंचा निर्माण भएको थियो। सबै संरचना बाढीपहिरोले तहसनहस बनाएको छ।

प्रहरीकै मिलेमतोमा हनी ट्र्यापिङ

पक्राउ पुर्जी जारी भएपछि इन्स्पेक्टर शाही फरार



शाहीले नै लगिन् पक्राउ परेका आरोपी ताज इस्लामको मोबाइल र १० लाखको चेक

नयाँ पत्रिका

हनी ट्र्यापिङमा पारेर एक व्यवसायीलाई बलात्कार मुद्दामा फसाइदिने भन्दै ३० लाख असुलेको घटनामा पक्राउ पुर्जी जारी भएपछि इन्स्पेक्टर विनुकुमारी शाही फरार भएकी छिन्। ललितपुरको प्रहरी प्रभाग बुढमती (भैँसेपाटी)को प्रमुखमा कार्यरत रहँदा शाहीले गत ७ असोजमा एक व्यवसायीलाई पक्राउ गरी बलात्कार मुद्दामा फसाइदिने भन्दै ३०

» पृष्ठ २ मा क्रमशः

बाढीपहिरोपीडितलाई राहत र पुनर्निर्माणबारे निर्णय हुन्छ : प्रधानमन्त्री

नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीले बिहीबारको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद् र मन्त्रिपरिषद् बैठकबाट प्रारम्भिक राहत र अस्थायी आवास तथा पुल निर्माणबारे निर्णय हुने बताएका छन् । प्राकृतिक विपत्तिका कारण खोटाङमा भएको क्षति र पुनर्निर्माणबारे बुधबार प्रधानमन्त्रीनिवास बालुवाटारमा जिल्लाको सर्वदलीय प्रतिनिधिमण्डलबाट दिइएको ज्ञापनपत्र बुझ्दै उनले त्यस्तो बताएका हुन् ।

ओलीले बाढी र पहिरोका कारण काठमाडौं जोड्ने विभिन्न सडक अवरुद्ध बनेकामा सोचेभन्दा छिटो गतिमा काम गरेर अस्थायी रूपमा सडक सञ्चालनमा आएको जानकारी पनि गराए । हालैको बाढी, पहिरो र डुबानका कारण भएको क्षतिप्रति गम्भीर हुँदै सरकारले सुरक्षित एकीकृत बस्तीको योजनाका साथ तत्काल पुनर्निर्माण र पुनः व्यवस्थापनका काम अघि बढाइने उनको भनाइ थियो । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलसमेत सहभागी कार्यक्रममा प्रधानमन्त्री ओलीले सीमित बजेटका बाबजुद सकभर मागेरभन्दा आफ्नै बुत्तामा पुनर्निर्माण र पुनः व्यवस्थापनका कामहरू गर्नुपर्नेमा जोड दिँदै फलाम खानी खुल्ने क्रममा रहेकाले सञ्चालनमा आएपछि बेलिब्रिजलगायत फलामका कच्चा पदार्थ स्वदेशमै उत्पादन हुने बताए ।

टोलीले खोटाङलाई तराई हुँदै प्रदेशको राजधानी जोड्ने सुनकोशी नदीको एक मात्र मोटरेबल फोक्सिङटार पुल सञ्चालनमा आएको दुई वर्ष नपुग्दै बाढीले बगाएकाले जिल्ला नै प्राकृतिक नाकाबन्दीमा परेको प्रधानमन्त्री ओलीलाई अवगत गराएको छ । टोलीमा प्रतिनिधिसभा सदस्यहरू रामकुमार राई, सरस्वती बजिमय, पूर्वमन्त्री उषाकला राई, प्रदेश सांसदहरू, दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका प्रमुख तीर्थराज भट्टराईलगायत थिए ।

लेबनान र प्यालेस्टाइनमाथि इजरायलले गरेको युद्ध रोक्न माग


काठमाडौं/ प्रमुख प्रतिपक्षी दल माओवादीसहितका दल र नागरिक अगुवाले प्यालेस्टिनी र लेबनानी जनताको पक्षमा मत दिन सरकारलाई आग्रह गरेका छन् । उनीहरूले इजरायलले गरिरहेको आक्रमण रोक्न माग गरेका छन् । 'इजरायलले गरेको क्रूर र बर्बर युद्ध तुरुन्त बन्द गर्न माग गर्दछौं । इजरायलको यो बर्बरतापूर्ण हिंसाको विरुद्ध प्यालेस्टिनी र लेबनानी जनताको पक्षमा देशको मत अभिव्यक्त गर्न हामी नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छौं,' बुधबार जारी संयुक्त प्रेस वक्तव्यमा भनिएको छ ।

प्यालेस्टिनी र लेबनानी जनताको भूअखण्डता र सार्वभौम अधिकारको सम्मान गर्दै वक्तव्यमा न्यायपूर्ण आवाजप्रति ऐक्यबद्धता जनाइएको छ । प्यालेस्टाइन र लेबनानमा इजरायलले जारी राखेको आक्रमणको उनीहरूले निन्दासमेत गरेका छन् । इजरायलले गरिरहेको आक्रमण २१औं शताब्दीकै सबभन्दा ठूलो जातीय नरसंहार भएको उनीहरूको दाबी छ । 'यो घटनालाई २१औं शताब्दीकै सबैभन्दा ठूलो जातीय नरसंहार एवं जातीय सफाया भन्न सकिन्छ । हामी यस राज्य नियोजित हिंसाको घोर निन्दा एवं भर्त्सना गर्दछौं,' विज्ञप्तिमा भनिएको छ ।

वक्तव्यमा माओवादीमा महासचिव देव गुरुङ, एकीकृत समाजवादीमा महासचिव घनश्याम भुसाल, मसालका महामन्त्री मोहनविक्रम सिंह, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका अन्तर्राष्ट्रिय ब्युरो प्रमुख राजेश नेपाली, नेसपाका प्रवक्ता कृष्ण शर्मा, नेकपा बहुमतका कार्यालय सदस्य दीपक चलाउने, राष्ट्रिय क्रान्तिकारी मोर्चाका संयोजक लोकनारायण सुवेदी, प्रगतिशील रूपान्तरण आन्दोलनका संयोजक श्याम श्रेष्ठ, वामपन्थका प्रमुख सम्पादक डा. महेश मास्के, सामाजिक उत्तरदायित्वका लागि चिकित्सक नेपालका संयोजक डा. गणेश गुरुङ, पिपुल्स हेल्थ मुभमेन्टका संयोजक डा. शरद वन्त, बृहत् नागरिक आन्दोलनका डा. सञ्जीव उप्रेती, सामाजिक अनुसन्धानकर्ता मीना पौडेल, प्यालेस्टिनी सोलिडारिटी फोरम नेपालकी उषा तितिछु र प्रगतिशील रूपान्तरण आन्दोलन नेपालका सहसंयोजक ज्योतिलाल वनले हस्ताक्षर गरेका छन् ।

गौशाला धर्मशालाभित्रका अनधिकृत संरचना भत्काउन प्रहरीको असहयोग

संरचना भत्काउन गएको डोजर प्रहरी नियन्त्रणमा, जुनसुकै समयमा संरचना भत्काउने महानगरको चेतावनी



नयाँ पत्रिका

पशुपतिस्थित गौशाला धर्मशाला क्षेत्रमा रहेको अनधिकृत संरचना भत्काउन पुगेको काठमाडौं महानगरको डोजरलाई केहीबेर नियन्त्रणमा लिएर प्रहरीले फिर्ता गरेको छ । बुधबार दिउँसो प्रहरीले नियन्त्रणमा लिएको दुईवटा डोजर साँझ फिर्ता गरेको हो ।

प्रहरीले फिर्ता गरेको डोजर काठमाडौं महानगरपालिका-८ कार्यालयमा राखिएको महानगर प्रमुख बालेन्द्र साहका स्वकीय सचिव भूपदेव शाहले बताए । 'हामी नियमित कार्यक्रमअन्तर्गत अनधिकृत संरचना भत्काउन पुगेका थियौं । अरू दिन कहिल्यै पनि प्रहरी नदेखिने उक्त क्षेत्रमा डोजर पुनुअघि प्रहरीको टोली बसेको थियो,' शाहले भने, 'हाम्रो डोजर पुगेपछि त्यहाँ बसेका प्रहरीले डोजरमै बसेर हाम्रो डोजर लगे । यसको महानगर घोर भर्त्सना गर्छ ।'

उनका अनुसार महानगरले जुनसुकै समयमा त्यस क्षेत्रको अनधिकृत संरचना भत्काउनेछ । गौशाला धर्मशाला क्षेत्रभित्र केही संरचना नक्सा पास नगरी बनेकाले उक्त संरचना भत्काउन महानगरको डोजर उक्त क्षेत्रमा गएको थियो । महानगरका अनुसार पशुपति क्षेत्र विकास कोषको अनुरोधमा उक्त संरचना भत्काउन डोजर गएको थियो । गौशाला धर्मशाला क्षेत्रमा कति अनधिकृत संरचना छन् भन्नेबारे अझै यकिन हुन सकेको छैन । तर, शाहले भने नियमित कार्यक्रमअन्तर्गत डोजर गएको बताए । गौशाला धर्मशाला सञ्चालन, व्यवस्थापन गर्न महानगरपालिका र कोषबिच गत मंगलबार सहमति पत्रमा हस्ताक्षर भएपछि महानगर र मारवाडी सेवा समितिबिचको विवाद बढ्दै गर्दा केन्द्र सरकार पनि विवादभित्र पसेको छ ।

वर्षा रोकिए...

पृष्ठ १ बाट क्रमशः

लामो समयसम्म पानी स्थिर रहँदा लामखुट्टे हुर्कने वातावरण अनुकूल हुँदा संक्रमणसमेत बढ्ने गरेको चिकित्सकहरूले बताएका हुन् । 'विनारोकतोक लामखुट्टेको फुल हुर्कने वातावरण बन्ने भएकाले यो समयमा कुनै न कुनै ठाउँमा डेंगुको आउटब्रेक हुने गरेको छ । यो समयमा जमेको पानी तत्काल सुक्दैन र स्थिर रहन्छ । लामखुट्टेले फुल पार्ने र वयस्क लामखुट्टे बन्ने समय पर्याप्त हुन्छ,' संक्रमण रोग विशेषज्ञ डा. शेरबहादुर पुनले भने । काठमाडौंमा मात्रै नभई लामखुट्टे हुर्कने अनुकूल वातावरण भएका स्थानमा संक्रमण फैलिने जोखिम उच्च रहेको उनले बताए ।

केही व्यक्तिलाई सामान्य लक्षण देखिएपछि निको भए पनि बान्ता हुनु, पेट दुख्नु, गिजाबाट रगत आउनु र कमजोर हुँदै जानु डेंगुका जोखिमपूर्ण लक्षण रहेको डा. पुनले बताए । विभिन्न लक्षणसहित उपचारका लागि पुगेका र परीक्षण गराएकाबाहेक पनि धेरै व्यक्ति डेंगुबाट प्रभावित भएकाले सचेत रहन उनको आग्रह छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. यदुचन्द्र घिमिरेले संक्रमण बढ्नुले लामखुट्टे नियन्त्रण अझै प्रभावकारी हुन नसकेको भन्ने देखाएको स्विकारे । 'डेंगु संक्रमणबाट धेरै प्रभावित हुनुमा लामखुट्टे नियन्त्रणका काम कतिको भइरहेका छन् भन्नेमा निर्भर रहन्छ । अनुकूल वातावरण पाएमा एउटै लामखुट्टेले एकैपटकमा एक हजारभन्दा बढी फुल पार्न सक्ने र सोही दरमा संख्या बढ्ने भएकाले नियन्त्रणका लागि खोज र नष्ट गर्ने अभियान अझैसम्म सञ्चालनमा छ,' उनले भने ।

पछिल्लो समय झन् बढ्दै गएको डेंगु संक्रमणबाट काठमाडौं उपत्यकामा मात्रै एक हप्तामा ७६४ जना प्रभावित भएका छन् । यसमा पनि काठमाडौं जिल्लामा बढी छन् । काठमाडौंमा ५३६, ललितपुरमा १८१ र भक्तपुरमा ४७ जनामा डेंगु पुष्टि भएको छ ।

जनसंख्या बढी भएको काठमाडौंमा संक्रमण फैलिएको देखिए पनि तनहुँ र कास्की बढी प्रभावित भएको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. यदुचन्द्र घिमिरेले बताए । 'तनहुँ काठमाडौंको तुलनामा निकै कम जनसंख्या भएको जिल्ला हो । जनसंख्याको प्रतिशतका आधारमा हेर्दा तनहुँ र कास्की डेंगुबाट बढी प्रभावित भइरहेका छन् । यद्यपि, लक्षण लिएर अस्पताल पुगेकाहरूको मात्रै परीक्षण भइरहेकाले संक्रमणका कारण कहाँ कति प्रभावित छन् भन्ने यकिन तथ्यांक भने उपलब्ध छैन,' उनले भने ।

'हेक्का...

पृष्ठ १ बाट क्रमशः

आफैं फेरिन्छ यो सरकार । त्यसपछि शेरबहादुरजीले नेतृत्व गर्नुहुन्छ । चुनाव उहाँकै नेतृत्वमा हुन्छ । त्यसपछि चुनावबाट जो आउँछ, त्यसले सरकार बनाउँछ ।'

प्रधानमन्त्री ओलीले अलोकतान्त्रिक विधिबाट कुनै हालतमा सरकार परिवर्तन नहुने बताए । सभ्य र सुसंस्कृत समाजमा अलोकतान्त्रिक विधिबाट सरकार परिवर्तन हुन्छ भन्नु भ्रम मात्रै रहेको उनको दाबी छ । उनले भने, 'अलोकतान्त्रिक विधिबाट सरकार परिवर्तन गर्ने विषय आफैंमा अलोकतान्त्रिक हो । यस्ता विषय सभ्य र सुसंस्कृत समाजभित्र पर्दैनन् । यस्ता विषयमा कुनै प्रकारका भ्रममा नपर्न सबैमा आग्रह गर्छु ।'

दुई महिनामै...

पृष्ठ १ बाट क्रमशः

नवीकरणको समय थियो । नयाँ तथ्यांकअनुसार एक वर्षमा चार अर्ब ७१ करोड ८२ लाख ६१ हजार रुपैयाँ जोगिने विभागको हिसाबकिताब छ । जुन अघिल्लो आर्थिक वर्षमा नक्कली लाभग्राही खडा गरेर वा दोहोरो वितरण गरेर गोलमाल भएको आशंका गरिएको छ । एकैपटक ठुलो संख्यामा लाभग्राहीको नवीकरण नभएपछि विभागले यस विषयमा छानबिन थालेको छ । सामाजिक सुरक्षा भत्ताका लागि राष्ट्रिय परिचयपत्रसमेत खोज्न थालेपछि विगतमा नक्कली लाभग्राही तथा दोहोरो भत्ता बुझ्नेहरू हटेको हुन सक्ने विभागका अधिकारी बताउँछन् ।

विभागका अनुसार गत वर्षका ३८ लाख २९ हजार लाभग्राहीमध्ये दुई लाख २० हजार ५८८ जनाको मृत्युलगायतका कारणले लाभग्राहीको सूचीबाट लगतकट्टा भएको थियो । जुन घटाएर चालू आर्थिक वर्ष (०८१/८२)मा ३६ लाख आठ हजार ९३२ जनाले नवीकरण गर्ने विभागको विश्लेषण थियो । तर, नवीकरणको अवधि सकिँदा भदौ मसान्तसम्म ३३ लाख ७२ हजार ५०९ जनाले मात्र नवीकरण गरेका छन् ।

लगतकट्टा नभएका दुई लाख ३६ हजार ४२३ जनाले नवीकरण नगरेकाले उनीहरू फर्जी लाभग्राही हुन सक्ने आकलन विभागको छ । त्यस्तै, यो अवधिमा एक लाख २३ हजार ३९७ जना नयाँ लाभग्राही थपिएका छन् । नयाँसहित जम्मा लाभग्राहीको संख्या ३४ लाख ९५ हजार पुगेको हो ।

एक वर्षकै अवधिमा यसरी आश्चर्यजनक रूपमा लाभग्राही गायब भएपछि विभागले नवीकरण नगर्नेहरूको विवरण खोजेर छानबिन थालेको हो । विभागका महानिर्देशक युवराज कटेल सामाजिक सुरक्षा भत्तामा राष्ट्रिय परिचयपत्रको प्रयोग र इलेक्ट्रोनिक फन्ड ट्रान्सफर (इएफटी) प्रणालीको कार्यान्वयनका कारण लाभग्राहीको संख्या घटेको बताउँछन् । 'प्रणालीमा गरिएको सुधारका कारण पनि वास्तविक लाभग्राहीले मात्र सामाजिक सुरक्षा नवीकरण गरेको हुन सक्छ,' उनी भन्छन्, 'किन यसरी ठुलो संख्या घट्यो, विगतमा कसरी धेरै गयो भनेर हामी विस्तृत अध्ययन गर्दै छौं ।'

विभागले गत १ साउनदेखि २८ जिल्लामा सामाजिक सुरक्षा भत्ता नवीकरण गर्दा राष्ट्रिय परिचयपत्र नम्बर पनि लाभग्राहीको विवरणमा प्रविष्ट गर्न थालेको छ । सुरुमा अनिवार्य गर्ने निर्णय भए पनि यसले वृद्धवृद्धालाई समस्या हुन सक्ने भन्दै अनिवार्य गरिएको छैन । तर, नवीकरणको क्रममा परिचयपत्र नम्बर भएकाको उल्लेख गर्न थालिएको छ । यसबाट एकैजनाले दुई ठाउँबाट भत्ता लिएको पत्ता लाग्ने अवस्था छ ।

राष्ट्रिय परिचयपत्र प्रणाली लागू भएसँगै दोहोरो लिनेहरू सहजै पत्ता लाग्ने र यसबाट समस्या हुन सक्ने भयले डराएर धेरैले नवीकरण नगरेको हुन सक्नेसमेत विभागका अधिकारीको विश्लेषण छ ।

विगतमा स्थानीय तहहरूले उपलब्ध गराएको लाभग्राहीको विवरणको आधारमा बैंकहरूले सामाजिक सुरक्षा भत्ता खातामार्फत दिँदै आएका थिए । हाल कोष तथा लेखा नियन्त्रण कार्यालयले इलेक्ट्रोनिक फन्ड ट्रान्सफर (इएफटी) प्रणालीमार्फत सीधै लाभग्राहीको खातामा सामाजिक सुरक्षा भत्ता दिने गरेको छ । यसरी वितरण गर्दा पनि नवीकरण हुने संख्या घटेको विभागले जनाएको छ ।

इएफटी प्रणालीबाट लाभग्राहीको खातामा पैसा जम्मा गर्दा सम्बन्धित व्यक्ति नै उपस्थित भएर बैंकबाट निकाल्नुपर्ने हुन्छ । 'विगतमा एकै व्यक्तिले दुई ठाउँबाट भत्ता लिएको पनि हुन सक्छ,' महानिर्देशक कटेल भन्छन्, 'सामाजिक सुरक्षा भत्तामा राष्ट्रिय परिचयपत्र र इएफटीले लाभग्राहीको सूची शुद्धीकरण गरेको हाम्रो बुझाइ छ ।' २०७९ को साउनदेखि विभागले सुरु गरेको इएफटी गत असारदेखि सबै स्थानीय तहमा लागू छ । गत आर्थिक वर्षमा पनि इएफटी प्रणालीबाट धेरै नक्कली लाभग्राही हटेको हुन सक्ने विभागका अधिकारीको आकलन छ ।

अर्कोतर्फ पेन्सनपट्टा नवीकरणमा पनि राष्ट्रिय परिचयपत्र नम्बर खोज्न थालिएको छ । पेन्सनधारी व्यक्तिले सामाजिक सुरक्षा भत्ता लिन पाउँदैनन् । तर, यससम्बन्धी संयन्त्र नहुँदा धेरैले दोहोरो लिने गरेका थिए । पेन्सन लिने धेरैले यो वर्षदेखि सामाजिक सुरक्षा भत्ता नवीकरण नगरेको हुन सक्ने विभागका कर्मचारीको विश्लेषण छ । दुवै सेवाका लागि आगामी दिनमा राष्ट्रिय परिचयपत्र अनिवार्य गरी प्रणालीबाटै दोहोरोपन हटाउने विभागको तयारी छ ।

घट्नेभन्दा नयाँ संख्या थपिँदै जाने भएकाले हरेक वर्ष सामाजिक सुरक्षा भत्ताका लाभग्राहीको संख्या बढ्ने गर्दछ । तर, यो वर्ष लाभग्राहीको संख्या घटेकामा आफूहरूसमेत आश्चर्यमा परेको विभागका अधिकृत निर्मल शर्मा बताउँछन् । नवीकरण नगर्नेहरूको हिसाब गर्दा चार अर्ब ७१ करोड जोगिने देखिएको उनी बताउँछन् । हाल सामाजिक सुरक्षा भत्ताको दायित्व वार्षिक एक खर्ब नाघिसकेको छ । गत आर्थिक वर्षमा सामाजिक सुरक्षामा चार खर्ब १४ करोड रुपैयाँ खर्च भएको थियो । अधिकृत शर्मा भन्छन्, 'इएफटीका कारण गत आर्थिक वर्षमा करिब दुई अर्ब बचेको हाम्रो अनुमान छ ।' आर्थिक वर्ष ०७८/७९ बाट ०७९/८० मा ९६ अर्ब रुपैयाँबाट १३ अर्ब लागत खर्च बढेर एक खर्ब नौ अर्ब पुगेको थियो । ०८०/८१ मा पाँच अर्ब मात्र बढेर एक खर्ब १४ अर्ब पुगेको छ ।

बलियो प्रणाली नहुँदा नै विगतदेखि नै सामाजिक सुरक्षा भत्तामा हिनामिना हुँदै आएको छ । विभागले गत वर्ष गरेको छानबिनमा बैंक कर्मचारी र स्थानीय तहको मिलेमतोमा सामाजिक सुरक्षा भत्ता अनियमितता भएकोसमेत पत्ता लागेको थियो । रौतहटको गरुढालगायत स्थानीय तहमा मृत्यु भइसकेका तथा नक्कली लाभग्राहीको सूची बनाएर हिनामिना गरिएको खुलेपछि विभागले यससम्बन्धी विवरण अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएको थियो ।

विगतमा वडा कार्यालयबाट नगद नै सामाजिक सुरक्षा भत्ता वितरण हुँदा ठुलो अनियमितता भएको आरोपपछि बैंकिङ प्रणालीमार्फत वितरण थालिएको थियो । त्यसपछि पनि फर्जी लाभग्राही बनाएर अनियमितता भइरहेको विभागको प्रारम्भिक छानबिनले देखाएको छ । यस विषयमा विस्तृत छानबिनकै आवश्यकता देखिएको छ ।

६ वर्षमै तेब्बर भयो खर्च

सामाजिक सुरक्षा भत्तामा पछिल्लो ६ वर्षमा झन्डै तेब्बरले खर्च भएको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको विवरणअनुसार आर्थिक वर्ष ०७५/७६ मा ३९ अर्ब खर्च भएको थियो । आर्थिक वर्ष ०८०/८१ मा सामाजिक सुरक्षा भत्तामा एक खर्ब १४ अर्ब खर्च भएको छ । रकम र लाभग्राहीको संख्या वृद्धिसँगै लागत बढेको हो । तर, पछिल्ला वर्ष सरकारको राजस्व खुम्चदै जाँदा सामाजिक सुरक्षा भत्ताको खर्चले सरकारमाथि दबाब बढिरहेको छ । गत साता मात्र स्वास्थ्यमन्त्री प्रदीप पौडेलले १० वर्षपछि सरकारले सामाजिक सुरक्षा भत्ता दिन नसक्ने बताएका थिए ।

सामाजिक सुरक्षा भत्तामा **कुन वर्ष कति खर्च ?**

०७५/७६	३९ अर्ब
०७६/७७	६६ अर्ब
०७७/७८	६८ अर्ब
०७८/७९	९६ अर्ब
०७९/८०	१०९ अर्ब
०८०/८१	११४ अर्ब

सामाजिक सुरक्षाभत्तामध्ये वृद्धभत्ता लिने लाभग्राहीको संख्या ठूलो छ । विगतमा ७० वर्ष उमेर पुगेकाले वृद्धभत्ता पाउनेमा १ साउन ०७९ देखि ६८ वर्षमै वृद्धभत्ता दिन थालिएको थियो । जसले लाभग्राहीको संख्या एकैपटक बढाएको हो । त्यस्तै, १ साउन ०७८ देखि वृद्धभत्ता पाउने रकम ३३ प्रतिशतले वृद्धि गरिएको थियो । सोही कारण सामाजिक सुरक्षाको खर्च ६ वर्षको अवधिमै झन्डै तेब्बर भएको हो । आर्थिक वर्ष ०५१/५२ मा मासिक एक सय रुपैयाँबाट सामाजिक सुरक्षाभत्ता वितरणको सुरुवात भएको थियो ।

पक्राउ पुर्जी...

पृष्ठ १ बाट क्रमशः

लाख लेनदेन गरी छाडेकी थिइन् । उक्त घटनाबारे सूचना पाएपछि जिल्ला प्रहरी परिसर ललितपुरले छानबिन गर्दा मिलेमतो पुष्टि भएको थियो ।

घटनामा संलग्न गिरोहलाई सघाउने सहायक हवल्दार महेन्द्र हमाल पक्राउ परेको र इन्स्पेक्टर शाहीमाथि अनुसन्धान अघि बढेको ललितपुर प्रहरी प्रमुख एसएसपी शेखर खनाललेे बताए । डिएसपी नरहरि अधिकारी नेतृत्वको छानबिन समितिको प्रतिवेदनका आधारमा इन्स्पेक्टर शाहीमाथि समेत फौजदारी अभियोग अघि बढेको हो । घटनामा उनको मिलेमतोका प्रशस्त आधार भेटिएको स्रोत बताउँछ । कतिसम्म भने गिरोहका नाइके ताज इस्लामको मोबाइल नै उनले गायब बनाएकी छिन् । ताजसहित सुष्मा विक र भीमादेवी थापालाई प्रहरीले यसअघि नै पक्राउ गरी अनुसन्धान गरिरहेको छ ।

बलात्कार मुद्दामा फसाइदिने भन्दै थुनामा राखेर मिलापत्र गराएको सूचना पाएपछि ललितपुर परिसरले सबैलाई जिल्लामा ल्याउन भनेको थियो । लगत्तै इन्स्पेक्टर शाहीले ताजको मोबाइल र मिलापत्रमा दिइएको १० लाखको चेक आफूले लिएर गायब बनाएकी हुन् । यो विषय ताजले बयानमै उल्लेख गरेका छन् । आफूसँग मोबाइल मागेर लगेको र फिर्ता नगरेको उनले बताएका छन् । ताजको मोबाइलमा उनीहरूबिच पहिलेदेखि भएका कुराकानीका विवरण थिए । ताजको अन्य प्रहरी अधिकारीसँगको सम्पर्कसमेत बाहिर आउने भएपछि त्यसरी मोबाइल गायब बनाइएको स्रोत बताउँछ । ललितपुर प्रहरी स्रोतका अनुसार अर्की आरोपी सुष्मा विकको मोबाइलमा रहेका घटनासम्बन्धी प्रमाणसमेत उनले नै मेटाएकी छिन् ।

इन्स्पेक्टर शाहीले छानबिन समितिसमक्ष बयान दिनसमेत अस्वीकार गरेकी थिइन् । सुनसरीमा भएको भनिएको बलात्कारको घटनामा उनले भैंसेपाटीमा ल्याएर थुनामा राख्नुले नै पूर्वयोजनाअनुसार नै उनको मिलेमतो देखिएको छ । त्यसरी पक्राउ गरिएको र मिलापत्र गरिएकोबारे माथिल्लो कार्यालयलाई जानकारीसमेत दिइएको थिएन ।

उनकै चालकका रूपमा कार्यरत सहायक हवल्दार हमालले पक्राउ परेका व्यवसायीलाई खातामा पैसा हाल्न बैंकमा लिएर गएका थिए । साथै, मिलापत्रमा पनि उनीहरूले सहजीकरण गरेको छानबिनमा खुलेको छ । कुटपिट गरेको भनेर उजुरी हाल्न लगाए पनि त्यस विषयमा कुनै छलफल नगरी बलात्कार मुद्दामा जाहेरी दिने भन्दै तर्साएर ६० लाख मागिएको थियो । त्यसमध्ये २० लाख ती व्यापारीले खातामा डिपोजिट गरिदिएका थिए भने १० लाखको चेक दिएका थिए । ३० लाख नदिएसम्म इन्स्पेक्टर शाहीले ती व्यापारीको गाडीसमेत प्रहरी प्रभागमै राखेकी थिइन् । साथै, मिलापत्र गरिदिएबापत थप डेढ लाख रुपैयाँ लिएको बताए पनि उक्त पैसा भेटिएको छैन । घटनाको एक सातापछि इन्स्पेक्टर शाहीलाई निलम्बन गरिएको थियो ।

घटना संगठित प्रकृतिको देखिएकाले संगठित अपराधसम्बन्धी कसुरमा समेत अनुसन्धान गर्नेबारे प्रहरीले छलफल गरिरहेको छ । हाल आपराधिक लाभ मुद्दामा अनुसन्धान भइरहेको छ ।

एसपी पनि छानबिनमा

हनी ट्र्यापिङमा फसाउने गिरोहसँग नेपाल प्रहरीकै एसपी कमल थापाको पनि शंकास्पद भूमिका देखिएको छ । उनीमाथि छुट्टै समितिमार्फत छानबिन गर्न सिफारिस भएको छ । घटनाको दिन मुख्य आरोपी ताज र एसपी थापाबिच एयरपोर्टको एक रेस्टुरेन्टमा भेट भएको थियो । साथै ताज र इन्स्पेक्टर शाहीबिच समेत उनले नै चिनजान गराइदिएर ती व्यापारीलाई थुन्न लगाएको छानबिनमा खुलेको छ । ताजको मोबाइल नै गायब बनाइएकाले एसपीसँगको उनको सम्बन्धबारे विस्तृत खुल्न सकेको छैन । एसपी थापा सुनसरीको प्रहरी प्रमुखका रूपमा हुँदा ताजसँग नजिकिएका थिए ।

सोही समूहको हनी ट्र्यापिङको अर्को घटनामा पनि छानबिन भइरहेको छ । गत जेठमा ताजनिकट एक युवतीले ठेकेदार विदुर शर्माविरुद्ध समेत दरबारमार्ग वृत्तमा जाहेरी दिएकी थिइन् । पछि १६ लाख लेनदेन गरी जाहेरी फिर्ता गराउन लागिएको खुलेको छ । दोलखाका गणेश उप्रेतीको योजनामा त्यसरी शर्मालाई हनी ट्र्यापिङमा फसाइएको पुष्टि भइसकेको छ । यसमा पनि एसपी थापाको भूमिकामाथि प्रहरी प्रधान कार्यालयले छानबिन थालेको छ । एसपी थापा हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत छन् ।

रोशीका...

पृष्ठ १ बाट क्रमशः

संघीय सरकारले अघि सारेको 'एक स्थानीय तह एक आधारभूत अस्पताल'अन्तर्गत रोशी- १ मा आधारभूत अस्पताल भवन निर्माण भएको थियो । खहरेपाँगुमा निर्माणाधीन दश शय्याको अस्पताल निर्माणको काम करिब अन्तिम चरणमा थियो । ०८१ जेठ मसान्तभित्र अस्पताल निर्माण सम्पन्न गर्न १३ चैत ०७७ मा सगुन धुलिखेल जेभीसँग सम्झौता गरिएको थियो । संघीय सरकारबाट बजेट नआएपछि पुनः पुस मसान्तसम्म म्याद थप भएको थियो । ६ करोड पाँच लाख रुपैयाँमा अस्पताल निर्माणका लागि सम्झौता गरिएकोमा संघीय सरकारबाट तीन करोड ५० लाख रुपैयाँ मात्रै प्राप्त भएको थियो ।

बाढीपहिरोले रोशी- ११ कालढुंगामा रहेको औद्योगिक ग्राम र डम्फु जीवन्त संग्रहालयसहितको पार्क बगाएको छ । तामाङ जातिको रहनसहन, वेशभूषा, संस्कृति, रीतिरिवाज तथा तामाङ जातिको जनजीवनमा प्रयोग हुने सामग्री र तामाङ भाषाका पुस्तक रहने गरी 'डम्फू जीवन्त संग्रहालय पार्क' निर्माण भएको थियो । पार्क निर्माणको काम अन्तिम चरणमा पुगेको थियो । संग्रहालय निर्माण गर्न करिब ११ करोड रुपैयाँ लाग्ने भन्दै हालसम्म दुई करोड ६० लाख रुपैयाँ खर्च भइसकेको र चालू आर्थिक वर्षमा संग्रहालय र पुस्तकालय भवन निर्माण गर्न संघीय सरकारको तीन करोड र गाउँपालिकाले २५ लाख रुपैयाँ विनियोजन गरेका थिए । प्राकृतिक विपत्बाट हुन सक्ने क्षतिलाई मध्यनजर गर्दै नौ डायमिटरको डम्फु निर्माण भएको थियो । संग्रहालय भवन, पुस्तकालय भवन, पिकनिक स्थल, पार्किङ स्थल र बर्गैंचा निर्माण भएको थियो । सबै संरचना बाढीपहिरोले तहसनहस बनाएको छ ।

साना उद्योगलाई प्रवर्द्धन गर्ने लक्ष्यसहित संघीय सरकारले सुरु गरेको औद्योगिक ग्राम निर्माणका लागि काभ्रेका पाँचखाल, धुलिखेल र रोशी छनोट भएको थियो । सोहीअनुसार रोशी गाउँपालिका-११ कालढुंगामा औद्योगिक ग्रामको प्रशासनिक भवनसहितको संरचना निर्माण भएको थियो । करिब ७० रोपनी क्षेत्रफलमा औद्योगिक ग्राम तयार भएको थियो । औद्योगिक ग्राम निर्माणका लागि एक करोड २६ लाख रुपैयाँको टेन्डर आह्वान भएको थियो । संघीय सरकारको ७० प्रतिशत र स्थानीय तहको ३० प्रतिशत लगानीमा तयार भएको औद्योगिक ग्रामको उद्घाटनअगावै रोशी खोलामा आएको बाढीले जगैसमेत बगाएको छ । ग्राम सञ्चालनपछि डेरी, मह, चियाकफी प्रशोधन, जडीबुटी प्रशोधन, काठ तथा बेतबाँसको फर्निचर, स्थानीयको मागमा आधारित रहेर उद्योगहरू सञ्चालन हुने आशा थियो । स्थानीयको सबै आशा र विश्वासमा ठेस लागेको छ । रोशी गाउँपालिकामा मात्रै १२ जनाको मृत्यु र ५२ जना घाइते भएका छन् ।

वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको
अनलाईन बोलपत्र (ई-टेण्डर) आव्हानको सूचना

(सूचना प्रकाशित मिति : २०८१/०७/०१)

यस प्रतिष्ठानलाई आवश्यक तपसिलमा उल्लेखित सामाग्रीहरू अनलाईन बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म, संस्था तथा कम्पनी बाट अद्यावधिक फर्म दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, आ.व. ०७९/०८० को करचुक्ता प्रमाणपत्र, कम्पनीहरूले कम्पनी दर्ता गर्दाका बखत कम्पनी ऐन, २०६३ को दफा ४६ को उपदफा (१) अनुसार तयार गरिएको शेयरधनी र डिबेञ्चरवालाको दर्ता किताबको प्रमाणित प्रतिलिपि, घोषणा पत्र, बोलपत्र दस्तुर र बैंक जमानी पत्र (बिड बण्ड) को स्क्यान प्रतिहरू सहित अनलाईन बोलपत्र (e-tender) आव्हान गरिएको छ । अनलाईन बोलपत्र सम्बन्धी बिस्तृत सूचना, ठेक्का पट्टाका शर्तहरू, फाराम भर्ने तरिका आदि बारे सम्पूर्ण कागजातहरू (Bid Document) सार्वजनिक खरिद अनुगमन कार्यालयको बोलपत्र सम्बन्धी वेबसाइट www.bolpatra.gov.np/egp मा राखिएको छ । सोही सूचना, शर्त आदिको आधारमा अनलाईन ई-बोलपत्र मिति २०८१/०८/०२ गते (तदनुसार नोभेम्बर १७, २०२४) दिउंसो १२:०० बजे भित्र पेश गर्न सुचित गरिन्छ । ई-बोलपत्र खोल्ने मिति र समय २०८१/०८/०२ दिउसो १४:०० बजे ।

सि.नं.	बोलपत्रको विवरण	फारम दस्तुर	बिडबण्ड रकम
1	Primary Antibody Pathology (IFB No.: BPKIHS/081/082/20)	रु. ३,०००/-	रु. ५१,०००/-

संसद् खुल्नासाथ संघीय प्रहरी र सशस्त्र प्रहरी ऐनसम्बन्धी विधेयक पेस गरिने



● **केपी ओली,** प्रधानमन्त्री

कानुनमा सुधार गर्नुपर्ने कतिपय विषय मन्त्रिपरिषद् बैठकले पास गरिसकेको छ। अहिले सदन नखुलेकाले पारित हुन सकेको छैन। संसद् खुल्नासाथ विधेयक संसद्मा पेस हुनेछ। पारित भएपछि कार्यान्वयनमा लगिनेछ।



टेकराज थामी/नयाँ पत्रिका

सरकारले संघीय प्रहरी ऐनको विधेयक संसद् अधिवेशन सुरु हुनासाथ पेस गर्ने तयारी गरेको छ। सशस्त्र प्रहरी ऐनको विधेयक पनि सँगै पेस हुनेछ। गृह मन्त्रालयका अनुसार नेपाल प्रहरी र सशस्त्र प्रहरीसँग सम्बन्धित दुवै विधेयक कानुन, न्याय तथा संसदीय मामिला र अर्थ मन्त्रालयबाट पास भइसकेको छ। दुवै विधेयकमा आवश्यक राय लिन गृहले लोकसेवा आयोगमा पठाएको छ। आयोगबाट पास हुनासाथ गृहले विधेयकलाई मन्त्रिपरिषद् बैठकमा पेस गर्नेछ। मन्त्रिपरिषद्बाट पास भएलगत्तै विधेयक संसद्मा प्रस्तुत हुनेछ। संसद्बाट पारित हुनासाथ ऐन कार्यान्वयनमा जानेछ। नेपाल प्रहरी र सशस्त्र प्रहरीसँग सम्बन्धित दुवै विधेयकलाई लिएर मन्त्रिपरिषद् बैठकमा दफावार छलफल सम्पन्न भइसकेका छन्।

प्रधानमन्त्री केपी ओलीले प्रहरीसँग सम्बन्धित विधेयक संसद् खुल्नासाथ पेस हुने बताएका छन्। नेपाल प्रहरीको ६९औँ वार्षिकोत्सवमा बुधबार ओलीले भने, 'कानुनमा सुधार गर्नुपर्ने कतिपय विषय मन्त्रिपरिषद् बैठकले पास गरिसकेको छ। अहिले सदन नखुलेकाले पारित हुन सकेको छैन। संसद् खुल्नासाथ विधेयक संसद्मा पेस हुनेछ। पारित भएपछि कार्यान्वयनमा लगिनेछ।'

लोकसेवा आयोगमा पठाउनुअघि विधेयकका सम्बन्धमा मन्त्रिपरिषद् बैठकमा दफाबार छलफल भएको थियो। केही विषयमा अझै परामर्श गरिनुपर्ने देखिएपछि दुवै विधेयक आयोग पठाइएको हो। आयोगको सुझावलगत्तै विधेयक संसद्मा पेस हुने गृहमन्त्री रमेश लेखकले जानकारी दिए। 'नेपाल प्रहरीसँग सम्बन्धित संघीय प्रहरी ऐन र सशस्त्र प्रहरी ऐनको विधेयक तयार भइसकेको छ। सदन खुल्नासाथ यसलाई पारित गर्न संसद्मा पेस गरिनेछ। त्यसलगत्तै यो कार्यान्वयनमा जानेछ। सरकार यसको व्यापक तयारीमा जुटेको छ,' नेपाल प्रहरीको ६९औँ वार्षिकोत्सव कार्यक्रममा लेखकले भने।

गृह मन्त्रालयका अनुसार दुवै विधेयकमा नेपाल प्रहरी र सशस्त्र प्रहरीमा कायम ३० वर्षे सेवावधि हटाइएको छ। दुवै संगठनको प्रमुख (प्रहरी महानिरीक्षक)को उमेर अवधि दुई वर्ष थपेर ६० वर्ष कायम गरिएको छ। नेपाल प्रहरी र सशस्त्र प्रहरीमा ३० वर्षे सेवावधि तीन चरणमा हटाइनेछ। ऐन कार्यान्वयन हुँदाको बखत ३० वर्षे सेवावधिका कारण अवकाशको सम्मुखमा रहेका प्रहरी कर्मचारीका लागि पहिलो चरणमा ६ महिना सेवावधि थप हुनेछ। दोस्रो चरणमा एक वर्ष र तेस्रो चरणमा एक वर्ष ६ महिना सेवावधि थप हुनेछ। त्यसपछि ऐन पूर्ण तवरले कार्यान्वयनमा आउनेछ। बढुवा र अवकाशको सम्मुखमा रहेका कुनै पनि प्रहरी कर्मचारीलाई मर्का नपर्ने गरी तरिका अपनाइएको गृहले जनाएको छ।

संगठन प्रमुख आइजिपीको उमेरहद दुई वर्ष थपेर ६० वर्ष कायम गरिएको छ भने पदावधि तीन वर्ष राखिएको छ। हाल आइजिपीको उमेरहद ५८ वर्ष छ भने पदावधि चार वर्ष छ। त्यस्तै, एआइजी र डिआइजीको उमेरहद ५९ वर्ष कायम गरिएको छ। हालको मस्यौदामा दुवैको ५६ वर्ष राखिएको छ। त्यस्तै, उनीहरूको सेवावधि क्रमशः चार र पाँच वर्ष तोकिएको छ, जुन हाल दुवैको पाँच वर्ष छ।

एसएसपी ५८ वर्षमा अवकाशमा जानेछन् भने पदावधि आठ वर्ष राखिएको छ। चालू ऐनअनुसार एसएसपीको उमेरहद ५५ वर्ष छ भने पदावधि ६ वर्ष मात्रै छ। त्यसबाहेकका पदमा भने अवकाशको पदावधि तोकिएको छैन। तर, उनीहरू उमेरहदका कारण अनिवार्य अवकाशमा जानेछन्। अर्थ मन्त्रालयबाट स्वीकृत मस्यौदाअनुसार एसपी र डिएसपी समान ५८, इन्स्पेक्टर ५७, सइ र असइ ५४, जवान ५१ र कार्यालय सहयोगी ५५ वर्षमा अवकाशमा जानेछन्। हाल मौजुदा ऐनमा एसपीको ५५, डिएसपीको ५४, इन्स्पेक्टरको ५३, सइको ५२, असइको ५१, जवानको ४८ र कार्यालय सहयोगीको ५५ वर्ष उमेरहद कायम गरिएको छ।

दुवै प्रहरीमा जवान, सइ र इन्स्पेक्टर गरी तीन तहमार्फत कर्मचारी भर्ना लिइनेछ। जवान पदको भर्ना शतप्रतिशत खुला प्रतिस्पर्धाबाट हुनेछ भने इन्स्पेक्टरको ६०/४० को अनुपातबाट लिइनेछ। अर्थात् उक्त पदमा ६० प्रतिशत कर्मचारी खुला र ४० प्रतिशत आन्तरिक प्रतिस्पर्धाबाट पूर्ति गरिनेछ। त्यस्तै, सइको भर्ना भने ५१/४९ को अनुपातमा लिइनेछ। अर्थात् सइ पदको पूर्ति ५१ प्रतिशत खुला प्रतिस्पर्धा र ४९ प्रतिशत आन्तरिक प्रतिस्पर्धाबाट हुनेछ। स्वीकृत मस्यौदाअनुसार प्रदेश प्रहरीको कमान्ड डिआइजीले गर्नेछ। डिआइजीले मातहतका कार्यालयको रिपोर्टिङ सीधै आइजिपीलाई गर्नेछ। आइजिपीले गृहसचिव हुँदै गृहमन्त्रीलाई गर्नेछन्। प्रदेश डिआइजीले शान्तिसुरक्षा कायम गर्ने सन्दर्भमा सम्बन्धित प्रदेशस्थित आन्तरिक मामिला तथा कानुनमन्त्रीसँग नियमित समन्वय गर्नेछ।

'मास्टर्स इन पुलिस साइन्स' अध्ययन नगरे डिआइजीभन्दा माथिल्लो पदमा बढुवा हुन नसक्ने

नयाँ ऐनको मस्यौदाअनुसार नेपाल प्रहरीमा अधिकृत तहका प्रहरी कर्मचारीले एमपिएस (मास्टर्स इन पुलिस साइन्स) अध्ययन अनिवार्य रूपमा गर्नुपर्नेछ। एमपिएस पास नगरेका प्रहरी अधिकृत डिआइजीभन्दा माथिल्लो पदमा बढुवा हुन नसक्ने व्यवस्था राखिएको छ। एमपिएस परीक्षाका लागि प्रत्येक अधिकृतलाई तीनपटकसम्म सहभागी हुने मौका दिइनेछ। तीनपटकमा पनि पास नगर्ने अधिकृत एसएसपीबाटै अनिवार्य अवकाशमा जानेछन्। एमपिएस परीक्षा ०७० यता भर्ना भएका अधिकृतका लागि अनिवार्य रूपमा लागू हुनेछ। नाम निकालेको आठ वर्षपछि मात्रै इन्स्पेक्टरले एमपिएस अध्ययन गर्न सक्नेछन्। सुरुको चरणमा सिनियर इन्स्पेक्टर र जुनियर डिएसपीलाई एमपिएस परीक्षामा सहभागी गराइनेछ।

०१२ को ऐन देखाएर प्रहरी समायोजन गरिएन : मुख्यमन्त्री पाण्डे



कास्की/ गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले ०१२ को ऐन देखाएर प्रहरी समायोजना नगरिएको बताएका छन्। ६९औँ प्रहरी दिवसअन्तर्गत गण्डकी प्रदेश प्रहरी कार्यालयले बुधबार आयोजना गरेको कार्यक्रममा उनले संवैधानिक व्यवस्थासँगै संघीयताको भावनाअनुसार प्रहरी समायोजन नहुँदा प्रदेश सरकारको काम प्रभावित बनेको बताए। 'संवैधानिक व्यवस्थाअनुसार प्रदेशस्तरमा प्रहरी समायोजन भइसक्नुपर्थ्यो, अहिले पनि ०१२ को ऐन देखाएर समायोजना गरिएको छैन,' पाण्डेले भने, 'सुरक्षाकर्मीलाई साधन स्रोत सम्पन्न बनाउन, आधुनिक प्रविधिसँग दक्ष बनाउन राज्यले अहिले भइरहेको भन्दा लगानी बढाउनुपर्ने आवश्यकता छ। त्यसका लागि प्रहरी समायोजन एउटा महत्त्वपूर्ण पाटो हो।'

प्रहरी समायोजन नगर्ने हो भने विकल्प दिनुपर्छ : मुख्यमन्त्री शाह



धनगढी/ सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले नेपाल प्रहरीलाई प्रदेशमा समायोजन गर्न वा त्यसको विकल्प दिन संघीय सरकारलाई आग्रह गरेका छन्। ६९औँ प्रहरी दिवसका अवसरमा प्रदेश प्रहरी कार्यालयले धनगढीमा गरेको कार्यक्रममा उनले प्रहरीको समायोजनबारे संघीय सरकारले जवाफ दिनुपर्ने बताए। 'प्रहरी समायोजन हुन्छ/हुँदैन यसको जवाफ संघीय सरकार र संघीय नेतृत्वले दिनुपर्छ,' शाहले भने, 'हुने हो भने समयमा समायोजनको प्रक्रिया अगाडि बढाउनुपर्दछ। हुँदैन भने यसको विकल्पका रूपमा के गर्नुपर्छ संघीय सरकारले सोच्नु जरुरी छ।' संघीय सरकारले कतिपय ऐन-कानुन नबनाउँदा प्रदेशले काम गर्न नपाएको गुनासो उनले गरे। अधिकार नदिने हो भने प्रदेश संरचनालाई बलियो बनाउन नसकिने मुख्यमन्त्री शाहले बताए। 'हामी संघीयतामा गइसक्यौँ, संघीयतामा जाँदा पनि प्रदेशले पाउने अधिकार, संघले बनाउने ऐन, कानुन नबनिएका कारण प्रदेश सरकारले धेरै कुरा अगाडि बढाउन सकेको छैन,' उनले भने, 'यसैभित्र प्रहरी समायोजन पनि प्रमुख पर्दछ।' मुलुक संघीय संरचनामा गएको करिब सात वर्षसम्म पनि सरकारले ऐन नबनाउँदा प्रदेशमातहत प्रहरी छैन। प्रदेशहरूले प्रदेशमातहत प्रहरी समायोजन गर्न माग गर्दै आएका छन्।

■ डडेल्धुरामा बस दुर्घटना

अस्पतालबाट फर्किँदै गरेका एकै परिवारका तीनसहित पाँचजनाको मृत्यु

बैतडीमा **लोकेश साउद**

फूलपातीका दिन गाउँमा दसैँको चहलपहल थियो। तर, सुत्केरी हुने दिन नजिक आएपछि पुर्चौंडी नगरपालिका- ३ तोलीगाउँका २२ वर्षीय सहदेव बोहरा श्रीमतीलाई राम्रो अस्पताल लग्ने भन्दै २४ असोजमा धनगढी हिँडेका थिए। धनगढीको सेती अस्पतालमा सहदेवकी २१ वर्षीया श्रीमती कमलाले २८ असोजमा नवजात शिशुको जन्म दिइन्।

अघिल्लो दिन जन्मेको शिशुलाई बोकेर बोहरादम्पती मंगलबार धनगढीबाट बैतडी, पुर्चौंडीका लागि हिँडे। छोरो जन्मिएको खबर घरमा पठाएर खुसियाली मनाउन फर्किएका उनीहरू घर नपुग्दै राति दुर्घटनामा परेर अस्ताए। दुर्घटनामा दुईदिने नवजात शिशु र सुत्केरी स्याहार्न साथमै हिँडेकी कमलाकी ४५ वर्षीया आमा जैमती बोहराको पनि मृत्यु भयो। छोरीको घर नजिकै रहेकाले गर्भवती अवस्थामा सधैँ स्याहार गर्ने जैमतीले छोरीज्वाइँसँगै संसार छाडिन्।

बोहराको घरबाट चार घण्टा पैदल हिँडेर बस भेटिने ठाउँ पुर्चौंडी नगरपालिकाको केन्द्र हाँट पुगिन्छ। त्यहाँबाट आठ-नौ घण्टाको यात्रापछि उनीहरू कैलालीको सेती प्रादेशिक अस्पताल पुगेका थिए। फर्किने वेला बस दुर्घटनामा परेर एकै घरका चारजनाको मृत्यु भएपछि पुर्चौंडी नगरपालिका- ३ तोलीगाउँ शोकमा डुबेको वडाध्यक्ष खगेन्द्र बोहराले बताए। दुर्घटनामा मृत्यु भएका बोहरा भारतको बैंलोर गएर घर खर्च जुटाउँथे। उनले दुई वर्षअघि बिहे गरेर श्रीमतीलाई पनि साथमै लगेका थिए। श्रीमती गर्भवती भएपछि चार महिनाअघि उनी घर फर्किएको वडाध्यक्ष बोहराले बताए।



सहदेव बोहरा कमला बोहरा

'गाउँमा नयाँ घर बनाउने भन्दै एक तला उठाएको थियो,' उनले भने, 'नयाँ घरमा सन्तान हुर्काउने भन्थ्यो, घर नपुग्दै दुर्घटनामा परेछ।' मृतक बोहराका आमाबुबा छैनन् भने परिवारमा दुईजना दाजु छन्। पोस्टमार्टम गरेर डडेल्धुरा अस्पतालमा राखिएको शव बुझ्न दाजु करन बोहरालगायत आफन्तहरू बुधबार दिउँसो डडेल्धुरा अस्पताल पुगेका छन्। मंगलबार बेलुका घर फर्किने भन्दै फोनमा कुरा गरेका भाइको राति दुर्घटनामा परेर मृत्यु भएको खबर सुनेपछि पुर्चौंडीबाट डडेल्धुरा आएको करनले बताए। 'आफ्नो ससुरालाई फोन गरेर घर फर्किन लागेको खबर पठाएको थियो, घर नपुग्दै पत्याउनै नसकिने दुर्घटना भएछ,' उनले भने।

मंगलबार राति अमरगढी नगरपालिका- ८ खम्नेखानमा पवनदूत यातायातको ना.८ख १०७८ नम्बरको रात्रिबस दुर्घटना हुँदा बोहरा परिवारका चारजनासहित पाँचजनाको मृत्यु भएको थियो। मृत्यु हुनेमा पुर्चौंडी नगरपालिका- १० की ६० वर्षीया गोवडी महरा छन्। उनको शव बुधबार बिहान ११ बजे घटनास्थलमा फेला परेको जिल्ला प्रहरी कार्यालय डडेल्धुराका सूचना अधिकारी प्रहरी निरीक्षक उपेन्द्रबहादुर बमले बताए। दुर्घटनाग्रस्त गाडीको छततिरको भग रुखमा अड्किएको र त्यसैमा शव फेला परेको उनले जानकारी दिए। दुर्घटनाग्रस्त बस कञ्चनपुरको महेन्द्रनगरबाट बैतडीको पुर्चौंडीका लागि आउँदै थियो। डडेल्धुरा प्रहरीका अनुसार बस सडकबाट करिब तीन सय मिटर तल खसेको छ। दुर्घटनामा चालकसहित अन्य १२ जना रहेको र उनीहरूको थप उपचारका लागि डडेल्धुराबाट धनगढी पठाइएको डडेल्धुराका प्रहरी नायब उपरीक्षक सुगन्ध श्रेष्ठले बताए। घाइतेमध्ये दुईजनाको अवस्था गम्भीर रहेको उनको भनाइ छ। दुर्घटनाको कारण अझै खुलिनसकेको प्रहरीले जनाएको छ। 'ब्रेक फेला वा चालक निदाएको हुन सक्ने भनिएको छ, चालकको मापसे पनि गर्दै छौँ,' डिएसपी श्रेष्ठले भने।

अख्तियारले हेरेका मुद्दा निश्चित समयभित्र टुंग्याउनुपर्नेमा दलहरू एकमत

संसदीय समितिमा भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक र अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयकमाथि दफावार छलफल जारी

कमलराज भट्ट/नयाँ पत्रिका

संसद्मा प्रतिनिधित्व गर्ने दलहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हेरेका मुद्दा निश्चित समयभित्र टुंग्याउनुपर्ने निष्कर्षमा पुगेका छन्। छलफलका क्रममा तीन वर्ष तोक्ने प्रस्ताव आएको छ। तर, सांसदहरू समयको ठोस निष्कर्षमा अझै पुगेका छैनन्।

समिति सभापति रामहरि खतिवडाका अनुसार यसका लागि विधेयकमै अख्तियारमा मुद्दा प्रवेश गरेपछि टुंग्याउने हदम्याद तोक्न समितिका सदस्यहरू तयार छन्। राष्ट्रिय सभामा उत्पत्ति भएको भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक र अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयकमा दफावार छलफल गरिरहेको प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा दफावार छलफल जारी छ।

भ्रष्टाचार निवारण र अख्तियार आयोगसम्बन्धी विधेयक ६ माघ ०७६ मा राष्ट्रिय सभामा दर्ता भएको थियो। २७ चैत ०७९ मा राष्ट्रिय सभाले पारित गरेर सन्देशसहित प्रतिनिधिसभामा पठाएको थियो। प्रतिनिधिसभाले १५ वैशाखमा दुवै विधेयक राज्य व्यवस्था समितिमा पठाएको थियो। समितिले केही बैठकमा सैद्धान्तिक छलफल गरेर विधेयकमा रहेका जटिल विषयमा सहमति जुटाउन २७ भदौमा हृदयराम थानीको संयोजकत्वमा १० सदस्यीय उपसमिति गठन गरेको थियो। उपसमितिमा सरिता प्रसाईं, रघुजी पन्त, हितराज पाण्डे, चन्दा कार्की (भण्डारी), बुद्धिमान तामाङ, राजेन्द्र पाण्डे, अशोक राई, प्रकाश अधिकारी, सर्वेन्द्रनाथ शुक्ल सदस्य छन्।

उपसमितिले अख्तियारमा मुद्दा प्रवेश गरेपछि अनुसन्धान गरेर टुंग्याउने हदम्याद तोक्ने निष्कर्ष निकालेको संयोजक थानीले बताए। उपसमितिले गृहमन्त्री रमेश लेखक, मन्त्रिपरिषद्, अर्थ, कानुन मन्त्रालय, अख्तियार, महान्यायाधिवक्ता, प्रहरी, सम्पत्ति शुद्धीकरण, सतर्कता केन्द्रका पदाधिकारी तथा पूर्वपदाधिकारी, सम्बन्धित विज्ञसँग छलफल गरेर अख्तियारमा वर्षौंसम्म मुद्दा थाती रहने प्रवृत्ति अन्त्य गर्न उजुरीको अनुसन्धान टुंग्याएर मुद्दा दायर गर्ने हदम्याद तोक्ने निष्कर्षमा पुगेको हो।


'अख्तियारमा मुद्दा वर्षौंसम्म अल्झिने प्रवृत्ति विकराल छ। यसमा समयसीमा तोक्ने कुरा आएको छ। एकपटक अख्तियारसँग बसेर समयसीमा कसरी तोक्ने, फेरि मुद्दा कोही थोरै समय लाग्ने, कोही लामो समय लाग्ने हुन्छ। अनुसन्धान गर्न समय लाग्छ। देशमा मात्रै होइन विदेशमा पनि अनुसन्धान गर्नुपर्ने हुन्छ। यो प्रक्रियामा कति समय लाग्छ, के असर पर्छ भनेर टुंगोमा पुगेका छैनौँ,' संयोजक थानीले भने। कानुनमा समयसीमा तोकेर लेख्न सहमति भएको तर कसरी जाने भनेर निष्कर्षमा नपुगिएको उनको भनाइ छ।

थानीका अनुसार समितिले यसअघि भ्रष्टाचार मुद्दामा पाँचवर्षे हदम्याद राख्ने प्रस्ताव हटाइसकेको छ। समिति सदस्य बुद्धिमान तामाङले अख्तियारमा परेका मुद्दा टुंग्याउन समयसीमा तोक्ने सहमति भएको बताए। कति तोक्ने भन्ने छलफलमै रहेको र मापदण्डको खाका ल्याउन सम्बन्धित निकायलाई भनिएको उनले बताए।

मुद्दा जहिले पनि लाग्ने, तर अख्तियारमा प्रवेश गरेको निश्चित समयभित्र टुंग्याउनुपर्ने गरी ऐनमा व्यवस्था गरिने समिति सभापति खतिवडाले बताए। 'कुनै मुद्दालाई आजीवन अख्तियारले झुन्ड्याएर राख्न पाउँदैन। ठुला मुद्दाहरू वर्षौंदेखि थाती राखेको सुन्नमा आइरहेकै छ,' उनले भने, 'अब अख्तियारमा मुद्दा परेको कति वर्षभित्र सक्ने, निश्चित समयभित्र पेस गर्ने वा नगर्ने निर्णय दिनुपर्छ। अख्तियारले सधैँ मान्छेको टाउकोमा तरबार झुन्ड्याउने काम गर्नुहुँदैन।'

संसदीय उपसमिति संयोजक थानीले दसैँलगत्तै विधेयक मूल समितिमा पेस गर्ने बताए। 'दुवै विधेयकका विवादित विषयमा न्यारो डाउन भएको छ। सबैको कुरो एकै किसिमको छ। अब त्यसलाई लेखेर मिलाउन गृहकार्य चलिरहेको छ,' उनले भने, 'अर्को बैठकबाट भाषा मिलाएर दसैँपछाडि समितिमा पठाउँछौँ।'

उपसमितिमा एमालेबाट सदस्य रघुजी पन्तले पनि दुवै विधेयकका मुख्य विषयमा साझा धारणा बनिसकेको बताए। 'केही विषयमा विचारहरू एकै ठाउँमा आउने क्रम जारी छ। केहीमा छलफल जारी छ,' उनले भने, 'भ्रष्टाचार र अख्तियारसम्बन्धी विधेयक सँगसँगै अगाडि बढाउने कुरा छ। दसैँलगत्तै बसेर टुंग्याउँछौँ।'



● **हृदयराम थानी,** सांसद, कांग्रेस

अख्तियारमा मुद्दा वर्षौंसम्म अल्झिने प्रवृत्ति विकराल छ। यसमा समयसीमा तोक्ने कुरा आएको छ। एकपटक अख्तियारसँग बसेर समयसीमा कसरी तोक्ने, फेरि मुद्दा कोही थोरै समय लाग्ने, कोही लामो समय लाग्ने हुन्छ। अनुसन्धान गर्न समय लाग्छ। देशमा मात्रै होइन विदेशमा पनि अनुसन्धान गर्नुपर्ने हुन्छ। यो प्रक्रियामा कति समय लाग्छ, के असर पर्छ भनेर टुंगोमा पुगेका छैनौँ।

उपसमिति सदस्य एवं माओवादी प्रमुख सचेतक हितराज पाण्डेले विधेयकका मुख्य-मुख्य विषयमा समझदारीनजिक पुगेको बताए। 'हदम्यादको कुरा मिलेको छ। बाँकी रहेको कुरामा व्यापक छलफल भएको छ। कतिपय विषयवस्तु टुंगिएको छ, अलिकति बाँकी छन्,' उनले भने।

राप्रपाबाट सदस्य बुद्धिमान तामाङले पनि विधेयकका विवादित विषय मोटोमोटी टुंगिएको बताए। 'प्रधानमन्त्रीलाई बोलाएर गर्नुपर्‍यो भन्ने छ। दसैँपछाडि टुंगिसक्छ,' उनले भने। समिति सभापति रामहरि खतिवडाले दसैँलगत्तै प्रधानमन्त्री राखेर समितिमा नीतिगत रूपमा दफावार छलफल गराउने र एकैपटक दुइटै विधेयकलाई पास गरेर आगामी अधिवेशनको प्रारम्भमा हाउसमा पेस गर्ने बताए।

अख्तियारलाई निजी क्षेत्रमा नपठाइने

निजी क्षेत्र र गैरसरकारी संस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दायरामा ल्याउने प्रस्तावको विपक्षमा संसदीय उपसमिति छ। उपसमितिका बहुमत सदस्य यी क्षेत्रलाई राज्यका निकायबाटै नियमन गर्नुपर्ने पक्षमा छन्। 'निजी क्षेत्रको पनि चाहना छैन। उनीहरूलाई पनि बाहिरै राखिदिनुपर्छ भन्ने खालको कुरा छ,' उपसमिति संयोजक थानीले भने। समिति सभापति खतिवडाले पनि निजी क्षेत्र र गैरसरकारी संस्थामा अख्तियार जाने अवस्था नदेखिएको भन्दै राज्यका तोकिएका निकायबाटै जाने गरी छलफल भइरहेको बताए।

उपसमिति सदस्य तामाङले निजी क्षेत्र अख्तियारले हेर्नुपर्ने केही साथीहरूको मत रहे पनि प्रायःजसो राज्यकै निकायले हेर्नुपर्ने पक्षमा रहेको बताए। 'यसमा छलफलमै छौँ। केही साथीहरूले निजी क्षेत्र र गैरसरकारी संस्थाको केही सीमित विषय हेर्न दिउँ भनेका छन्। तर, बहुमत साथी राज्यकै संरचनाबाट कभर गर्छ भन्नेमा छन्। धेरैजसो विज्ञहरू, आयुक्त र पूर्वआयुक्त पनि अख्तियार प्रवेश गर्नुहुन्न भन्ने पक्षमा हुनुहुन्छ,' उनले भने। यसमा गृहकार्य गरेर साझा खालको खाका ल्याउन मन्त्रिपरिषद्, अर्थ, कानुनका सचिव र सतर्कता केन्द्रका प्रमुखसहित संयोजकलाई ल्याउन भनिएको तामाङले बताए।

प्रतिनिधिसभाको विशेष अधिवेशन बोलाउन रास्वपाको माग

नयाँ पत्रिका

संसद्को चौथो दल राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिनिधिसभाको विशेष अधिवेशन बोलाउन माग गरेको छ। रास्वपाका कार्यवाहक प्रवक्ता एवं प्रतिनिधिसभा सदस्य मनीष झाले बुधबार विज्ञप्ति जारी गरेर राष्ट्रिय जीवनका तमाम समसामयिक समस्याबारे तत्काल छलफल गर्न आवश्यक देखिएको भन्दै विशेष अधिवेशन माग गरेका हुन्।

संविधानको धारा ९३ (२) अनुसार विशेष अधिवेशन बोलाउन प्रतिनिधिसभाका एकचौथाइ अर्थात् ६९ सदस्यले राष्ट्रपतिसमक्ष लिखित अनुरोध गर्नुपर्छ। त्यसपछि राष्ट्रपतिले अधिवेशनको मिति र समय तोक्ने व्यवस्था प्रतिनिधिसभा नियमावली नियम ३ (३) मा छ। तर, रास्वपासँग २१ सिट मात्रै छ। थप ४८ सांसद आवश्यक पर्छ। माओवादीलगायत विपक्षी दलले साथ दिए अधिवेशन बोलाउनका लागि संख्या पुग्छ। रास्वपाले विशेष अधिवेशनका लागि अन्य दललाई पनि अपिल गर्दै ध्यानाकर्षण पनि गराएको छ। विशेष अधिवेशन बोलाउनका लागि रास्वपाले सुशासन, नागरिक केन्द्रित सेवा प्रवाहमा सुधार र संविधान संशोधनको मुख्य उद्देश्यसहित बनेको दुईतिहाइ सरकारको सय दिनको समीक्षालाई प्रमुख कारण देखाएको छ।

तीन महिनाको अवधिमा घोषित प्रतिबद्धता पूरा गर्नेतर्फ सरकारले प्रारम्भिक संकेतसम्म देखाउन नसकेको, विपत्को पूर्वतयारीमा चुकेको सरकार व्यवस्थापनमा पनि असफल भएको रास्वपाको ठहर छ। यस्तो वेला मुद्दा खेपिरहेका विवादित व्यापारीबाट करोडौँ मूल्य पर्ने जग्गा दान लिएर सत्ताको नेतृत्व गर्ने दलले नै स्वार्थको द्वन्द्वको डरलाग्दो अभ्यास गरेबाट सुशासनको अडान धर्मराएको विज्ञप्तिमा उल्लेख छ। 'संविधान संशोधनको बहसमा औचित्य पुष्टि हुने गरी सरकारले श्वेतपत्र नै जारी गर्ने अपेक्षा थियो, तर उक्त विषय अहिले ओझेलमा पारिएको छ,' रास्वपाले भनेको छ।



आमनागरिकमा चरम असन्तुष्टि र उद्यमी-व्यवसायीमा निराशा बढेको, सरकारको अन्तर्राष्ट्रिय विश्वसनीयता फितलो हुँदा द्विपक्षीय आर्थिक सम्बन्धमा गत्यावरोध हुन थालेको, आत्मविश्वास र दक्षता स्खलित हुँदा दुईतिहाइको सरकार 'कामचलाउ' जस्तो देखिएको र सरकारलाई निगरानी गर्नुपर्ने संसदीय समितिहरू समेत सत्ता पक्षीय बहुमतको बन्धक भएकाले विशेष अधिवेशन जरुरी रहेको रास्वपाको जिकिर छ।

महिलालाई भारतमा बेच्ने विष्ट २४ वर्षपछि पक्राउ

सुर्खेत/ विवाहको प्रलोभन देखाएर एक महिलालाई भारत लगेर बिक्री गर्ने सुर्खेत चौकुने गाउँपालिका-७ का ६१ वर्षीय भक्तबहादुर विष्ट २४ वर्षपछि पक्राउ परेका छन्। सुर्खेत जिल्ला साबिक गुटु गाविस- ८ घर भएकी २१ वर्षीया महिलालाई विष्टले १ असोज ०५७ मा विवाहको प्रलोभन दिई भारतको गोरखपुरमा लगेर एकजना भारतीय नागरिकलाई १५ हजारमा बिक्री गरेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता वीरेन्द्रवीर विश्वकर्माले जानकारी दिए। उनलाई मंगलबार चौकुने गाउँपालिका- ६ बाट जिल्ला प्रहरी कार्यालय सुर्खेत र इलाका प्रहरी कार्यालय गुटुको टोलीले पक्राउ गरेको हो। विष्टविरुद्ध १३ मंसिर ०५८ मा जिल्ला प्रहरी कार्यालय सुर्खेतमा मुद्दा दर्ता भएको थियो। विष्टमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुर्खेतले जनाएको छ।

पुस्तान्तरण नहुँदा संकटमा सरायँ नाच

गुल्मीमा **टोपलाल अर्याल**

मालिका गाउँपालिका- ६ का ६२ वर्षीय डिलबहादुर परियारले २० वर्षको उमेरबाट सरायँ खेल्न थालेका हुन्। उमेरमा डिलबहादुरले फुकेको नर्सिंगा र कर्नालले फूलबारी थर्किन्थ्यो। पूर्वबाट पूर्णिमाको जुनले जब डाँडो टेक्थ्यो, तब सरायँ हेर्ने र खेल्नेले फूलबारी भरिन्थ्यो। जुनेली रात छिप्पँदै जाँदा सरायँमय हुन्थ्यो अर्जे फूलबारी। उनका तीन पुस्ता एकै ठाउँमा सरायँ खेल्थे।

बहुदल आएको केही वर्षपछि दिउँसोमा सरायँ हुन थाल्यो। बुबा रेशमबहादुरसँगै डिलबहादुरले पनि बाजा बजाउन र सरायँ खेल्न सिके। डिलबहादुरका अनुसार सरायँ खेल्दा प्रत्येक दुई मिनेटमा नर्सिंगा र कर्नाल फुक्नुपर्छ। सरायँका लागि नर्सिंगा र कर्नालसहित सनाई, दमाह र झ्याली दुई-दुई सेट बाजा आवश्यक पर्छ। कम्तीमा आधा घण्टामा पालो दिने मान्छे हुनुपर्छ। डिलबहादुर अझै पनि नर्सिंगा र कर्नाल फुक्छन्।

अचेल सरायँ नाचमा पाको पुस्ता दुर्लभ बनेका छन्। युवा पुस्तामा टिकेर खेल्ने र मर्म बुझेका निकै कम छन्। त्यो मात्रै नभएर बाजा बजाउनेको पुस्तामा पनि उरन्ठ्यौलोपन भित्रिएको छ। 'बाजा बिगारे बा-हजुरबाले पिट्थे। अहिलेका पुस्ताले झम्झाएको राम्रो मान्दैनन्,' स्थानीय मीनबहादुर परियार भन्छन्, 'अहिले बाजा र सरायँको लयभन्दा देखावटी बढ्दै गयो।'

अर्जे पश्चिम गुल्मीको सबैभन्दा व्यवस्थित सरायँ हुने ठाउँ हो। पहिले दसैँको पूर्णिमाको दिन रातमा सरायँ खेल्ने चलन थियो। स्थानीयका अनुसार पचासको दशकअघि ३० हजारभन्दा बढीले मेलाको अवलोकन गर्थे। सरायँमा पाको र नयाँ पुस्ताको जम्को हुन्थ्यो। तर, अहिले सरायँ न्यास्रो बनेकोमा आफूहरू पनि चिन्तित भएको मालिका गाउँपालिका-६ का पूर्ववडाध्यक्ष शोभाखर गिरीले बताए।



गुल्मीको इस्मा गाउँपालिका- २ को देवीस्थान मन्दिरपरिसर ताल्तुङमा सरायँ नाच्दै गर्दा भेटिएका राजेन्द्रविक्रम कुँवर पुस्तान्तरण नहुँदा यो नाच संकटमा परेको बताउँछन्।

ऐतिहासिक सरायँ नाच गुल्मी, अर्घाखाँची, प्युठान र पाल्पाका शक्तिपीठमा दसैँको भोलिपल्टबाट खेल्ने परम्परा छ। गुल्मीमा मन्दिरमा भक्तजनले चढाएका खुकुरी, तरवार, खुँडा, खड्ग आदि हतियार एकआपसमा ठोक्याउँदै 'वाख्खै वा' को भाषामा सरायँ खेलिन्छ। केही समय पहिले हतियार नै नचाएर सरायँ खेलिन्थ्यो। पछिल्लो सयम सबै ठाउँमा त्यो देखिन्न। हतियार प्रदर्शन गर्दा दुर्घटना हुने डर बढी हुने भएकाले पछिल्लो समय छोडिएको इस्माका अगुवा रामबहादुर विष्टले जानकारी दिए। अहिले काठका हतियार, रुमाल, मजुरका प्वाँख र फूल छोपेर सरायँ खेल्ने गरिन्छ। केही स्थानमा खुकुरी र तरबार नचाउने गरिएको छ।

गुल्मीमा विशेष गरेर छत्रकोटको चोयँगा, मालिकाको अर्जे, घमिर, छापहिले, इस्माको मैदान, राङदल, ठाढुंगा, हस्तीचौरमा सरायँ नाच हुँदै आएको छ। धुर्कोटका जैसीथोक, रजस्थल, वाग्ला तथा मुसिकोटको कोट, थाम, वामीलगायत स्थानमा सरायँ नाचिन्छ।

सुकुमवासीको बिचल्ली कहिलेसम्म ?

लाखौँ मानिस जग्गाविहीन, घरबारविहीन, बाँच्न नसक्ने गरी उपायविहीन रहनु असामान्य विषय हो



● परशुराम रम्तेल

अग्रलेख

नेपालमा भूमिसुधारको मुद्दा २००७ सालदेखि नै उठ्दै आएको हो । भूमिहीन, सुकुमवासी र अव्यवस्थित जनतालाई भूमिको व्यवस्थापन गर्ने बहस वेलाबखत उठ्दै र सेलाउँदै गरेको पनि झन्डै आठ दशक पुग्न लागिसक्यो । यस समयावधिमा सरकारीस्तरबाट धेरै भूमिसुधार आयोग गठन भई प्रतिवेदन पनि तयार भए, तर त्यसलाई कार्यान्वयन गर्ने सवालमा आजका दिनसम्म परिणाममुखी हुन सकेका छैनन् । भूमि सुधारको नारा राजनीतिक दलका कोरा नारामा मात्रै सीमित हुन पुगेको देखिन्छ । राजधानीलगायत देशका विभिन्न खोला, नदी र वनजंगलका किनारामा भूमिहीन र सुकुमवासी बस्ती बस्दै आएका छन् । उनीहरू पनि देशकै नागरिक हुन् भन्नेमा राज्यसञ्चालन गर्नेहरू बेखबरजस्तै बन्ने गरेका छन् । वास्तवमा सुकुमवासी समस्यालाई राजनीतिक पार्टीहरूले चुनावी नारामा सीमित बनाइनुहुन्न । यो राज्यको एउटा विकराल समस्याको रूपमा फैलिँदै गएको एउटा विशिष्ट समस्या हो ।

हरेक वर्ष भूमिहीन एवं सुकुमवासीको संख्या बढ्दो छ । यी बस्ती अभाव, उत्पीडन, रोग, भोग र शोकले ग्रसित हुँदै गएका छन् । यी बस्तीमा जन्मिएका बच्चा सुरुदेखि नै कुपोषणबाट ग्रसित हुन्छन् । शिक्षाबाट वञ्चित हुन्छन् । स्वास्थ्य समस्या गर्भदेखि नै लिएर आएका हुन्छन् । राम्रो पारिवारिक वातावरण पनि सिर्जना हुँदैन । सदैव अभाव, दबाब, द्वन्द्व, अशिक्षा, बेरोजगारीलगायत समस्या भोग्नुपर्छ । तर, यी बस्तीमा जनसंख्या भने निकै नै बढी हुने गर्छ । प्रायः देशका सबैजसो स्थानमा खोला, नदी, पहरा, भिरालो पर्ती जमिन, वनजंगलका छेउछाउमा भूमिहीन र सुकुमवासी बस्ती रहेका छन् । जसका कारण ती बस्तीमाथि प्राकृतिक प्रकोप, वन्यजन्तुबाट आक्रमण, हत्याजस्ता विपत्जन्य प्रकोप र हिंस्रक आक्रमण हुँदै आएका छन् । यसै असोजको दोस्रो हप्ता देशव्यापी रूपमा भएको अकल्पनीय वर्षा र बाढीपहिरोका कारण राजधानीलगायत देशका सबैजसो स्थानमा ठुलो धनजनको क्षति भयो । राजधानी काठमाडौंको नदीनालाका किनारामा बस्दै आएका सुकुमवासी बस्तीमा धेरै क्षति पुग्यो । काभ्रे, सिन्धुपाल्चोक, धादिङ, चितवनलगायत थुप्रै जिल्लाका नदीआसपासका क्षेत्रमा पनि धेरै नै धनजनको क्षति हुन गयो । प्राकृतिक विपत्बाट प्रभावित बस्तीका जनतालाई राज्यले तत्काल राहत, पुनर्स्थापना, स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्छ । दीर्घकालीन रूपमा व्यवस्थापन कसरी गर्ने भन्नेमा गम्भीर बन्नुपर्छ ।

■ गरिब बस्तीमै बाढी-पहिरोको मार

यतिवेला देश प्राकृतिक प्रकोपका कारण शोकमग्न अवस्थामा छ । अझै वर्षाको समय सकिएको छैन । नेपालका साना खोलानालादेखि ठुला नदीसम्मका छेउछाउका गरिब र दलित बस्ती त्राहीमामको स्थितिमा छन् । देशको आधुनिक र राजधानी सहरको रूपमा स्थापित रहेको काठमाडौंदेखि ललितपुर, भक्तपुर हुँदै भरतपुरसम्मका सहरका छेउछाउका जनता त्रसित अवस्थामा बाँच्न विवश छन् भने ग्रामीण र दूरदराजका गरिब जनताको अवस्था कस्तो होला ? ठुला पर्वबाट पनि गरिब जनतामा उत्साह छैन । 'जो होचो उसैको मुखमा घोचो भनेझैं' नदी र खोलाकिनार तथा भिर, टाकुरामा बसेका जनसमुदायलाई कतिवेला बाढी-पहिरोले लाने वा डुबानमा परिने हो भनेर सदैव चिन्ताले सताइरहेको स्थिति अहिलेको यथार्थ हो ।

■ सुकुमवासी समस्याको अन्तर्य

हाम्रो सवालमा भूमिहीन र सुकुमवासी समस्या एउटा गम्भीर समस्या हो । मानिस कोही पनि जन्मँदा नै गरिब र धनी, भूमि भएको र भूमि नभएको, क्षमता भएको र नभएको, दुःख पाउने र सुख पाउने भनी निर्धारण गरेर जन्मिँदैन । तर, नेपालमा भूमिहीन र सुकुमवासी बस्तीमा जन्मिएको मानिस सधैं अभाव, गरिबी, भोग, अशिक्षा, रोगी भएर बाँच्नुपर्ने बाध्यता छ । राज्यले यी बस्तीका जनतालाई कहिल्यै पनि सुव्यवस्थित योजना बनाएन । जुनसुकै राजनीतिक दलको सरकार बने पनि सधैं अनागरिकजस्तो ठान्दै आएका छन् । वास्तवमा सधैं अभाव, गरिबी र प्राकृतिक प्रकोपसँग पौठेजोरी खेल्दै बस्ने यी बस्तीका जनताले सम्मानपूर्वक बाँच्न पाउने, पेटभरि खान पाउने, एकजोर लाउन पाउने, बिरामी भएका वेला औषधिउपचार पाउने, शिक्षादीक्षा पाउने र रोजगारी पाउनेजस्ता नागरिकका मौलिक अधिकारको उपभोग गर्न पाउनुपर्छ । नेपालको संविधानले सबै नागरिक बराबरी हुन् र सबै नागरिकको संरक्षण र विकास गर्नु राज्यको दायित्व हुनेछ भन्छ । तर, राज्यले यी बस्तीका जनतालाई कहिल्यै पनि अभिभावकत्व प्रदान गर्दैन । सारतः सुकुमवासी समस्याको दीर्घकालीन समाधान गर्न नसक्नु राज्यको निरीहता, अक्षमता र गैरजिम्मेवारीपन मात्रै नभएर राज्यकै असफलतासमेत हो ।

सुकुमवासी आफैं सुकुमवासी भएका होइनन् । राज्यको विभेदकारी नीति र योजनाले नै उनीहरूलाई सुकुमवासी बनाएको हो । राज्यकै कारण भूमिहीन र सुकुमवासीहरू अधिकारविहीन हुँदै आएका हुन् । आफ्नो स्वामित्वमा कित्ता पनि जमिन नभएका, बाँच्नका लागि कुनै उपाय नभएर जोखिमपूर्ण छ भन्ने थाहा पाउँदापाउँदै पनि उपायविहीन



भएपछि उनीहरू खोलाका किनारामा बस्न पुगेका हुन् । राज्यले विकल्प दिएको भए उनीहरू त्यस्तो जोखिमपूर्ण ठाउँमा बसोवास गर्दैनथे । ती बस्तीका बाध्यता र विवशताको अन्तर्यलाई राज्यले बुझ्न जरुरी छ ।

हरेक राजनीतिक पार्टीले सुकुमवासी, भूमिहीन र अव्यवस्थित बसोवासी जनताका लागि भूमिसुधारको कार्यक्रम ल्याउने गुलिया नारा अघि सार्दै आएका छन् । तर, जब सत्तामा पुग्छन्, यो नारालाई उनीहरूले बिर्सने गर्छन् । सत्ताबाट बाहिरिएपछि भने पुनः यो नारालाई उराल्छन् । भूमिसुधारमार्फत सुकुमवासी र भूमिहीनको समस्यालाई राजनीतिक दलहरूले राजनीति गर्ने मुद्दा र हतियारको रूपमा प्रयोग गर्दै आएका छन् । राजधानीलगायत देशका सबैजसो स्थानमा नदीका किनार, वनजंगलका खाली जग्गा र सरकारी पर्ती जग्गाहरूमा सुकुमवासी तथा भूमिहीनहरू बस्दै आएका छन् । त्यसकारण सुकुमवासी र भूमिहीनको समस्या राज्यको समस्या हो । यसलाई राज्यले गम्भीर ढंगले आत्मसात् गरी रणनीतिक योजना बनाएर तत्कालीन, अल्पकालीन र दीर्घकालीन गरी तीन चरणको नीति र योजना निर्माण गरेर यसको वैज्ञानिक समाधान गर्न जरुरी छ ।

> सुकुमवासी आफैं सुकुमवासी भएका होइनन् । राज्यको विभेदकारी नीति र योजनाले नै उनीहरूलाई सुकुमवासी बनाएको हो । राज्यकै कारण भूमिहीन र सुकुमवासीहरू अधिकारविहीन हुँदै आएका हुन् ।

■ राज्यको भूमिका र दायित्व

राज्यले भूमिहीन र सुकुमवासी समस्यालाई सधैं हल्का ढंगले लिएर अनदेखा गर्दै आइरहेको छ । वास्तवमा मानिससँग आफ्नो स्वामित्वमा एक टुक्रा पनि जग्गा नहुनु सामान्य कुरा हुँदै होइन । राज्यको आँखामा सबै नागरिक बराबरी हुन् र हुनुपर्छ । राज्य जमिन हुने, पढाइ हुने, जागिर वा रोजगारी हुनेहरूको मात्रै होइन । त्यसकारण राज्यले नेपालको सुकुमवासी समस्यालाई विकराल समस्याको रूपमा लिनुपर्छ । लाखौं मानिस जग्गाविहीन, घरबारविहीन, बाँच्न नसक्ने गरी उपायविहीन रहनु असामान्य विषय हो । राज्यबाट सर्वप्रथम वैज्ञानिक जनगणना गरी उनीहरूको सही तथ्यांक संकलन गरिनुपर्छ । यो कुनै अमुक राजनीतिक दलले मात्रै सम्बोधन गर्न सक्ने विषय पनि होइन । यसको दीर्घकालीन र वैज्ञानिक हलका लागि राज्यले सही र वैज्ञानिक तथ्यांक लिइसकेपछि सर्वदलीय र सर्वपक्षीय भेलाद्वारा आमसहमतिका आधारमा एउटा विशेष प्रस्ताव पास गर्नु उपयुक्त हुन्छ । नेपालमा सरकारले जतिसुकै राम्रो र जनपक्षीय काम गरे पनि प्रतिपक्ष वा सरकारमा नभएका पक्षले विरोध गर्ने हाम्रो संस्कृति नै बनिसकेको छ । त्यसकारण पनि यो समस्याका लागि सबै दल र सबै पक्षको राष्ट्रिय सहमति आवश्यक देखिन्छ । त्यसपछि राज्यले सोही भेलाद्वारा एउटा शक्तिशाली सर्वपक्षीय आयोग गठन गरी स्पष्ट कार्यादेशसहित अघि बढ्नुपर्छ ।

राज्यले प्रत्येक प्रदेश र पालिकाको स्पष्ट र सही तथ्यांकका आधारमा संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो कर्तव्य, भूमिका र जिम्मेवारीको सूची निर्माण गर्नुपर्छ । यसका लागि भूमिहीन तथा सुकुमवासी समस्या समाधान ऐन नै निर्माण गरी सरकारले एउटा समयसीमा तोकी रफ्तारमा काम अघि बढाउनु आवश्यक छ । राज्यले यो मुद्दा र समस्यालाई पहिलो प्राथमिकतामा राखेपछि र राष्ट्रिय सहमति भएपछि जसको सरकार आए पनि वा जसले कामलाई अघि बढाए पनि केही फरक पर्दैन । किनकि, यो वा त्यो राजनीतिक दलले मात्रै जस लियो भन्ने पनि हुँदैन । सत्तापक्ष वा प्रतिपक्ष सबैको कर्तव्य, भूमिका र प्रतिफल बराबरी हुन जान्छ ।

राज्यले यो समस्यालाई दीर्घकालीन समाधानका लागि तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजना निर्माण गरी कार्यान्वयनमा जानुपर्छ । तत्कालीन हिसाबले राहत, पुनर्स्थापना, स्वास्थ्य शिविर सञ्चालन, जीविकोपार्जन, शिक्षादीक्षा, रोजगारी आदि कार्यक्रम हुन सक्छन् । त्यसपछि राज्यले एउटा निश्चित नीति र योजनाका आधारमा कामलाई अघि बढाउनुपर्छ । संघीय सरकारले भूमिहीन र सुकुमवासी समस्याको सही समाधानका लागि प्राथमिकता क्रमका आधारमा कानुन नै बनाएर समयावधिको निश्चितताससहित राज्यका सबैखाले स्रोत र साधन केन्द्रित गरेमा एक-डेढ दशककै बिचमा यसको दीर्घकालीन हल सम्भव छ ।

■ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको भूमिका

राज्यले कानुन र नीति नै बनाएर दीर्घकालीन ढंगले सुकुमवासी समस्या हल गर्न आवश्यक जनशक्ति, साधनस्रोत र बजेट विनियोजन गरेपछि नेपाल सरकारको नीति मान्छु भनेर सर्त मञ्जुर गरी दर्ता भएका वा काम गर्ने अनुमति प्राप्त गरेका गैरसरकारी संस्था पनि यसमा लाग्नुपर्छ । राज्यको नीतिअनुसार जनताको पक्षमा काम गर्नु उनीहरूको पनि कर्तव्य र दायित्व हो । नेपालमा युएनडिपी, विश्व बैंक, एसियाली विकास बैंकदेखि थुप्रै अन्तर्राष्ट्रिय दातृ निकाय क्रियाशील छन् । विश्वमा नै विकराल समस्याको रूपमा स्थापित भएको भूमिहीन र सुकुमवासी समस्याको दीर्घकालीन समाधान गर्नका लागि यी दातृ निकायले काम गर्न पाउँदा पक्कै पनि गौरवकै महसुस गर्नेछन् । नेपाल राज्यका सबै निकाय र संरचनाले एउटा विशेष मिसनका रूपमा लिएर यो समस्यालाई एकै सुर र तालमा अगाडि बढाउन आवश्यक छ । सिंगो मुलुक नै प्राकृतिक प्रकोपबाट आक्रान्त बनिरहेको सन्दर्भमा सरकाले तत्काल सर्वदलीय र सर्वपक्षीय राष्ट्रिय भेलाको आयोजना गरी सुकुमवासी, भूमिहीन र अव्यवस्थित बसोवासबारे परामर्श गरी एउटा विशेष नीतिको तय गरोस् र सिंगो राज्यकै प्राथमिकतामा यो मुद्दा परोस् । जसबाट नेपाललाई सदाका लागि सुकुमवासी समस्याविहीन राष्ट्र बन्न सफल हुनेछ । मुख्यतः राज्यपक्ष विशेष गम्भीर हुन जरुरी छ ।

(रम्तेल संविधानसभा सदस्य तथा अनुसन्धाता हुन्)

---

३ प्रश्न

'संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति'का सभापति **सोनाम गेल्जेन शेर्पा**लाई



प्रदेश सरकारहरूले राजधानी त तोके, तर अहिलेसम्म आफ्नै जमिन र भवनलगायत भौतिक संरचना निर्माण गर्न सकेका छैनन् । यो संघको असहयोगले हो वा प्रदेशको प्राथमिकतामा नपरेको हो ?

मेरो विचारमा यसमा केही प्रक्रियागत कुरा छन् । ती प्रक्रियामा प्रदेशविशेषको तदारुकता कस्तो रह्यो भन्ने सवाल आउँछ । पहलकदमी त प्रदेशहरूले नै लिनुपर्छ । सरकारी जमिन लिनुपर्नेछ भने तोकिएको प्रक्रिया पूरा गरी संघीय सरकारलाई घचघच्याउनुपर्‍यो । अर्को कुरा, पर्याप्त बजेट नभएकाले पनि आवश्यक भौतिक संरचनाको निर्माण अगाडि बढाउन नसकेका हुन् कि ?

यसले संघीयतालाई कस्तो प्रभाव पार्ला ?

मूल कुरा त संघीयता कार्यान्वयनको सवालमा बन्नुपर्ने कानुन बन्न सकिरहेका छैनन् । धेरै कानुनको आवश्यकता छ । संघीयतालाई सबलीकरण गर्ने सवालमा निजामती ऐन, शिक्षा ऐनदेखि प्रहरी ऐनलगायत ऐन-कानुन जबसम्म बन्दैनन्, संघीयताले गति लिन सक्दैन । सबैले ध्यान यी कानुनको निर्माणमा दिनुपर्ने स्थिति हो । आवश्यक कानुन नआउँदासम्म हामीले स्थायी संरचनाको कुरा गर्नु पनि खासै उपलब्धिमूलक हुँदैन भन्ने लाग्छ । किनकि, कहाँ र कस्ता भौतिक संरचना आवश्यक पर्ने हुन् भन्ने कुरा त कानुनले निर्दिष्ट गर्ने कुरा हुन् नि !

जमिन र स्थायी संरचनाको सवालमा प्रदेशहरूलाई के सुझाव दिनुहुन्छ ?

सबैभन्दा ठुलो कुरा स्थायी भौतिक संरचनाभन्दा पनि आवश्यक कानुनको निर्माण हो । संघीयता सबलीकरणका दृष्टिले सर्वप्रथम कानुनको निर्माण र त्यसपछि मात्रै संरचनामा ध्यान दिँदा उपयुक्त हुन्छ । हामीले ८० जति कानुन त परिवर्तन गर्नु छ । १२९ जति कानुन संशोधन गर्नुपर्नेछ । यी काम गर्न नसक्दासम्म ठुलो उपलब्धि प्राप्त हुन सक्दैन । अहिलेको प्राथमिकता स्थायी संरचनाभन्दा पनि कानुनको निर्माणमा नै हुनुपर्छ । अब बन्ने कानुनले नै के-कस्ता स्थायी संरचना आवश्यक हुने भन्ने निर्क्योल गर्ने हो । आवश्यकता कस्तो हुने निश्चित नभई भौतिक संरचना मात्रै बनाएर पनि के गर्ने ?

प्रेरक प्रसंग

संसारको सक्कली अनुहार

एकजना युवक फुर्सद पाउनासाथ नजिकैको आश्रममा बस्ने महात्माकहाँ पुगेर विचार विमर्शमा डुब्थ्यो । विमर्शको क्रममा एक दिन महात्माले भने– 'मातापिता र परिवारको भरणपोषण गर्नु हाम्रो कर्तव्य हो । तर, मायामोहवश त्यसैमा आसक्त भएर जीवनलाई खुम्च्याउन भने हुँदैन । त्यसैले, परिवारको भरणपोषणका साथमा हामीले भगवान्को स्मरणमा पनि उत्तिकै समय दिनुपर्छ ।

आफूलाई परिवारका हरेक सदस्यले प्राणभन्दै माया गर्छन् र आफूविना उनीहरू मर्छन् भन्दै युवक महात्माको विचारसित सहमत हुन सकेन । उनीहरूबीच यसबारे परीक्षा गर्ने सहमति भयो । सहमतिपछि युवक घर फर्क्यो । घर पुग्नासाथ 'पेट दुख्यो भनेर भुइँमा पसारियो । परिवारका सबै भेला भए । युवकले मर्रे-मर्रे भन्दाभन्दै प्राण त्याग्यो । परिवारका सबैजना रुन, कराउन थाले ।

त्यसैवेला ती महात्मा त्यहाँ आइपुगे । उनले भने- म मृतकलाई बचाइदिन्छु, मलाई अलिकति जल दिनुहोस् । खुसी हुँदै युवककी पत्नीले तुरुन्तै जल ल्याइदिइन् । महात्माले मन्त्र पढ्दै भने- ल अब तपाईंहरूमध्ये एकजनाले यो जल पिउनुहोस् । तर, याद गर्नुहोस्, जसले यो जल पिउँछ, ऊ मर्छ अनि यो युवक उठ्छ ।

उपस्थित सबैजना मुखामुख गर्न थाले । अर्को बाँच्छ भनेर को मरोस् ! छिमेकी सबै लाखापाखा लागे । युवकका पिताले भने- म यो जल अवश्य पिउँथैं तर म मर्रे भने श्रीमतीको के हाल होला ? माताले भनिन्- म पिउँथैं तर म मर्रे भने यी बूढाको कन्तबिजोग हुन्छ । यिनी खानै नपाई मर्न बेर छैन । पत्नीले भनिन्- 'यी लालाबाला नभएको भए म पिउँथैं । तर, यिनको सुरक्षित भविष्यका लागि पनि मैले बाँच्नु जरुरी छ ।

सबैको कुरा सुनेपछि महात्माले भने- त्यसो भए मै पिइदिऊँ त यो जल ? प्रस्ताव भुइँमा खस्न नपाउँदै सबैले एकै स्वरमा भने- हुन्छ, हुन्छ, तपाईं नै पिउनुहोस् । तपाईंको त रुने-कराउने पनि कोही छैनन् । त्यसपछि जुरुक्क उठेर युवकले भन्यो- 'महात्माजी, मैले संसारको वास्तविकता बुझें ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

मीनबहादुरबाट कांग्रेसले पनि 'नजराना' पाएको हो ?

अहिलेका लागि भाटभटेनी सुपर मार्केटका सञ्चालक मीनबहादुर गुरुङ करछली मुद्दामा सर्वोच्च अदालतबाट समेत दोषी करार भई जेल सजायसहित डेढ अर्बभन्दा बढी जरिवाना तिर्नुपर्ने फैसला भएका र प्रधानमन्त्री निवासससँगैको ललिता निवास जग्गा हिनामिना प्रकरणका मुख्य योजनाकारमध्येका एकका रूपमा गम्भीर मुद्दा खेपिरहेका विवादित व्यवसायी हुन् । उनलाई सरकारवादी गम्भीर अपराधमा संलग्न रहेको आरोपमा प्रहरीले पक्रिएर अनुसन्धान पूरा भई अदालतमा मुद्दा विचाराधीन अवस्थामा रहेको सर्वविदितै छ । उनै विवादित व्यवसायीले कीर्तिपुर नगरपालिकामा १० रोपनी १४ आना जग्गा नेकपा एमालेको केन्द्रीय कार्यलय निर्माणका लागि भेटीका रूपमा अर्पण गरेर आफूविरुद्धका मुद्दामा सत्तारुढ एमालेको सहयोग सुनिश्चित गर्न खोजेका छन् । कांग्रेसको बलमा दुईतिहाइसहित प्रधानमन्त्री हुन पुगेका एमाले अध्यक्ष केपी शर्मा ओलीले त गुरुङबाट अर्बमाथिको जमिन दान लिएर गुरुङको शिरमा वरदहस्त राखिदिएका छन् । यसबाट प्रकारान्तमा उनले सबै मुद्दामा एमालेको शक्तिशाली सहयोग पाउने नै छन् । तर, के यो सरकार निर्माणमा अहं भूमिका खेलेको र सत्ता साझेदार रहेको नेपाली कांग्रेसले पनि गुरुङबाट 'नजराना हस्तगत' गरिसकेको हो ? होइन भने सत्ता सहयात्रीको यस अनुचित लेनादेनामा कांग्रेसको आधिकारिक धारणा किन सार्वजनिक हुँदैन ? कि आ-आफ्ना नजिकका आरोपित चोख्याउने भित्री सहमतिअनुसार चलेको हो ? हेरौं, नेपाली कांग्रेस पनि एमालेसँगै सती जान्छ कि एमालेसँगको सहकार्य तोडेर इमानको राजनीतिको दिशा लिनेछ ।

● **सुभाष खड्का**, बालकोट, भक्तपुर

लुटको नयाँ अखडा नबनोस् धर्मशाला

मारवाडी सेवा समितिका परोपकारी कामको सरहाना गर्नुपर्छ । तर, समितिले आराध्यदेव पशुपतिनाथको जमिनमा मोहीको दाबी गरी आँखा लगाएको भने सुहाएन । गौशालास्थित धर्मशाला समितिबाट खोसेर विनायोजना महानगरपालिकालाई सोही कार्यका लागि सुम्पिने कुरा पनि उचित होइन । नयाँ व्यवस्था नयाँ समस्या बन्नु हुँदैन । धर्मशाला लुटको नयाँ अखडा नबनोस् ।

● रामजी प्रसाईं, कपन, काठमाडौं

कुलमान हटाउने तिकडम

एमाले र कांग्रेसको वर्तमान सरकार विद्युत् प्राधिकरणमा सराहनीय काम गरेका कुलमान घिसिङलाई प्रमुख कार्यकारीबाट हटाउन हरसम्भव प्रयास गरिरहेको छ । डेडिकेटेड र ट्रंकलाइनको अर्बौंको बक्यौता उठाउन लागिपरेका कुलमानलाई हतोत्साहित गर्न प्राधिकरणको काम र अधिकारमै हस्तक्षेप गर्न थालिएको छ । यो सरकार राम्रो काम मन पराउँदैन ।

● निरु मगर, दाङ

सरकारी मुद्दा लागेका व्यक्तिबाट अर्बौंको दान ग्रहण किन ?

यसअघि पनि ललिता निवासको जग्गा हिनामिनाको तारतम्य मिलाउने क्रममा एमालेका नेता विष्णु पौडेलले पनि जमिन ग्रहण गरेकै हुन् । तर, त्यस प्रकरणले ठुलै रूप लिने, राजनीति नै सकिने र दण्डितसमेत हुन सकिने देखेपछि उनले जमिन फिर्ता गरी चोखिने कोसिस गरेकै हुन् । आफ्नै पैसाले खरिद गरेका हुन्थे भने जोसँग किनेका हुन्, उनीसँग आफ्नो रकम माग्ने, उनीविरुद्ध मुद्दा मामिलामा जाने पक्कै गर्थे । तर, त्यो फोकटमा थियो, त्यसैले अप्ठ्यारो परेपछि सहजै फिर्ता गरे । यती, ओम्नी, वाइडबडीसमेत ओलीकै छत्रछायामा भएको यथार्थ सामुने छ । तर, सिंगो एमाले पार्टी नै संस्थागत रूपमा नै अनैतिक लेनदेनमा भागिदारी हुनु भने दुर्भाग्यपूर्ण छ । यो एमालेको पतनको कडी बन्न सक्छ । इमानदार नेता-कार्यकर्तामा चेत आओस्, सिंगो पार्टी एक विवादित व्यक्तिको रक्षाकवच बन्ने दिशामा नजाओस् ।

● **वसन्त महर्जन**, कीर्तिपुर, काठमाडौं

राष्ट्र संघबाट हटाइनुपर्छ इजरायललाई

इजरायललाई राष्ट्र संघबाट निष्कासन वा कम्तीमा महासभामा सहभागिता निलम्बनले पनि शक्तिशाली सन्देश दिनेछ



देश / विदेश

● मेहदी हसन

गत वर्षदेखि इजरायलले गाजा, पश्चिम किनारा, लेबनान, सिरिया, यमन र इरानलगायत धेरै देश र अतिक्रमित क्षेत्रमा आक्रमण गर्दै आएको छ । यसबाहेक इजरायलले राष्ट्र संघविरुद्ध व्यवहारतः युद्धको घोषणा गर्दै अभूतपूर्व बयानबाजी र हिंस्रक आक्रमणको निसाना बनाइरहेको छ । पछिल्ला केही घटनाक्रमलाई नियालौं :

- महासभाको मञ्चमा उभिएर इजरायलका प्रधानमन्त्रीले राष्ट्र संघलाई 'अपमानलायक', 'अन्धकारको घर' र 'यहुदीद्वेषको घिनलाग्दो दलदल' भनेर निन्दा गरे ।
- राष्ट्र संघका लागि इजरायलका निवर्तमान राजदूतले महासभाको पोडियममा राष्ट्र संघीय बडापत्रको प्रतिलिपिलाई च्यातचुत पारी न्युयोर्कमा रहेको राष्ट्र संघको मुख्यालय 'बन्द गरेर विश्वबाट यसको अस्तित्व नै मेटाइनुपर्छ' भने ।
- युएनका महासचिवलाई इरानी आक्रमणको निन्दा गर्न असफल भएको आरोप लगाउँदै उनलाई इजरायलमा 'अस्वीकार्य' घोषणा गरियो, अर्थात् उनलाई इजरायल प्रवेशमा प्रतिबन्ध लगाइएको घोषणा गरियो ।
- गत वर्षको ७ अक्टोबरमा भएको हमलाको प्रमाण संकलन गर्न खोजेको राष्ट्र संघले नियुक्त गरेको छानबिन आयोगलाई इजरायली सरकारले अवरोध गऱ्यो ।
- इजरायलको संसद् लामो समयदेखि त्यहाँ काम गरिरहेको राष्ट्र संघको एजेन्सी 'युएनआरडब्लुए'लाई 'आतंककारी संगठन' घोषणा गर्ने प्रक्रियामा छ ।
- लगातार १२ महिनासम्म इजरायली सेनाले गाजामा राष्ट्र संघका विद्यालय, गोदाम र शरणार्थी शिविरमा बमबारी गरेको छ, जसमा युएनका दुई सय २८ कर्मचारी मारिएका छन् । युएन महासचिवले संयुक्त राष्ट्र संघको स्थापना भएयता एउटै द्वन्द्व वा प्रकोपमा हाम्रा सबैभन्दा धेरै कर्मचारी मारिएको बताएका छन् ।
- इजरायली सेनाले अहिले दक्षिणी लेबननामा राष्ट्र संघीय शान्ति सेनामाथि आक्रमण गरिरहेको छ । राष्ट्र संघका अनुसार इजरायली सेनाले 'ब्लु लाइन' (सीमा) नजिकैको राष्ट्र संघको आधार शिविरमा क्षति पुऱ्याएपछि पाँच 'युएनआइएफआइएल' शान्ति सैनिक घाइते भए ।

यी सबै कुरा कसरी सही हुन सक्छन् ? वा स्वीकार्य वा वैधानिक हुन सक्छन् ? निरन्तरको आक्रमणपछि पनि इजरायल युएन सदस्य कसरी रहिरहेको छ ?

सिरिया, रुस र उत्तर कोरियाजस्ता अन्य मानव अधिकार उल्लंघन गर्ने सदस्य राष्ट्र छन् । तर, कसैले पनि राष्ट्र संघका कर्मचारीको सामूहिक हत्या गरेका छैनन् । न राष्ट्र संघको शिविरमा आक्रमण गरेका छन्, न दुई दर्जनभन्दा बढी राष्ट्र संघीय सुरक्षा परिषद्को प्रस्तावलाई बेवास्ता गरेका छन् । यीमध्ये कुनै पनि सदस्य राष्ट्रले ६० वर्षयता राष्ट्र संघका महासचिवलाई 'अस्वीकार्य' घोषणा गरेका छैनन् ।

स्मरण रहोस्, राष्ट्र संघका सदस्य राष्ट्रलाई निष्कासन गर्ने संयन्त्र नभएको होइन । राष्ट्र संघको बडापत्रको धारा ६ अनुसार बडापत्रमा रहेका सिद्धान्तको निरन्तर उल्लंघन गर्ने राष्ट्र संघको सदस्यलाई सुरक्षा परिषद्को सिफारिसमा महासभाले राष्ट्र संघबाट निष्कासन गर्न सक्नेछ । यद्यपि



तस्बिर : पामेला स्मिथ/एपी

धारा ६ अन्तर्गत कुनै पनि सदस्य राष्ट्रलाई राष्ट्र संघबाट निष्कासन गरिएको छैन । र, अमेरिकाले इजरायलको आलोचना गर्ने ५० सुरक्षा परिषद् प्रस्तावमाथि भिटो (निषेध) जारी गरेको छ, यस अवस्थामा इजरायलविरुद्ध धारा ६ लागू हुन अमेरिकाले कहिल्यै अनुमति दिनेछैन । यो दलिल तार्किक देखिन्छ । इतिहासले सुरक्षा परिषद्को भिटोलाई उपेक्षा गर्ने उपाय सुझाउँछ । अक्टोबर ०२२ मा अन्तर्राष्ट्रिय कानुनका प्राध्यापक एवं अमेरिकी विदेश मन्त्रालयका पूर्वसल्लाहकार थोमस ग्रान्टले युक्रेनमा आक्रमण गरेपछि रुसलाई राष्ट्र संघबाट निष्कासन गर्नुपर्छ भन्ने तर्क गर्दै 'राष्ट्र संघबाट दुईपटक सदस्य प्रतिनिधिमण्डललाई संघमा रहन अयोग्य ठानेको' उल्लेख गरेका छन् ।

सन् १९७१ मा दक्षिणी गोलार्धका समाजवादी र असंलग्न राष्ट्रले राष्ट्र संघको महासभामा जनवादी गणतन्त्र चीनलाई 'राष्ट्र संघमा चीनको एक मात्र वैध प्रतिनिधि'को रूपमा मान्यता दिन मतदान गरेका थिए । यसअघि चीनको प्रतिनिधित्व चिनियाँ गणतन्त्र (ताइवान)ले गर्थ्यो । यो निर्णय महासभाले गरेको थियो न कि सुरक्षा परिषद्ले ।

यसको ठिक तीन वर्षपछि राष्ट्र संघीय महासभाले राष्ट्र संघको बडापत्रको सट्टा यसको 'प्रक्रियागत नियम' प्रयोग गर्दै मानव अधिकार अधिवक्ता एवं राष्ट्र संघका पूर्वअधिकारी साउल ताकाहिसीले उल्लेख गरेअनुसार दक्षिण अफ्रिकाको प्रतिनिधिमण्डललाई अस्वीकार गर्ने पक्षमा मतदान गऱ्यो, अर्थात् दक्षिण अफ्रिकालाई सन् १९९४को महासभामा भाग लिनबाट रोक लगायो । यसको कारण स्वदेशी अश्वेत जनसंख्याविरुद्ध रंगभेद र नामिबियामा दक्षिण अफ्रिकाको अवैध कब्जा थियो । ठ्याक्कै यही अवस्था अहिलेको सन्दर्भमा मिल्दैन र ?

थोमस ग्रान्टले 'दक्षिण अफ्रिकाविरुद्धको कारबाहीले राष्ट्र संघको बडापत्र वा मौजुदा अभ्यासमा कुनै विशेष प्रक्रियागत मार्ग पछ्याउँदैन' भन्ने देखाउँदै महत्त्वपूर्ण आक्रमण हुँदा 'राष्ट्र संघका लागि कारबाही गर्न पर्याप्त छ' भनेका थिए । त्यसो भए राष्ट्र संघका सदस्य राष्ट्रका लागि अहिले एकल सदस्य राष्ट्र इजरायलले संघको अस्त्रियार, कर्मचारी, मुख्यालय र बडापत्रसहित राष्ट्र संघमा नै आक्रमण गर्नुभन्दा 'उल्लेखनीय' आक्रमण के हुन सक्छ ? हालै ४० देशले लेबननामा राष्ट्र संघीय शान्ति सैनिकमाथि इजरायलको जारी निर्लज्ज आक्रमणको निन्दा गर्दै संयुक्त वक्तव्य जारी गरेका छन् । तर, निन्दाका शब्द मात्र अपर्याप्त छन् । संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रले कदम चाल्नुपर्छ ।

इजरायली सरकारले युएन विशेषतः महासभालाई अप्रासंगिक र पक्षपाती भनेर दाबी गरे पनि राष्ट्र संघीय महासभाको प्रस्तावकै कारण इजरायल आज अस्तित्वमा छ । इजरायलको सन् १९४८को स्वतन्त्रताको घोषणाले संयुक्त राष्ट्र संघका सात सन्दर्भ उद्धृत गर्छ । तसर्थ इजरायललाई राष्ट्र संघबाट निष्कासन वा कम्तीमा महासभामा सहभागिता निलम्बनले सशक्त सन्देश दिनेछ, अर्थात् राष्ट्र संघको अधिकार, राष्ट्र संघका कर्मचारी र शान्ति सैनिकको जीवन महत्त्वपूर्ण छ र यसविरुद्ध एक 'दुर्जन राष्ट्र'ले युद्धको घोषणा गर्न सक्दैन ।

(हसन सञ्चार कम्पनी जेटियोका प्रमुख कार्यकारी अधिकृत एवं प्रधान सम्पादक हुन्)
- द गार्डियनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

महाराष्ट्र र झारखण्डमा हुने चुनावमा हरियाणाको नतिजाले कस्तो पर्ला प्रभाव ?

भारतमा प्रत्येक चरणको चुनावले अगाडिका राजनीतिक घटनाक्रम र गतिलाई विजेताको पक्षमा झुकाउन सक्छ। तथापि, विगत एक वर्षको अवधिमा यो सत्य देखिएन। त्यसैले अर्को चरणको चुनावमा अहिलेको गति उल्टिन सक्छ।



● राहुल बर्मा



डिसेम्बर २०२३ मा हिन्दीभाषी क्षेत्रका राज्यमा भएका विधानसभा चुनावमा विजय हासिल गरेपछि भाजपा बढी आत्मविश्वासी भएको थियो। लोकसभा चुनावमा देशका यी भागमा सुधारिएको प्रदर्शनपछि कंग्रेसका लागि पनि यही कुरा लागू हुन्छ।

हरियाणाको विधानसभा चुनाव भारतीय जनता पार्टी (भाजपा)ले जितिसकेको छ। मतपरिणाम एक हिसाबले ऐतिहासिक रह्यो, किनकि यसअघि कुनै पनि पार्टी सो राज्यमा लगातार तीन कार्यकाल सत्तामा पुगेका थिएनन्। ग्राउन्ड रिपोर्टदेखि एक्जिट पोलसम्म सबैले कंग्रेसले भारी बहुमत ल्याउने प्रक्षेपण गरेका थिए। तर, सबैको अपेक्षाविपरीत भारतीय जनता पार्टी (भाजपा) ले राज्यमा कसरी यस्तो प्रभावशाली जित हासिल गर्न सफल भयो ?

अघिल्लो पटकको चुनावभन्दा यस पटक भाजपाको भोट सेयरमा भएको वृद्धिले सबैले चकित तुल्याएको छ। उसो त भाजपाले चुनावपछि मनोहरलाल खट्टरको स्थानमा नायब सिंह सैनीलाई मुख्यमन्त्री बनाउने निर्णय गरेकाले मतदातामा केही सकारात्मक सन्देश दिएको थियो। यद्यपि, राज्यमा भाजपाको राज्य सरकारप्रति कुनै ठुलो असन्तुष्टि थिएन भन्ने तर्क गर्नु मूर्खतापूर्ण हुनेछ। हरियाणा केन्द्र सरकारले चालेका धेरै कदम, जस्तै- कृषि कानुन र अग्निपथ योजनाको विरोधको प्रमुखस्थल बनेको थियो।

बेरोजगारी तथा मतदाताको एउटा हिस्सामा देखिएको आर्थिक चिन्ता भारतभरको वास्तविकता हो र हरियाणा पनि यसबाट अछुतो छैन। त्यसबाहेक भाजपा र भारतीय कुस्ती महासंघका हेभीवेट ब्रिजभूषण शरण सिंहको विरोध गर्ने खेलाडिलाई(रेस्लिङ खेलका) प्रहरीले गरेको व्यवहारले राज्यमा भाजपाविरुद्ध केही स्तरको आक्रोश थपेको थियो। लोकसभा चुनावले पनि भाजपाको दलित मतदाताको आधारमा केही क्षय भएको संकेत गऱ्यो। त्यही वेला राहुल गान्धीले गरेको जातीय जनगणनाको मागले पनि राज्यमा कंग्रेसप्रतिको आकर्षण नबढेको होइन।

जाट समुदायका मतदातामाझ यो भावना (जातीय जनगणनाको माग) बढी देखिन्छ। यो अचम्मको विषय होइन कि जहाँसुकैका प्रभावशाली जातिहरू चर्को आवाजका साथ अगाडि बढेका हुन्छन् र तिनीहरूको इच्छा वास्तविकताको रूपमा प्रतिध्वनित हुन्छन्। यस चुनावमा कंग्रेसले आफ्नो २०१९ को साझेदारीबाट ११ प्रतिशत वृद्धि गऱ्यो, जबकि भाजपाका लागि मात्र तीन प्रतिशत अंक थियो। तसर्थ, मतमा आएको परिवर्तनले सबैलाई कंग्रेसको पक्षमा लहर आएको महसुस हुन सक्छ। तर, कंग्रेसप्रति जाट मतदाताको समर्थनले गैर-जाट समुदायहरूमा उसको कमजोरी प्रदर्शन उजागर गरेको हुन सक्छ।

भोटको परिवर्तनशील वितरण दीर्घकालीन सामाजिक पुनर्गठन र तत्काल निर्वाचन परिणाम दुवैको केन्द्रबिन्दु हो। सन् २००५ मा भूपिन्दर सिंह हुड्डा मुख्यमन्त्री हुनुअघि कंग्रेसको फराकिलो सामाजिक आधार थियो, जबकि इन्डियन नेसनल लोक दल (आइएनएलडी) जाट मतमा धेरै निर्भर थियो। राज्यको राजनीतिमा भाजपाको उदय धेरै हदसम्म आइएनएलडीको पतन भएको वेला र कंग्रेस जाट केन्द्रित बन्दै गएको समयमा भएको थियो।

यस चुनावमा भोट सेयरको हिसाबले कंग्रेसमाथि भाजपाको अग्रता एक प्रतिशत मात्रै भए पनि सिट बाँडफाँडले भने बिल्कुलै फरक चित्र देखाउँछ। सन् २०१४ मा भाजपाले ३३ प्रतिशत मतका साथ ४७ सिट जितेको थियो। तर, सन् २०१९ मा ३६ प्रतिशत मत पाउँदा पनि ४० सिट मात्रै जित्न सकेको थियो। आइएनएलडी र यसबाट अलग भएको गुट जननायक जनता पार्टी (जेजेपिए) को शक्ति घट्दै गएको छ (उक्त पार्टीले २००९ मा ३३ प्रतिशत, २०१४ मा २५ प्रतिशत र २०१९ मा १७ प्रतिशत मत प्राप्त गऱ्यो)। जेजेपिए र उसको गुटको हिस्सा अब पाँच प्रतिशतमा झरेको छ। यसले भाजपालाई उच्च दरमा सिट परिवर्तन गर्न बल प्रदान गरेको छ।

केही टिप्पणीकारले कंग्रेसमा देखिएका केही विकृतिको पनि संकेत गरेका छन्, जसमा पार्टी आत्मरतिमा रमाएको र विरोधीहरूको कमजोरीमा केन्द्रीत भएर जितको भ्रममा फसेको छ। हुन पनि बाहिरको चर्चा सुन्दा, सन् २०२३ मा छत्तीसगढमा जस्तै कंग्रेसको विजय पूर्वअनुमानित निष्कर्षजस्तो देखिन्थ्यो। भाजपाले आफू कमजोर स्थितिमा रहेको बुझ्यो। उसले स्वतन्त्र र साना दलसहित निर्वाचन क्षेत्रहरूको सूक्ष्म व्यवस्थापनको रणनीति बनायो र कंग्रेसभित्रको गुटबन्दीको फाइदा उठायो। छत्तीसगढमा टिएस सिंह देव र भूपेश बघेलबिचको शक्तिको झगडाले कंग्रेसलाई असर गऱ्यो।

हरियाणा निर्वाचन परिणामले हरियाणाको राजनीतिमा प्रभावशाली परिवारहरू- तीन लाल र हुड्डा परिवारको पतनको संकेत गर्छ। यी परिवार सन् १९६६ मा राज्य गठन भएदेखि नै नेतृत्वमा छन्। अन्य मुख्यमन्त्रीको केही छोटो कार्यकालबाहेक यी परिवारले धेरै समय राज्यमा शासन गरेका छन्। यो निर्वाचनमा यी परिवारका कतिपय सदस्यले जितेका छन् भने धेरैले हारेका छन्। यी परिवारको सिमान्तीकरणको अर्को पक्ष पनि छ, यदि भाजपाले नायब सिंह सैनी वा अन्य गैरजाट व्यक्तिलाई अर्को मुख्यमन्त्रीको रूपमा जारी राख्ने निर्णय गर्छ भने यो राज्यमा गैरजाट मुख्यमन्त्रीले शासन गरेको सबैभन्दा लामो समय हुन सक्छ। जाटहरूमा शक्ति गुमाउने भावना बढ्ने सम्भावना छ। यसले प्रभावशाली र गैरप्रभावित समुदायबिचको खाडललाई अझ फराकिलो बढाउँछ। तर, यसले भाजपालाई शासन व्यवस्थाको सन्दर्भमा कठिन परिस्थितिमा पार्न सक्छ।

महाराष्ट्र र झारखण्डको आगामी चुनावमा हरियाणाको फैसलाको प्रभाव के हुनेछ ? यद्यपि यो सत्य हो कि प्रत्येक चरणको चुनावले घटनाक्रम र गतिलाई विजेताको पक्षमा झुकाउन सक्छ। तथापि, अर्को चरणले पनि यसलाई उल्ट्याउन सक्छ, जुन हामीले विगत एक वर्षको अवधिमा देखिसकेका छौं। डिसेम्बर २०२३ मा हिन्दी भाषी क्षेत्र रहेका राज्यमा विधानसभा चुनावमा विजय हासिल गरेपछि भाजपा सायद बढि आत्मविश्वासी भएको थियो। लोकसभा चुनावमा देशका यी भागमा सुधारिएको प्रदर्शनपछि कंग्रेसका लागि पनि यही कुरा लागू हुन्छ। दलहरूले अहंकार देखाउने र मतदातालाई बेवास्ता गर्ने प्रवृत्ति त्यागुपर्छ।

(बर्मा सेन्टर फर पोलिसी रिसर्च (सिपिआर), नयाँदिल्ली शाखाका फेलो हुन्।)

हिन्दुस्तान टाइम्सबाट

इतिहासमा आज



सन् १९३३ : जर्मनीमा हिटलरको शासन सुरु भएपछि अल्बर्ट आइन्स्टाइनले सो छाडेर आजकै दिन शरणार्थीका रूपमा अमेरिका पुगे। उनले न्युजर्सीको प्रिन्स्टनमा रहेर काम गर्न थाले।

सन् १६६२ : बेलायतका राजा चार्ल्स द्वितीयले डनकर्क क्षेत्रलाई तीन लाख २० हजार पाउन्डमा फ्रान्सलाई बेचे।

सन् १८१४ : लन्डनस्थित 'भिउक्स एन्ड कम्पनी'को बियर भण्डारमा भएको विस्फोटले झन्डै तीन लाख टन बियर पोखिँदा आएको बाढीले आठजनाको ज्यान लियो। नवौं व्यक्तिको रक्सीको विषाक्तता (अल्कोहोल पोइजनिङ) का कारण निधन भयो।

सन् १८१५ : नेपोलियन बोनापार्ट आन्द्र महासागरको दक्षिणी भागमा अवस्थित टापु सेन्ट हेलेनामा निर्वासित जीवन बिताउन ल्याइए।

सन् १९०७ : गुल्येल्मो मार्कोनीको कम्पनीले आन्द्र महासगारका दुई किनारामा रहेका ग्लास बे (क्यानडा) र क्लिफडेन(आयरल्यान्ड)बिच पहिलो व्यावसायिक वायरलेस सेवा सुरु गऱ्यो।

सन् १९४३ : जापानी सेनाले मित्रशक्तिका युद्धबन्दी र एसियाली श्रमिक प्रयोग गरेर बनाएको बर्मा रेलसेवाको निर्माण पूरा गऱ्यो।

सन् १९७३ : अरब-इजरायल युद्ध सुरु भएपछि तेल उत्पादक अरब मुलुकले पेट्रोलियम पदार्थलाई आर्थिक हतियारको रूपमा प्रयोग गर्ने निर्णय गरे। निर्णयअनुसार तेल निर्यात कटौती गर्ने र अमैत्री देशहरू (इजरायलका मित्र देश)लाई तेलको नाकाबन्दी लागू गरियो।

सन् १९८९ : सानफ्रान्सिस्को क्षेत्रमा ८२ वर्षपछिको घातक भूकम्प (६.९ रेक्टर स्केलको)मा ६७ जना मारिए।

सन् १९९४ : रुसी सेनाभित्रको भ्रष्टाचारबारे अनुसन्धान गरिरहेका पत्रकार दिमित्री खोलोदोभको हत्या भयो।

सन् २००१ : इजरायली पर्यटनमन्त्री तथा दक्षिणपन्थी दल मोलेदेत पार्टीका संस्थापक रेहभाम जे एभी 'पपुलर फ्रन्ट अफ द लिबरेसन अफ प्यालेस्टाइन (पिएफएलपी)' का सदस्य मारिए। उनी हत्या गरिएका पहिलो इजरायली मन्त्री हुन्।

सन् २०१७ : जर्ज सोरोसले आफैंले स्थापना गरेको दाता सञ्जाल 'ओपन सोसाइटी फाउन्डेसन'लाई १८ अर्ब डलर दान गरेको घोषणा गरे।

सन् २०१८ : क्यानडाले मनोरञ्जनका लागि समेत गाजाको प्रयोग खुला गऱ्यो।

विश्व संक्षेप

नोबेल पुरस्कार जितेपछि एक हप्तामै बिके हानका १० लाख पुस्तक

सियोल/ साहित्यतर्फको नोबेल पुरस्कार प्राप्त गरेपछि दक्षिण कोरियाली लेखिका हान काङ्का पुस्तकको बिक्री उनको देशभित्र हवातै बढेको छ। पुरस्कार घोषणा भएको एक हप्ताभित्र हानद्वारा लिखित विभिन्न पुस्तकको १० लाख प्रतिभन्दा बढी प्रति बिक्री भइसकेको कोरियाली पुस्तक विक्रेताको संघले बुधबार जनाएको छ। लघु कथाकार र उपन्यासकार हानको म्यान बुकर पुरस्कार विजेता 'द भेजिटेरियन'का लागि उनी पहिले नै विदेशमा समेत परिचित थिइन्। नोबेल पुरस्कार जित्ने पहिलो एसियाली महिला लेखिकाको रेकर्ड राखेकी ५३ वर्षीया हानलाई 'ऐतिहासिक आघातको सामना गर्ने र मानव जीवनको नाजुकता उजागर गर्ने गहन काव्यात्मक गद्यका लागि' पुरस्कार दिइएको स्विडिस एकेडेमीले गत साता जनाएको थियो।

गत बिहीबार हानलाई नोबेल पुरस्कार दिने घोषणा भएपछि बुधबार बिहानसम्म इ-बुकसहित कम्तीमा १० लाख ६० हजार प्रति बिक्री भइसकेको तीन प्रमुख पुस्तक पसल तथा अनलाइन खुद्रा विक्रेता क्योबो, अलादिन र येस २४ ले एएफपीलाई बताएका छन्। अनलाइन पुस्तक पसल अलादिनका अनुसार हानले नोबेल पुरस्कार जितेपछि गत वर्षको अक्टुबर १५ सम्मको तुलनामा उनका पुस्तकको बिक्रीमा एक हजार २०० गुणाले वृद्धि भएको छ। साथै, समग्र दक्षिण कोरियाली साहित्यको बिक्रीमा नाटकीय रूपमा वृद्धि भएको छ। हानको नोबेल पुरस्कार जितेसँगै उनका मात्रै होइन, समग्र कोरियाली साहित्यको बिक्री नै अघिल्लो वर्षको यही समयको तुलनामा १२ गुणाले वृद्धि भएको छ। यहाँसम्म कि हानले हालै आफूले पढेको भनेर उल्लेख गरेका जुडिथ सालान्स्कीको 'इन्भेन्ट्री अफ लस' र ज्याँ ज्याक रुसोको 'एटलस डे बोटानिक एलिमेनटेयर' पुस्तकको बिक्रीसमेत बढेको अलादिनले बताएको छ।

मलेसियाका पूर्वप्रधानमन्त्री महाथिर फेरि अस्पताल भर्ना

क्वालालम्पुर/ मलेसियाका पूर्वप्रधानमन्त्री महाथिर मोहम्मदलाई श्वासप्रश्वासमा समस्या देखिएपछि अस्पताल भर्ना गरिएको उनका सहयोगीले बुधबार एएफपीलाई जानकारी दिएका छन्। दुईपटक प्रधानमन्त्री भइसकेका ९९ वर्षीय महाथिरलाई 'लगातार खोकी' लागेपछि अन्तिमपटक जुलाईमा अस्पताल भर्ना गरिएको थियो। सहयोगीका अनुसार महाथिरलाई मंगलबार साँझ 'नेसनल हार्ट इन्स्टिच्युट'मा भर्ना गरिएको छ। अस्पतालले महाथिरलाई 'लोअर रेस्पिरेटरी ट्रैक्ट इन्फेक्सन'को समस्या देखिएको जानकारी गराएको छ। पछिल्लो समय महाथिरको मुटुमा लगातार समस्या देखिएपछि बाइपास सर्जरी गरिएको थियो। सन् १९८१ देखि सन् २००३ सम्म मलेसियाको प्रधानमन्त्री रहेका महाथिर सन् २०१८ देखि २०२० सम्म ९२ वर्षको उमेरमा दोस्रोपटक प्रधानमन्त्री बनेका थिए।

बम राखिएको अर्को हल्लापछि भारतीय विमान 'डाइभर्ट'

बेंगलुरु/ भारतको राजधानी नयाँदिल्लीबाट दक्षिणी सहर बेंगलुरुका लागि उडेको विमानमा बम राखिएको चेतावनी आएपछि बुधबार विमान 'डाइभर्ट' गरियो। नयाँदिल्लीबाट उडेलगत्तै अकाश एयरको विमानलाई 'सुरक्षा चेतावनी' प्राप्त भएको थियो। त्यसपछि 'सावधानी'स्वरूप विमानलाई दिल्ली फर्कन आदेश दिइएको थियो। विमानस्थलको आपत्कालीन टोलीले विमानलाई निगरानी गर्दै दिल्लीमा सुरक्षित अवतरणका लागि आवश्यक सबै प्रक्रिया पूरा गरेको थियो। विमानमा तीन शिशुसहित १८४ जना सवार रहेको एयरलाइन्सले जानकारी दिएको छ।

स्थानीय सञ्चार माध्यमका अनुसार पछिल्लो एक हप्ता कम्तीमा पनि ६ यस्ता उडानले यस्तो चेतावनी पाएको जनाएका छन्।

नाइजेरियामा इन्धन ट्यांकर विस्फोटमा करिब सयजनाको मृत्यु

कानो/ उत्तरी नाइजेरियामा एउटा इन्धन ट्यांकर विस्फोट हुँदा करिब एक सयजनाको मृत्यु र ५० जना घाइते भएको प्रहरीले बताएको छ। प्रहरी प्रवक्ता लवान सिसु आदमका अनुसार मंगलबार राति उत्तरी जिगावा राज्यमा ट्यांकर दुर्घटनामा परेपछि सडकमा पोखिएको इन्धन संकलन गर्ने क्रममा विस्फोटको घटना भएको थियो। दुर्घटनापछि स्थानीय बासिन्दाहरू सवारी साधनको वरिपरि भेला भएर सडक र नालीमा पोखिएको इन्धन संकलन गरिरहेका थिए। माजिया सहरमा ट्रकलाई बचाउन खोज्दा इन्धन ट्यांकर पल्टिएको प्रहरी प्रवक्त सिसुले जानकारी दिए। मृतकको संख्या बढ्न सक्ने उनले बताएका छन्।

इन्धन ट्यांकर विस्फोटपछि उच्च हताहतीको घटना नाइजेरियामा घटिरहन्छ। अफ्रिकाको सबैभन्दा धेरै जनसंख्या भएको यस मुलुकका सडक बिग्रिरहने भएकाले ट्यांकर दुर्घटना दर उच्च छ। स्थानीयहरू दुर्घटना भएको ट्यांकरबाट इन्धन चोरी गर्ने प्रयास गर्छन्। संघीय सडक सुरक्षा आयोग (एफआरएससी) ले सन् २०२० मा एक हजार पाँच सय ३१ दुर्घटना अभिलेख गरेको छ, जसमा पाँच सय ३५ जनाको मृत्यु भएको थियो। एफआरएससीका अनुसार सन् २०२३ मा नाइजेरियामा सडक दुर्घटनामा पाँच हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको थियो।

ड्रागीको प्रतिवेदन कार्यान्वयनले बढाउँछ युरोपेली संघको एकता

युरोपले हाल सामना गरिरहेका चुनौती संघको अस्तित्वमै खतरा निम्त्याउने प्रकृतिको भएको ड्रागीको निष्कर्ष छ



● लुक्रेजिया रैचलिन



युरोपेली संघको दैलोमै युक्रेन युद्ध चलिरहेको छ। अमेरिका-चीनबिच बढ्दो प्रतिद्वन्द्वितालेयसको आर्थिक मोडेलको आधारलाई नै खतरामा पारेको छ। यस परिस्थितिले युरोपेलीलाई गहन राजनीतिक र आर्थिक एकीकरण आवश्यक रहेको सहमतिमा पुऱ्याउन सक्छ।

युरोपेली केन्द्रीय बैंकका पूर्वअध्यक्ष तथा इटलीका पूर्वप्रधानमन्त्री मारियो ड्रागीले उनको नेतृत्वमा गठित अध्ययन आयोगको बहुप्रतीक्षित प्रतिवेदन केही समयअघि बुझाइसकेका छन्। युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डर लेयनलाई बुझाइएको युरोपेली प्रतिस्पर्धासम्बन्धी प्रतिवेदनले कुरा नचपाई युरोपेली संघले लिनुपर्ने मार्गचित्र कोरेको छ। प्रतिवेदनले आयोगले अहिले लिइरहेको मार्ग गलत भएको भन्दै आयोगले आगामी दिनमा लिनुपर्ने आफ्ना अडान र नीति सम्बन्धमा नयाँ दृष्टिकोण प्रस्ताव गरेको छ।

युरोपले हाल सामना गरिरहेका चुनौती संघको अस्तित्वमै खतरा निम्त्याउने प्रकृतिको भएको ड्रागीको निष्कर्ष छ। हुन पनि विगत दुई दशकको अवधिमा युरोपेली संघको प्रतिव्यक्ति आय वृद्धि संयुक्त राज्य अमेरिकाको भन्दा घटिसकेको छ। ड्रागीका अनुसार युरोप बढ्दो भूराजनीतिक उतारचढाव र तीव्र प्राविधिक रूपान्तरणका कारण द्रुत परिवर्तनशील विश्वव्यापी वातावरणका लागि तयार छैन। विश्वका प्रमुख शक्तिमध्ये सबैभन्दा खुला अर्थतन्त्र भएकाले युरोपेली संघ व्यापारिक तनाव र अन्य अवरोधप्रति सबैभन्दा संवेदनशील रहन्छ। त्यसमाथि, यो भेग बाहिरबाट आयातित ऊर्जा र महत्त्वपूर्ण कच्चापदार्थमा अत्यधिक निर्भर छ, जुन कारणले उसले अन्य विश्वव्यापी प्रतिद्वन्द्वीभन्दा बढी ऊर्जामा खर्चनुपर्ने बाध्यता छ। अर्थशास्त्रअनुसार आर्थिक नेतृत्वका लागि सस्तो ऊर्जामाथिको पहुँच महत्त्वपूर्ण हुन्छ।

प्राविधिक आविष्कार र व्यावसायीकरणजस्ता क्षेत्रमा पनि युरोप अमेरिका र चीनभन्दा पछाडि परेको छ। प्राविधिक उद्योगमा युरोपेली संघको उपस्थिति न्यून छ। अहिले संघका कुनै पनि उद्योग पुँजीकरणको आधारमा विश्वको शीर्ष दश प्राविधिक कम्पनीभित्र छैनन्। कुनै समय बजारमा प्रभुत्व कायम गरेका युरोपेली संघका सवारीसाधन उद्योगले पनि आफ्नो आधार गुमाउँदै छन्। युरोपको समस्या विचारको कमीमा होइन, ती विचारको व्यावसायिक रूपान्तरणमा छ।

प्रतिस्पर्धी बन्न व्यापार बचतभन्दा उत्पादकत्वमा जोड दिनुपर्छ भन्नेमा अर्थशास्त्री सहमत छन्, यही कुरामा युरोपेली संघ कमजोर देखिएको छ। युरोपेलीहरू आफ्नो उच्च सामाजिक मोडेल तथा जीवनको उच्च गुणस्तरप्रति गर्व गर्छन्। तर, जनसांख्यिकीय प्रवृत्ति र उत्पादकत्व अहिलेकै स्तरमा कायम रह्यो भने यी उपलब्धि पनि संकटमा पर्नेछन्। यस सन्दर्भमा ड्रागीले निराशाजनक तर यथार्थपरक चित्र कोरेका छन्। उनका अनुसार कठोर नीतिगत परिवर्तन कार्यान्वयन गर्नुअघि युरोपेलीहरूले ठोस राजनीतिक सहमति कायम गर्नुपर्छ। त्यसैभित्र युरोपेली पुँजीवादको स्वरूपको सबलता र कमजोरीको स्पष्ट विचार पनि समावेश गर्नुपर्छ। ड्रागीको प्रतिवेदनले यस प्रक्रियालाई उत्प्रेरित मात्रै गऱ्यो भने पनि त्यो ठुलो उपलब्धि हुनेछ।

ड्रागीको रिपोर्टले वर्तमान समस्या बुझ्न मात्र मद्दत गर्दैन, युरोपलाई थप प्रभावकारी कदम चाल्न प्रेरित गर्छ। उदाहरणका लागि, सन् १९९० को दशकमा प्रचलित विश्वले न्यून उत्पादकत्वले श्रमबजारको कठोरतालाई प्रतिबिम्बित गर्छ भन्थ्यो। तर श्रम बजार लचिलो बनाउँदा उत्पादकत्वमा वृद्धि हुन सकेन। ड्रागीका अनुसार योभन्दा उपयुक्त नीति 'निजी तथा सार्वजनिक साझेदारी लगानी' हुन्छ। तर, अहिले बजार खण्डीकरण, प्रविधि नियमन तथा नवप्रवर्तनबिच सही सन्तुलन कायम गर्न नीति-निर्माताले देखाएको असफलताले निजी लगानीमा बाधा पुऱ्याइरहेको छ।

त्यसबाहेक सही प्राथमिकता तोक्नमा देखिएको असफलता, संघको उद्देश्यअनुरूपको औद्योगिक-नीतिको अभाव र सबैभन्दा महत्त्वपूर्ण, युरोपभित्र वित्त जुटाउन देखिएको असमर्थताले सार्वजनिक लगानीलाई कमजोर बनाउँदै छ। यसैलाई ध्यान दिँदै ड्रागी सार्वजनिक खर्चलाई नवीन आविष्कारमा पुनः केन्द्रित गर्नुपर्ने तर्क गर्छन्। त्यसअतिरिक्त 'स्टार्टअप'हरूको क्षमता बढाउन बाधा पुऱ्याउने अनावश्यक नियम खारेज गर्न उनले सुझाव दिएका छन्।

युरोपव्यापी नवप्रवर्तन पर्यावरण (इकोसिस्टम)लाई बढावा दिन आवश्यक रहेको उनको निचोड छ। उनी केही चुनिएका क्षेत्रका नवप्रवर्तनकारी उद्योगलाई अनुदान र सुरक्षा दिनुपर्ने वकालत गर्नबाट समेत पछि हटेका छैनन्। हुन पनि त्यस्तो कदमले अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धा गर्न सक्षम बनाउन सघाउ पुऱ्याउँछ। ड्रागीले ऊर्जा लागत कम गर्न एकीकृत युरोपेली ऊर्जा बजार स्थापना गर्न सुझाएका छन्। उनले युरोपेली संघलाई मित्रवत् साझेदारलाई प्राथमिकता दिने 'विदेशी आर्थिक नीति' आवश्यक भएको बताएका छन्।

आलोचकहरूले यी अडानलाई बढी नै उथलपुथलकारी भएको आरोप लगाउन सक्छन्। तर, ड्रागीको प्रतिवेदनलाई संरक्षणवादी व्यापार नीति र बृहत्तर औद्योगिक नीतिको पूर्ण अनुमोदनका रूपमा लिइनुहुँदैन। उनले न त युरोपेली संघले 'विजेताको पक्षपोषण गर्नुपर्ने' भनेका छन्, न त सबैलाई संरक्षण दिनुपर्ने वकालत गरेका छन्। यस्तोमा विश्व व्यापार संगठनका नियम परिमार्जन गर्ने त झन् परको कुरा भयो।

ड्रागीको प्रतिवेदनले युरोपलाई 'युद्ध-अर्थतन्त्र'मा ढाल्नुपर्ने र त्यसलाई साझा मोर्चाका रूपमा प्रयोग गरेर अघि बढाउन आह्वान गर्छ। तर, संघभरि नवप्रवर्तन, ऊर्जा, रक्षा, औद्योगिक नीति र साझा वित्तीय उपकरणको एकल दृष्टिकोण विकास गर्नु सजिलो काम हुनेछैन। किनकि, यसका लागि अधिकांश सदस्य मुलुकभित्र बलियो र दिगो राजनीतिक इच्छाशक्ति आवश्यक पर्छ। युरोपेली संघको नामले संकेत गरेजस्तो यो संघ होइन। र, संघभित्र समय-समयमा आर्थिक राष्ट्रवादले प्रश्रय पाउने गरेको छ। यसले सदस्य राष्ट्रहरूको खुला सीमामा अवरोध आउने, समन्वय नहुने र साझा वित्तपोषणमा बाधा पुग्ने समस्या देखिने गरेको छ। आज, संघले ल्याउने साझा बजेट सदस्य राष्ट्रहरूको कुल गार्हस्थ उत्पादनको एक प्रतिशत मात्र छ। कोभिड-१९ महामारीको समयमा सबै संघलाई समेट्ने गरी साझा ऋण जारी गरिएको थियो, जुन खासमा एकपटकका लागि मात्र जारी गरिएको थियो।

निश्चित रूपमा युरोपेली संघको दैलोमै युक्रेन युद्ध चलिरहेको छ। अमेरिका-चीनबीच बढ्दो प्रतिद्वन्द्वीताले यसको आर्थिक मोडेलको आधारलाई नै खतरामा पारेको छ। यस परिस्थितिले युरोपेलीलाई गहन राजनीतिक र आर्थिक एकीकरण आवश्यक रहेको सहमतिमा पुऱ्याउन सक्छ। तर, संघ उल्टो दिशामा धकेलिएर यसका सदस्य मुलुक आर्थिक राष्ट्रवादको गहिराइमा धकेलिने सम्भावना पनि उच्च छ। सदस्य राष्ट्रबिच अविश्वास बढिरहेको तथा एकीकरणलाई सहजीकरण गराउने संघव्यापी लोकतान्त्रिक प्रक्रियाको अभावले गर्दा युरोपेली नेताहरूले ड्रागीको चेतावनीलाई ध्यान देलान् भनेर शंका गर्ने प्रशस्त कारण छन्।

(युरोपेली केन्द्रीय बैंककी पूर्वअनुसन्धान निर्देशक रैचलिन 'लन्डन बिजनेस स्कुल'की अर्थशास्त्रकी प्राध्यापक हुन्।)

प्रोजेक्ट सिन्डिकेटबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार १ कात्तिक ०८१

एक दशकमा पनि पूरा भएन ठुला औद्योगिक क्षेत्र थप्ने योजना

०७२ मा घोषणा गरिएका औद्योगिक क्षेत्र डिपिआर र इआइएमै सीमित, शिलान्यास भए, तर निर्माण अघि बढेनन्

कृष्ण रिजाल/नयाँ पत्रिका

सरकारले सातै प्रदेशमा ठूला औद्योगिक क्षेत्र स्थापना गर्ने घोषणा गरेको एक दशक पुग्नै लागेको छ। तर, घोषणाअनुसार ठुला औद्योगिक क्षेत्र स्थापना त परको कुरा, निर्माण प्रक्रियासमेत सुरु भएका छैनन्।

०७१ मा तत्कालीन उद्योगमन्त्री महेश बस्नेतले प्रत्येक प्रदेशमा ठूला औद्योगिक क्षेत्र स्थापना गर्ने योजना अघि सारेका थिए। बस्नेतको योजनालाई अघि बढाउँदै त्यसपछिका उद्योगमन्त्री सोमप्रसाद पाण्डेले प्रदेशमा ठूला औद्योगिक क्षेत्र निर्माण गर्ने प्रक्रिया अघि बढाए, त्यसपछिका उद्योगमन्त्री नवीन्द्रराज जोशीले पनि निरन्तरता दिए। हरेकजसो उद्योगमन्त्रीले ठूला औद्योगिक क्षेत्र निर्माणलाई उच्च प्राथमिकतामा राखेर अघि बढाउने घोषणा गर्दै आएका छन्। तर, परिणाम भने निराशाजनक देखिन्छ।

सरकारले मुलुकमा औद्योगिक क्रान्ति गर्ने भन्दै सातै प्रदेशमा औद्योगिक क्षेत्र निर्माण गर्ने योजना आर्थिक वर्ष ०७२/७३ मै सार्वजनिक गरेको थियो। सातै प्रदेशमा औद्योगिक क्षेत्र सञ्चालनमा ल्याएर कम्तीमा १० लाख जनतालाई प्रत्यक्ष र ३० लाखलाई अप्रत्यक्ष रोजगारी दिने मन्त्रालयको योजना छ। तर, यो महत्त्वाकांक्षी योजना यथार्थमा परिणत हुन सकेको छैन।

१ चैत ०७२ मै सरकारले मोतीपुर औद्योगिक क्षेत्र, नौवस्ता औद्योगिक क्षेत्र र दैजी औद्योगिक क्षेत्र निर्माण गर्ने निर्णय गरेको थियो। तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले आर्थिक वर्ष ०७३/७४ को बजेटमार्फत एक प्रदेश एक औद्योगिक क्षेत्रको नीति अवलम्बन गर्दै ठूला औद्योगिक क्षेत्र निर्माणको घोषणा गरेका थिए। सरकारले राजनीतिक लाभ एवं लोकप्रियताका लागि औद्योगिक क्षेत्र घोषणा गरे पनि पर्याप्त बजेट र प्राथमिकता नदिँदा अपेक्षित नजिता हासिल नभएको जानकारहरू बताउँछन्।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका सूचना अधिकारी कृष्णबहादुर पुनले वन तथा वातावरण, स्थानीय अवरोध र राजनीतिक कारण औद्योगिक क्षेत्र विकासले अपेक्षित गति लिन नसकेको बताए। यद्यपि, चार-पाँचवटा औद्योगिक क्षेत्र निर्माणमा जान तयार भइसकेको उनको भनाइ छ। दैजी, नौवस्ता, मोतीपुर, मयूरधाप, शक्तिखोर र दमक औद्योगिक क्षेत्र निर्माणको प्रक्रियामा रहेको उनको भनाइ छ। 'कुनैमा वन तथा वातावरण तथा कुनैमा स्थानीयको अवरोध छ, तर अधिकांशमा चार किल्ला तोक्ने, डिपिआर तथा इआइए स्वीकृत गर्ने, सम्पर्क कार्यालय राख्नेलगायतका काम भइसकेका छन्,' उनले भने, 'देखिएका अवरोध तथा समस्या सल्टाएर लगानीको मोडालिटी टुंगो लगाउने हो भने निर्माण सुरु गर्न सकिन्छ।'

कुन औद्योगिक क्षेत्रको प्रगतिको अवस्था कस्तो छ ?



■ **दैजी औद्योगिक क्षेत्र** : मन्त्रिपरिषद्को निर्णयले १ चैत ०७२ मा कञ्चनपुरको दैजी छेलामा औद्योगिक क्षेत्र निर्माणको घोषणा गरेको थियो। करिब तीन सय ५५ बिघा क्षेत्रफलमा बन्ने दैजी औद्योगिक क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) र वातावरणीय प्रभाव मूल्यांकन (इआइए) प्रतिवेदन स्वीकृत भइसकेको छ। दैजी औद्योगिक क्षेत्रमा सात कट्ठादेखि पाँच बिघाका एक सयवटा प्लट हुनेछन्। बहुवर्षीय आयोजनाका रूपमा अघि बढेको यस औद्योगिक क्षेत्रको कुल लागत नौ अर्ब लाग्ने देखिएको छ भने आयोजना निर्माणपछि २२ हजारले रोजगारी पाउने अनुमान गरिएको छ। शिलान्याससमेत भइसकेको यस औद्योगिक क्षेत्रपरिसरका रुख कटानको तयारी भइरहेको छ। त्यसपछि डिपिआरअनुसार निर्माण प्रक्रिया अघि बढ्नेछ।



■ **मोतीपुर औद्योगिक क्षेत्र** : सरकारले १ चैत ०७२ मा मोतीपुर औद्योगिक क्षेत्र स्थापना गर्ने निर्णय गरेको थियो। करिब आठ सय ५० बिघा क्षेत्रफलमा बन्ने मोतीपुर औद्योगिक क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) र वातावरणीय प्रभाव मूल्यांकन (इआइए) प्रतिवेदन स्वीकृत भइसकेको छ। यस औद्योगिक क्षेत्रमा करिब पाँच सय ५० वटा औद्योगिक प्लट रहनेछन्। यस औद्योगिक क्षेत्रभित्र उद्योगहरू सञ्चालनमा आएपछि करिब ५२ हजारजनाले प्रत्यक्ष रोजगारी पाउने सम्भावना रहेको छ। तर, औद्योगिक क्षेत्रपरिसरमा बस्तीसमेत परेका स्थानीयले विरोध गरेका छन्। सरकारले उक्त औद्योगिक क्षेत्र शिलान्यास गर्न सकेको छैन।



■ **मयूरधाप औद्योगिक क्षेत्र** : सरकारले हेटौंडा उपमहानगरपालिकामा पर्ने मयूरधापमा औद्योगिक क्षेत्र निर्माण गर्ने घोषणा १२ वैशाख ०७३ मा गरेको थियो। करिब दुई सय बिघा क्षेत्रफलमा बन्ने मयूरधाप औद्योगिक क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) स्वीकृत भइसकेको छ। यस औद्योगिक क्षेत्रको कुल लागत सात अर्ब दुई करोड रुपैयाँ लाग्ने देखिएको छ। कुल ६२ वटा प्लट रहने यस औद्योगिक क्षेत्रले १० हजारलाई रोजगारी दिनेछ। मयूरधापको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) प्रतिवेदन भने स्वीकृत भएको छैन। निकुञ्ज क्षेत्रमा पर्ने भएकाले थप प्रक्रिया अघि बढ्न सकेको छैन।



■ **नेपाल-चीन औद्योगिक पार्क** : सार्वजनिक-निजी साझेदारीको अवधारणाबमोजिम निर्माण एवं सञ्चालन हुने गरी झापाको दमकमा ठूलो औद्योगिक क्षेत्र निर्माणको घोषणा भएको पनि दशक पुग्न लागिसकेको छ। झापाको दमकमा बन्ने 'चाइना नेपाल फ्रेन्डसिप इन्डस्ट्रियल पार्क' परियोजनाको लगानीसमेत स्वीकृत भइसकेको छ। १७ साउन ०७६ मा सम्पन्न लगानी बोर्डको ३९औँ बैठकले उक्त परियोजना निर्माणका लागि ५८ करोड ६१ लाख अमेरिकी डलरबराबरको लगानी स्वीकृति गरेको थियो। १६ फागुन ०७७ मा शिलान्यास भएको उक्त परियोजना ल्हासा इकोनोमिक एन्ड टेक्नोलोजी डेभलपमेन्ट जोन, जिडपिङ ज्वाइन्ट क्रिएसन कन्स्ट्रक्सन प्रोजेक्ट डेभलपमेन्ट कम्पन लिमिटेड (जेपिजैसिसिपिडी) र दमक क्लिन इन्डस्ट्रियल पार्कको संयुक्त लगानीमा निर्माण हुन लागेको हो। अहिले यस परियोजनाका लागि जग्गा अधिग्रहणलगायत काम भइरहेको छ।

■ **नौवस्ता औद्योगिक क्षेत्र** :



बाँकेको नौवस्तामा औद्योगिक क्षेत्र स्थापनाका लागि सरकारले १ चैत ०७२ मा घोषणा गरेको थियो। करिब तीन सय ३८ बिघा क्षेत्रफलमा बन्ने नौवस्ता औद्योगिक क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) र वातावरणीय प्रभाव मूल्यांकन (इआइए) प्रतिवेदन स्वीकृत भइसकेको छ। शिलान्यास भइसकेको यस क्षेत्रमा सम्पर्क कार्यलयसमेत रहेको छ। तर, परिसरभित्र बस्तीसमेत पर्ने भएकाले निर्माण प्रक्रिया अघि बढ्न सकेको छैन। यस औद्योगिक क्षेत्रमा एक सय ११ वटा प्लट हुनेछन्। औद्योगिक क्षेत्र निर्माणका लागि आठ अर्ब ७७ करोड रुपैयाँ लगानी लाग्ने देखिएको छ। यस औद्योगिक क्षेत्र सञ्चालनमा आएपछि २० हजारले रोजगारी पाउने अनुमान गरिएको छ।

■ **शक्तिखोर औद्योगिक क्षेत्र** :



सरकारले ३ फागुन ०७३ मा चितवनको शक्तिखोरमा औद्योगिक क्षेत्र स्थापना गर्ने घोषणा गरेको थियो। शक्तिखोर औद्योगिक क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भए पनि स्वीकृत भएको छैन। डिपिआरमा छलफल र संशोधन भइरहेको छ। कुल एक हजार सात सय ४१ बिघा क्षेत्रफलमा निर्माण हुने शक्तिखोर औद्योगिक क्षेत्रमा जसमा सात सय २३ प्लटहरू रहनेछन्। औद्योगिक क्षेत्रको सात सय २३ बिघामा उद्योगहरू रहनेछन् भने बाँकी तीन सय २४ बिघा युटिलिटी क्षेत्रले ओगट्नेछ। त्यस्तै, चार सय ४६ बिघा हरियाली क्षेत्र र ६५ बिघा आवासीय क्षेत्रका लागि छुट्याइएको छ। यस औद्योगिक क्षेत्र पूर्ण रूपमा सञ्चालनमा आउँदा करिब एक लाख १० हजारजनाले प्रत्यक्ष रोजगारी पाउने सम्भावना रहेको छ। यस औद्योगिक क्षेत्रको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) प्रतिवेदन स्वीकृत भइसकेको छ। शक्तिखोर औद्योगिक क्षेत्रपरिसरमा चार-पाँच लाख रुख कटान गर्नुपर्ने देखिएको छ। रुख कटानमा समस्या भएपछि यसको थप प्रक्रिया अघि बढेको छैन। डिपिआर स्वीकृत भएपछि थप प्रक्रिया अघि बढ्ने कार्यालयले जनाएको छ।

बुधबार नेप्से ४३.२२ अंकले वृद्धि

नयाँ पत्रिका

दसैँपछि खुलेको सेयर बजार बढ्ने क्रमले बुधबार पनि निरन्तरता पाएको छ। बुधबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ४३.२२ अंकले बढेको छ। दसैँ बिदापछि मंगलबार खुलेको बजारमा पनि ३१.४८ अंकले वृद्धि भएको थियो। बुधबार पुनः १.६० प्रतिशत बढेर नेप्से २७४२.८८ विन्दुमा पुगेको छ। दिनभरको उचारचढावमा बुधबार नेप्से सूचक २७४८.८० विन्दुसम्म पनि पुगेको थियो।

बुधबार पाँच अर्ब ६६ करोड दुई लाख ३७ हजार रुपैयाँको कारोबार भएको छ। नेप्सेका अनुसार बुधबार ३२० स्क्रिप्ट (कम्पनी)को १ करोड ३२ लाख २४ हजार ३ सय २२ कित्ता सेयर खरिद-बिक्री भएको छ। कारोबार संख्या भने ६५ हजार ८ सय ४५ रहेको छ। बुधबार बजार पुँजीकरण भने ४३ खर्ब ६१ अर्ब ४५ करोड रुपैयाँ पुगेको छ। नेप्सेका अनुसार बुधबार १३ वटा नै उपसूचक (सबइन्डेक्स) बढेको छ। बुधबार सेन्सेटिभ इन्डेक्स ७.६८ अंकले बढेर ४९३.९८, फ्लोट इन्डेक्स ३.२८ अंकले बढेर १८९.७९ र सेन्सेटिभ फ्लोट इन्डेक्स २.७४ अंकले बढेर १६३.८२ विन्दुमा पुगेको छ।

बुधबार विजय लघुवित्तको सेयर मूल्य प्रतिकित्ता ९.३३ प्रतिशत (७९.९० रुपैयाँ)ले बढेर ९३६ रुपैयाँ पुगेको छ। यस्तै, इस्टर्न हाइड्रोपावरको मूल्य प्रतिकित्ता ९.२४ प्रतिशतले बढेर ९४५ रुपैयाँ पुगेको छ। समता लघुवित्तको मूल्य ८.६२ प्रतिशतले बढेर प्रतिकित्ता ९४५ रुपैयाँ पुगेको छ। बुधबार २५० वटा कम्पनीको मूल्य बढेको छ। सेयर बजार बढ्दा पनि ५४ कमपनीका मूल्य भने घटेको छ। त्यसमा अप्पर सांगे हाइड्रोपावरमा नकारात्मक सर्किट लागेको छ। उक्त कम्पनीको मूल्य १० प्रतिशतले घटेर ८६४.९० रुपैयाँमा सीमित भएको छ। त्यस्तै, मिडसोलु हाइड्रोपावर, मिथिला लघुवित्त, मान्दु हाइड्रोपावरलगायतका कम्पनीको मूल्यमा गिरावट आएको छ। यीबाहेक कारोबारमा आएका १६ कम्पनीको सेयर मूल्य भने स्थिर रहेको छ।

गरिबी निवारण उच्च प्राथमिकतामा : मन्त्री अधिकारी



नयाँ पत्रिका

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले गरिबी निवारण सरकारको उच्च प्राथमिकतामा रहेको बताएका छन्। मन्त्रालयको अगुवाइमा बिमस्टेकका सदस्य राष्ट्रहरूसँग गरिबी निवारणसम्बन्धी द्विदिवसीय तेस्रो विज्ञ समूहको बैठकमा उनले यस्तो बताएका हुन्।

बुधबार सम्पन्न बैठकमा बिमस्टेकमा सबै सात सदस्य राष्ट्र बंगलादेश, भारत, श्रीलंका, थाइल्याण्ड, म्यानमार, भुटान र नेपालका प्रतिनिधिहरू सहभागी भएका थिए। बैठकमा गरिबी निवारणमा बिमस्टेक सदस्य राष्ट्रहरूले सहकार्य गर्नुपर्नेमा उनले जोड दिए। 'बिमस्टेकले सदस्य राष्ट्रहरूलाई गरिबी निवारणमा सहकार्य र सहयोग गर्न महत्त्वपूर्ण मञ्च प्रदान गरेको छ,' उनले भने, 'यस छलफलको माध्यमबाट सदस्य राष्ट्रहरूसँग गरिबी घटाउने संयुक्त प्रयासमा यस क्षेत्रमा संयुक्त र एकीकृत समाधान निकाल्नुपर्नेमा जोड दिनुपर्ने आवश्यकता देखिएको छ।'

नेपालको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सहसचिव श्रीराम ठाकुरको नेतृत्वमा आयोजना गरिएको बैठकमा गरिबी निवारणका विभिन्न मुद्दामा विचार विमर्श गरिएको छ। बैठकले सदस्य राष्ट्रहरूबिच गरिबी घटाउने उपाय, सफलता र चुनौतीमा छलफल गरी अनुभव आदान-प्रदान गर्ने लक्ष्य राखेको छ र आगामी सचिव स्तरीय र मन्त्रिस्तरीय बैठकको सम्बन्धमा सहमति जुटाउने काम सम्पन्न गरेको छ।

बैठकमा विभिन्न राष्ट्रहरूले आफ्नो गरिबी निवारणका रणनीति र उपलब्धि प्रस्तुत गरेका थिए। नेपालले आफ्नोतर्फबाट पनि गरिबी निवारणसम्बन्धी आफ्नो रणनीति र चुनौतीका साथै कृषि र रोजगारी सिर्जनामा आधारित गरिबी निवारणका कार्यक्रमहरूबारे जानकारी गराएको सहसचिव श्रीराम ठाकुरले जानकारी दिए। त्यसैगरी, गरिबी निवारणका सन्दर्भमा नवीनतम रणनीतिहरू, साझेदारीका अवसर र दीर्घकालीन समाधानबारे सदस्य राष्ट्रहरूको एकढिक्का भएको सहसचिव ठाकुरको भनाइ छ।

भैरहवामा २४ कात्तिकदेखि जजिराको पुनः उडान हुँदै

नयाँ पत्रिका

काठमाडौं/ कुवेतको जजिरा एयरवेजले २४ कात्तिकदेखि भैरहवाको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट पुनः नियमित उडान गर्ने भएको छ। जजिराले कुवेत-भैरहवा र भैरहवा-कुवेत उडानका लागि टिकट बुकिङसमेत खुला गरेको हो।

जजिराले ९ नोभेम्बर (२४ कात्तिक)देखि भैरहवामा उडान गर्नेभन्दै टिकट बुकिङ खुला गरेको सामाजिक सञ्जालमार्फत जानकारी गराएको छ। जजिराले कुवेत-भैरहवा-कुवेत सातामा तीन दिन उडान गर्न क्यानबाट अनुमतिसमेत पाइसकेको छ। जजिराको एयरबस-३२० नियो जहाज बिहान ७:४५ बजे भैरहवा अवतरण गरेर ८:३० बजे कुवेत फर्किनेछ।

मंगलबार, बिहीबार र आइतबार कुवेत-भैरहवा उडान गर्ने जजिराले हवाई भाडासमेत सार्वजनिक गरेको छ। कुवेत-भैरहवा उडानको एकतर्फी भाडादर न्यूनतम करिब साढे १४ हजार रुपैयाँ (३३ कुवेती दिनार) तोकेको छ। जजिराले गौतम बुद्ध विमानस्थल उद्घाटनकै दिन २ जेठ ०७९ देखि उडान गर्दै आएको थियो। तर, मौसमलगायतका कारण देखाउँदै रोकिएको उडान फेरि सुचारु गर्न लागेको हो।

■ फ्लाई दुबईलाई दैनिक उडान अनुमति

फ्लाई दुबईले पनि २४ कात्तिकदेखि भैरहवाको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिक अन्तर्राष्ट्रिय उडान गर्ने तयारी गरेको छ। फ्लाई दुबईलाई ९ नोभेम्बर (२४ कात्तिकदेखि) दुबई-भैरहवा-काठमाडौं-दुबई उडान गर्न अनुमति दिएको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले जानकारी दिएको छ। फ्लाई दुबईले सातामा सातै दिन भैरहवा उडान गर्ने अनुमति पाएको क्यानका सहप्रवक्ता ज्ञानेन्द्र भुलले बताए। उनका अनुसार प्रस्तावित उडान तालिकामा दुबईबाट उडेको जहाज दिउँसो पौने दुई बजे भैरहवा अवतरण गर्नेछ। भैरहवाबाट पौने तीन बजे काठमाडौंका लागि उड्ने र काठमाडौंबाट साढे चार बजे दुबई फर्कने तालिका रहेको सहप्रवक्ता भुलले बताए।

नेपाल वायु सेवा निगमले भैरहवाबाट सातामा एउटा अन्तर्राष्ट्रिय उडान गर्दै आएको छ। निगमले हरेक मंगलबार मलेसिया-भैरहवा-काठमाडौं उडान गर्दै आएको छ। अब जजिरा र फ्लाई दुबईले उडान सुरु गरेपछि भैरहवामा अन्तर्राष्ट्रिय उडान गर्ने वायुसेवा कम्पनीको संख्या तीन पुग्ने भएको छ। त्यस्तै, थाई एयर एसियाले भैरहवामा पनि उडान गर्ने तयारी गरिरहेको छ। थाई एयर एसियाको टोलीले ३ अक्टोबरमा भैरहवा विमानस्थल भ्रमण गरेको थियो।

दसैँ-तिहारमा आन्तरिक पर्यटनको गन्तव्य बन्दै 'मनाङ'

लमजुङ/ नेपालीको जीवनशैली बिस्तारै फेरिँदै गएको छ। घुमघाम गर्ने चलन बढ्न थालेको छ। विगतमा भ्रमणतर्फ चासो नदिने आन्तरिक पर्यटकले हाल बिदाको समयलाई उपयोग गर्न थालेका छन्। दसैँको बिदामा हिमाली जिल्ला मनाङलाई गन्तव्य बनाएर आन्तरिक पर्यटक आउने क्रम ह्वात्तै बढेको छ।

पछिल्लो समय हिमाली जिल्ला मनाङ आन्तरिक पर्यटकको गन्तव्य बनेको छ। बिदाको समय घुम्न मनाङ सहज हुँदै गएको छ। मनाङमा दसैँ र तिहार बिदालाई उपयोग गर्दै पारिवारिक भ्रमणमा पुग्ने आन्तरिक पर्यटकको चहलपहल बढेको पर्यटन व्यवसायी संघ मनाङका अध्यक्ष विनोद गुरुङ बताउँछन्।

उनी भन्छन् पछिल्लो समय मनाङ दसैँ र तिहार बिदा मनाउने आन्तरिक पर्यटकको गन्तव्य बनेको छ।

पर्यटकको आवागमन बढेपछि मनाङका होटेल तथा पर्यटन व्यवसायी खुसी भएका छन्। पर्यटक आवागमन वृद्धि हुँदा उनीहरूको आयस्तरसमेत वृद्धि हुनेछ। हिमाल र पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरताको अवलोकन गर्नुका साथै मनाङबाट थोराङ्लापास गरी मुस्ताङ तथा पोखरा जानका लागि अन्नपूर्ण पदमार्गमा पर्यटक आउने गर्छन्। अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका- ७ मनाङ चौतारामा पर्छ।



नागढुंगा सुरुङमा कंक्रिट लाइनिङ सम्पन्न

■ ८० प्रतिशत भौतिक निर्माण सकियो ■ ०८२ को दसैँभित्र परियोजना तयार हुने ■ सिभिलतर्फ सडक क्रंकिट र ओभरपासको काम बाँकी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सिस्नेखोला-नागढुंगा सुरुङमार्गअन्तर्गतको मुख्य टनेल र क्रस प्यासेजमा कंक्रिट लाइनिङ (भित्ता र सिलिङको ढलान/कंक्रिटिङ)को काम सम्पन्न भएको छ। २६ सय ८८ मिटर लामो मुख्य टनेल, लगभग १८ मिटर लम्बाईका सात क्रस प्यासेज (मुख्य र रेस्क्यु टनेल जोड्ने सुरुङ) र रेस्क्यु टनेलका केही खण्ड गरेर कुल २८ सय १२ मिटर खण्डमा कंक्रिट लाइनिङ गरिएको हो। परियोजना कार्यालयले बुधबार सार्वजनिक गरेको एक रिपोर्टअनुसार कंक्रिट लाइनिङको काम शतप्रतिशत सकिएको छ।

२५ सय ५७ मिटर लामो रेस्क्यु टनेलमा भने आवश्यकताअनुसार सीमित ठाउँमा मात्रै कंक्रिट लाइनिङ गरिएको छ। यसैगरी, सुरुङभित्र नाली (पानी बग्ने नहर) पनि यसअघि नै तयार भइसकेको छ। अब सुरुङभित्र सिभिल निर्माणतर्फ सडक (भुइँ) कंक्रिटिङ गर्ने काम बाँकी छ। सुरुङभित्रको सडकलाई कंक्रिटिङ गर्ने काम पनि सुरु भइसकेको परियोजनाका इन्जिनियर रमेश कोइरालाले जानकारी दिए।

'कंक्रिटिङ भने मुख्य र रेस्क्यु गरेर दुवै टनेल सडकमा हुनेछ। साथै, क्रस प्यासेजका सडकमा पनि कंक्रिटिङ गरिनेछ। यो काम सुरु भइसकेको छ,' उनले भने, 'दिनमा एक सय मिटरसम्म पनि सडक कंक्रिटिङ भइरहेको छ। रेस्क्यु टनेलमा एक लेन मात्रै सडक हुने भएकाले एकैपटकमा वारपार क्रंकिटिङ हुने गरेको छ। दुई लेन सडक हुने मुख्य टनेलमा भने पहिलो चरणमा सिंगल लेनलाई मात्रै कंक्रिटिङ गरिएको छ। त्यसले गर्दा करिब



पाँच महिनामा कंक्रिटिङको सबै काम सम्पन्न हुनेछ।' उनका अनुसार सुरुङभित्रको सडकमा कालोपत्रे नभएर जापानिज प्रविधिको कंक्रिटिङ गरिनेछ। हालसम्म सुरुङको भौगोलिक अवस्था स्टेबल भइसकेको छ। तसर्थ, अब सुरुङमार्गभित्रका सबै काम धमाधम गर्न सकिने उनको भनाइ छ।

कंक्रिटिङको काम सकिएपछि सुरुङमार्गभित्र अक्सिजनको मात्रा मिलाउने, कन्ट्रोल सिस्टम बनाउने, टेलिफोन जडान गर्ने, रेस्क्यु सेन्टर बनाउने, बिजुली जडान गर्ने, तापक्रम मिलाउनेलगायत काम गर्नुपर्छ। त्यसका लागि पनि आवश्यक तयारी भइरहेको उनको भनाइ छ।

परियोजनामा मुख्यतः मुख्य र रेस्क्यु गरेर दुई सुरुङमार्ग हुनेछन्। पश्चिम धादिङको सिस्नेरीबाट सुरु भएको सुरुङमार्ग काठमाडौं नागढुंगामा निस्कनेछ। २६ सय ८८ मिटरको मुख्य सुरुङमार्ग ३ वैशाख र २५५७ मिटरको रेस्क्यु टनेल भने २२ साउन ०८० मा छिचोलिएको थियो। सुरुङमार्ग सञ्चालन गर्न दुवैतर्फ 'कन्ट्रोल बिल्डिङ' पनि बन्दै छन्, त्यसको सिभिल निर्माणको काम पनि सकिएको छ। हाल त्यसको फिनिसिङ र भवनभित्र आवश्यक उपकरणहरू जोड्ने काम भइरहेको छ।

यस्तै, सुरुङको पूर्वी प्रवेशद्वारलाई पृथ्वी राजमार्गसँग जोड्न बलम्बुमा १२८ मिटर लामो ओभरपास निर्माण गरिँदै छ। त्यसको निर्माण पनि अन्तिम चरणमा रहेको छ। ओभरपास र पूर्वी प्रवेशद्वारको बिचमा आवश्यकताअनुसार सडक पनि निर्माण भइसकेको छ।

यस परियोजनाअन्तर्गतका १२ मध्ये ११ संरचना यसअघि नै निर्माण सम्पन्न भएका छन्। तीनवटा अन्डरपास र चारवटा बक्स कल्भर्ट (माथि गाडी, तल पानी बग्ने संरचना) निर्माण सम्पन्न भइसकेको छ। एउटा अन्डरपास र तीनवटा पुल पनि निर्माण सम्पन्न भइसकेको छ । अब ओभरपासको निर्माण सम्पन्न हुन बाँकी छ।

इन्जिनियर कोइरालाले सामान्य ढंगले निरन्तर काम गर्न पाएमा २०८२ को दसैँअघि परियोजना तयार हुने बताए। 'ठेक्का म्याद थप गरेर २५ अक्टोबर ०२५ (८ कात्तिक ०८२) सम्म पुऱ्याइएको छ। तर, हाम्रो कार्यतालिकाअनुसार त्यो म्यादभन्दा कम्तीमा पनि दुई महिनाअघि नै काम सकिने छ। तर, सामान्य ढंगले निरन्तर रूपमा काम भने गर्न पाउनुपर्छ,' उनले भने, 'स्थानीयको अवरोधलगायतका समस्या आएमा भन्न सकिन्न। तसर्थ, परियोजना समयमै सम्पन्न गर्न स्थानीय बासिन्दा तथा सबै निकायले उत्तिकै सहयोग गर्न आवश्यक छ।'

परियोजना निर्माणको समग्र भौतिक प्रगति ८०.५० प्रतिशत पुगेको छ। वित्तीय प्रगति भने ७४.७० प्रतिशत पुगेको आयोजना कार्यालयले उपलब्ध गराएको प्रगति प्रतिवेदनले देखाएको छ। त्योअनुसार अब ८ कात्तिक ०८२ भित्र परियोजना निर्माणको बाँकी काम सम्पन्न गर्नुपर्नेछ।

दसैँअघि खासा आइपुगेको फलफूल तुइनबाट तारेर तातोपानी भन्सार ल्याइँदै

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**



दसैँअघि चीन स्वशासित तिब्बतको खासा आइपुगेको फलफूल लिपिङ खोलामा तुइनबाट र पहिरोमा मानिसले बोकेर सुक्खा बन्दरगाह तातोपानी भन्सार ल्याउन थालिएको छ। ११ र १२ असोजको बाढीपहिरोले सडक अवरुद्ध भएसँगै चिनियाँ भन्सार पास गरी नेपालतर्फ आएका फलफूलवाहक ५४ कन्टेनर मितेरी पुलपारि खासा क्षेत्रमा अड्किएका थिए। तातोपानी भन्सार कार्यालयका सूचना अधिकृत सूर्यप्रसाद काफ्लेका अनुसार चिनियाँ क्षेत्रमा रहेका कन्टेनर अहिले लिपिङपट्टि आइपुगेका छन्। ४० फुटे कन्टेनरमा २१ टनजति स्याउ, ओखर, किबी, ड्रागनफ्रुट, लसुनलगायत फलफूल रहेको काफ्लेले जानकारी दिए।

'बाढीपहिरोले लिपिङ खोलाको पक्की पुल बगाएपछि अहिले सो स्थानमा तुइन प्रयोग गरेर फलफूल वारि पठाइएको छ। त्यहाँबाट कोदारी पहिरोसम्म बोलेरो र त्यसपछि भरियाले तातोपानीसम्म बोकेर लाने गर्छन्,' काफ्लेले भने, 'धेरै ठाउँको जोखिम मोलेर सामान ढुवानी गरिएको छ।'

तुइन र ठाउँ-ठाउँमा भरियाले बोक्दा स्याउको मूल्य बढ्ने लामो समयदेखि चिनियाँ बजारबाट स्याउ आयात गर्दै आएका नेपाल हिमालय सीमापार वाणिज्य संघका सदस्यसमेत रहेका व्यापारी शारदाप्रसाद पराजुलीले बताए। 'हामीले भरियाको समूह तयार पारेर पुल नभएको ठाउँमा तुइनबाट र पहिरो गएको ठाउँमा भरियाले बोकेर फलफूल ढुवानी गरिरहेका छौं,' उनले भने।

यता, तातोपानी नाकातर्फ लिपिङपुलका लागि बेलिब्रिज लार्चा आइपुगेको छ। तर, कोदारी पहिरो पन्छाउन अझै केही दिन लाग्ने र पहिरो पन्छाईकन बेलिब्रिज पुऱ्याए पनि कसरी फिट गर्ने भन्ने समस्या भएको सडक डिभिजन कार्यालय चरिकोटका प्रमुख अमित श्रेष्ठले बताए। 'लिपिङ पुल बनाउन पहिले कोदारीको बाटो खुल्नुपर्छ। बाटो नखुल्दा गिटी-बालुवा मान्छेले बोकेर लैजानुपर्ने अवस्था आउँछ, जुन निकै गाह्रो छ,' उनले भने।

दसैँ-तिहारका लागि ल्याइएका करिब साढे चार सय कन्टेनर फलफूल सडक अवरुद्ध भएपछि न्यालम, केरुङ, सिगात्से, मिम्बु र रिकार्चेमा अड्किएका छन्। साथै, जाडोका लागि आयात गरिने रेडिमेड सामान पनि चिनियाँ सहरका विभिन्न गोदाममा अड्किएको काफ्लेको भनाइ छ।

खलंगामा १६ करोडभन्दा बढीका भेडा-खसीको कारोबार



जुम्लामा **मानदत्त रावल**

जुम्लाको सदरमुकाम खलंगा बजारमा मात्रै १६ करोड ३२ लाख ३१ हजार रुपैयाँबराबरको भेडा-खसी खरिद-बिक्री भएको छ। चन्दननाथ नगरपालिकाका पशुपक्षी शाखा प्रमुख वीरबहादुर रावलका अनुसार स्थानीय तथा बाहिर जिल्लाबाट ल्याइएका गरेर सात हजार नौ सय २८ भेडा बिक्री भएका छन्, जसबाट १६ करोड ३२ लाख ३१ हजार रुपैयाँको कारोबार भएको हो।

कारोबारमध्ये १५ करोड २३ लाख २३ हजारका भेडा, ७७ लाख ९२ हजार रुपैयाँका खसी र ३१ लाख १६ हजारका राँगा-भैँसी खरिद-बिक्री भए। त्यस्तै, चार सय ८७ खसी, तीनवटा राँगो र ८२ वटा भैँसीको किनबेच भएको शाखा प्रमुख रावलको भनाइ छ। स्थानीय भेडाको अधिकतम मूल्य २८ हजार, न्यूनतम मूल्य १० हजार भएकोमा औसत मूल्य १९ हजार तोकिएको थियो। ढोरले भेडाको अधिकतम मूल्य ३७ हजार र न्यूनतम मूल्य २० हजार रहेकोमा औसत मूल्य २८ हजार पाँच सय तोकिएको थियो। जुम्ली खसीको अधिकतम मूल्य २४ हजार र न्यूनतम मूल्य आठ हजार थियो। औसतमा १६ हजारमा बिक्री भएको थियो। अधिकतम मूल्य ५० हजार र न्यूनतम मूल्य २६ हजारमा किनबेच भइरहेका राँगा-भैँसीको औसत मूल्य ३८ हजार थियो।

०६८ सालदेखि तिब्बती भेडा-च्यांग्रा ल्याउन छोडेपछि जुम्ली खसी-बोकाले हरेक वर्षको दसैँ धानेका छन्। पशु अस्पताल तथा पशुसेवा कार्यालय जुम्लाका अनुसार जुम्लामा ८८ हजार भेडा छन्। जिल्लाका हरेक पालिका केन्द्रमा रहेका बजारमा किनबेच भइरहेको छ। संघीयतापछि स्थानीय तहको मुकाममा पनि भेडा-खसीको कारोबार हुने गरेको छ। कनकासुन्दरी गाउँपालिकाको गोठीज्यूला, सिँजा गाउँपालिकाको नराकोट, बागबजार, तिला गाउँपालिकाको रारालिही, तातोपानी गाउँपालिकाको लिताकोट, पातारासी गाउँपालिकाको लासी बजार र उर्थुचौतारा, गुठीचौरी गाउँपालिकाको मणिसाँघुलगायतका साना बजारमा समेत भेडा-खसीको करोबार हुने गरेको छ।

रावा बैंकले ल्यायो 'किसान सरल कर्जा' योजना



काठमाडौं/ राष्ट्रिय वाणिज्य (रावा) बैंकले 'किसान सरल कर्जा' योजना ल्याएको छ। बैंकले कृषि क्षेत्रको विकासका लागि अधिकतम १० लाख रुपैयाँसम्म कर्जा दिने गरी यो योजना ल्याएको हो। किसानसँग राष्ट्रिय वाणिज्य बैंक कार्यक्रमअन्तर्गत १० लाख रकमभित्र एक लाख रुपैयाँबराबरको किसान क्रेडिट कार्डसमेत लिन सकिने बैंकले जनाएको छ।

कृषि व्यवसायमा आबद्ध १८ वर्षदेखि ६५ वर्ष उमेरसम्मका नेपाली नागरिक वा कृषि व्यवसायमा संलग्न फर्म वा कम्पनीले कर्जाका लागि आवेदन दिन सक्नेछन्। आधारदरमा ०।५० प्रतिशत प्रिमियम जोडी ब्याजदर निर्धारण गरिने यो कर्जामा खुद व्यापारिक सम्पत्तिको अधिकतम ७० प्रतिशतसम्म बैंकले कर्जा लगानी गर्नेछ। बैंकले लगानी गर्ने यो कर्जा आवधिक र चालूपुँजी दुवै प्रकृतिको हुनेछ। त्यस्तै, यो कर्जा ग्रेस अवधिसहित अधिकतम १० वर्ष अवधिका लागि प्रदान गरिने बैंकले जनाएको छ।

ग्राहकले सञ्चालन गर्ने कृषि परियोजना नै धितोको रूपमा रहनेछ भने आवश्यकताअनुसार घर-जग्गासमेत धितो सुरक्षणको रूपमा स्वीकार गर्न सकिने व्यवस्था छ। बैंकले देशभरका शाखा कार्यालयबाट किसान सरल कर्जा प्रदान गर्ने जनाएको छ।

लद्दाख यात्रामा निस्कियो बजाज डोमिनारको टोली



काठमाडौं/ बजाज डोमिनार चार सय राइडरको नौ सदस्यीयको टोली लद्दाखको २० दिने यात्रामा निस्किएको छ। टोली ५,८८३ मिटर उचाइमा रहेको विश्वको सबैभन्दा अग्लो मोटरेबल सडक उम्लिङ लाको भ्रमणमा निस्किएको हो। द ग्रेट हिमालयन ओडिसी नाम दिइएको मोटरसाइकल यात्राले ६ हजार किमिभन्दा बढीको दूरी तय गर्नेछ।

बजाज डोमिनार नक्सालस्थित बाइकर्स क्याफेबाट सुरु भएको हो। यो अभियान देशको मोटरसाइकल संस्कृतिमा एउटा महत्त्वपूर्ण कोसेढुंगा साबित हुनुको साथै मोटरसाइकल राइडर र मोटरसाइकल दुवैको सहनशीलता र लचिलोपनको प्रमाण हुने कम्पनीले विश्वास लिएको छ।

'बजाज डोमिनार राइडरले यो ठुलो चुनौतीको सामना गरेको देखेर हामी खुसी भएका छौं,' बजाज मोटरसाइकलका मार्केटिङ हेड अमितराज चालिसेले उत्साह व्यक्त गर्दै भने, 'विश्वको अग्लो मोटरेबल सडकबाट पुग्न सकिने उम्लिङ लामा पुग्नु डोमिनार ४०० को स्थायित्व र यी सवारको साहस र आत्मबलको प्रशंसा गर्नैपर्छ।'

यस अभियानको नेतृत्व टोलीका कप्तान मनीष देवकोटाले गरेका छन्। उनले भने, 'उम्लिङ ला पुग्न धेरै राइडरहरूका लागि सपना थियो र यो हाम्रो सपना साकार हुँदै छ। यो केवल एक यात्रा मात्र होइन, साहस र जोशको बयान पनि हो।'

यो अभियान बजाज डोमिनार ४०० मोटरसाइकलको पराक्रम र नेपाली सवारहरूको दृढ संकल्पको शक्तिशाली प्रदर्शन हो। यो हिमालयको चुनौतीपूर्ण भूभाग हुँदै विश्वको सबैभन्दा अग्लो मोटरेबल सडक पुग्न सकिने स्थानसम्मको यात्रा सहनशीलता, सीप र साहसिक कार्यको प्रेरणादायी कार्य हुने कम्पनीको दाबी छ।

दसैँमा दुई लाख ३७ हजारले गरे हवाई यात्रा

काठमाडौं/ बडा दसैँको पाँच दिनको अवधिमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर कुल २ लाख ३७ हजारभन्दा बढीले हवाई यात्रा गरेका छन्। विमानस्थल कार्यालयको तथ्यांकअनुसार दसैँको फूलपातीदेखि पूर्णिमाको अघिल्लो दिनसम्म अर्थात् असोज २४ गतेदेखि २८ गतेसम्म आन्तरिकतर्फ १ लाख ६० हजार ९ सय १० र अन्तर्राष्ट्रियतर्फ ७८ हजार ५ सय १२ जनाले हवाई यात्रा गरेका हुन्।

विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार दसैँको सात दिन अर्थात् असोज २४ गते फूलपातीदेखि पूर्णिमाको अघिल्लो दिन (असोज ३० गते)सम्म आन्तरिकतर्फ २ हजार १ सय ५९ र अन्तर्राष्ट्रियतर्फ ७ सय ८१ गरी कुल २ हजार ९ सय ४० उडान भएका छन्। यो दुईतर्फी उडानको संख्या हो।

दसैँको दुई दिन अर्थात् असोज २४ गते फूलपाती र असोज २६ गते (महाअष्टमी/महानवमी)मा आन्तरिक र अन्तर्राष्ट्रिय दुवै गरी ६३ हजार २ सय ४२ जनाले हवाई यात्रा गरेका थिए। असोज १३ गतेदेखि असोज २८ गतेसम्म कुल ४ लाख २७ हजार ९ सय ४६ जनाले हवाई यात्रा गरेको विमानस्थलले जनाएको छ । यसमा आन्तरिकतर्फ २ लाख २३ हजार ८ सय ४७ र अन्तर्राष्ट्रियतर्फ २ लाख ४० हजार ९९ यात्रुले आवतजावत गरेका छन्।

यसैगरी, असोज १३ गतेदेखि असोज २८ गतेसम्म आन्तरिकतर्फ ५ हजार १ सय ८ र अन्तर्राष्ट्रियतर्फ १ हजार ७ सय ४४ गरी कुल ६ हजार ८ सय ५२ उडान सञ्चालन भएको विमानस्थलको तथ्यांकमा उल्लेख छ।

यसअघि यही असोज १४ गते एकै दिन आन्तरिक उडान र अन्तर्राष्ट्रिय उडान गरी ५५९ उडान भएका थिए। ती उडानमार्फत सोही दिन ३५ हजार ७ सय ४ जनाले हवाई यात्रा गरेका थिए। यही असोज ११ र १२ गतेको अविरल वर्षाका कारण मुलुकका विभिन्न स्थानमा बाढीपहिरोले सडक सञ्जाल अवरुद्ध हुँदा हवाई उडानको चाप बढेको थियो।

अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडान चाप बढेपछि विमानस्थलको टर्मिनल भवनमा यात्रुको खचाखच भिडभाड थियो। अहिले हवाई उडान सामान्य बन्दै गएको विमानस्थल कार्यालयले जनाएको छ। यही असोज १३, १४, १५ र १६ गते हवाई उडानको चाप बढेको थियो। (रासस)

सिटिजन्स बैंक र एस्थेटिक औरा क्लिनिकबिच समझदारी



काठमाडौं/ सिटिजन्स बैंक र एस्थेटिक औरा स्किन एन्ड हेयर क्लिनिकबिच छुटसम्बन्धी समझदारी भएको छ। सो समझदारीपत्रमा उल्लेख गरिएअनुसार बैंकका कार्डवाहक र मोबाइल बैंकिङ ग्राहकले क्लिनिकमा १५ प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन्। यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ।

बैंकले देशैभरका १९७ वटा शाखा, १६२ एटिएम, तीन विस्तारित काउन्टर र ७४ वटा शाखारहित बैंकिङ एकाइबाट बैंकिङ सेवा प्रदान गर्दै आएको छ।

महिला फुटबल टोलीलाई युनिलिभरद्वारा ट्राभल किट हस्तान्तरण

काठमाडौं/ युनिलिभर नेपालले राष्ट्रिय महिला फुटबल टोलीलाई ट्राभल किट हस्तान्तरण गरेको छ। कम्पनीले राष्ट्रिय महिला फुटबल टोलीको आधिकारिक स्पोन्सर रहेको आफ्नो पर्सनल केयर ब्रान्ड, डोभमार्फत एन्फा कार्यालयमा ट्राभल किट हस्तान्तरण गरेको हो।

महिलाहरूले विभिन्न क्षेत्रमा उल्लेखनीय प्रगति गरिरहेको युगमा युनिलिभरले महिला खेलाडीको भविष्यमा फुटबल टोलीले पार्न सक्ने महत्त्वपूर्ण प्रभावलाई बुझेर सम्मान गरेको जनाएको छ।

साथै, युनिलिभरले परम्परागत स्पोन्सरसिपभन्दा दर्शकहरूसँग भावनात्मक सम्बन्ध सिर्जना गर्दै सकारात्मक सामाजिक परिवर्तन ल्याउने आशा राखेको छ। राष्ट्रिय महिला फुटबल टोलीसँगको यस सहकार्यले महिलामा सशक्तीकरण र आत्म आश्वासनलाई बढावा दिन डोभको निरन्तर मिशनलाई झल्काएको बताइएको छ।

बाढीपीडितलाई नेपाल लाइफले दियो राहत सामग्री



काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअर्न्तगत ओखलढुंगा, धनकुटा र गुर्जुधारा शाखाको संयोजनमा बाढीपीडितलाई राहत सामग्री प्रदान गरेको छ।

इन्स्योरेन्सले ओखलढुंगाको मोलुङ गाउँपालिका गौरीडाँडा, जेसे र पात्लेका ४५ बाढी पीडित परिवारलाई चामल, दाल, नुन, तेल र साबुन प्रदान गरेको हो। प्रतिपरिवार ३० केजी चामल, दाल र नुन २-२ केजी, तेल दुई लिटर तथा साबुन चारवटाका दरले प्रदान गरिएको इन्स्योरेन्सले जनाएको छ।

९ देखि १२ असोजसम्म परेको अविरल वर्षाका कारण त्रिशुले टोल धनकुटामा तीन घर पूर्णरूपमा क्षति भएमा इन्स्योरेन्सले प्रतिपरिवार तीनवटै बन्डल जस्तापाता र एक थानपालसमेत स्थानीय तहको उपस्थितिमा वितरण गरेको जनाएको छ।

यसैगरी, झ्याप्लेखोलामा आएको बाढीका कारण ३० घरपरिवार विस्थापित हुन पुगेको हुँदा सो घरपरिवारलाई खाद्यान्न वितरण गरिएको छ। गुर्जुधारा उपशाखाको संयोजनमा स्थानीय निकायको उपस्थितिमा खाद्यान्न सामग्रीहरू पीडित परिवारलाई वितरण गरिएको बताइएको छ।

इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत कम्पनीले विभिन्न सामाजिक-आर्थिक रूपान्तरणका क्रियाकलाप गर्दै आएको बताए। शिक्षा, स्वास्थ्य, दैवी प्रकोप, बिमा सचेतना, पूर्वाधार निर्माण तथा गरिब निमुखा, सीमान्तकृत वर्गको जीवन उत्थानका निम्ति विभिन्न कार्यक्रमसमेत सञ्चालन गर्दै आइरहेको उनले बताए।

TRC Card हरायको सूचना

मिति २०८१/०६/३० गते टोखा न.पा. ग्राण्डीबाट सामाखुसी आउने क्रममा मेरो निम्न व्यहोरा भएको पोर्चुगल देशबाट जारी भएको Temporary Residence Card (TRC) हराएको हुँदा नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरी उपलब्ध गराइ दिन हुन अनुरोध छ।

नाम : लक्ष्मी पाण्डे

ठेगाना : धुनिवेशी गा.पा.-९, धादिङ

TRC No : 1K1P03433

सम्पर्क नं. ९८४१७१६९४९, ९८५११९८४१५

मुलुकी कार्यविधि सहिता, २०७४ को दफा १५५ को उपदफा १ (ग) बमोजिम अधिकृत वारेशनामा बदर गरिएको सूचना।

काभ्रेपलान्चोक जिल्ला बेथानचोक गा पा वडा नं ३ स्थाई ठेगाना भई हाल काभ्रेपलान्चोक जिल्ला बनेपा न. पा. वडा न. ११ घर भई काठमाडौं जिल्ला का. म. न. पा. वडा नं ३ महाराजगज बस्ने वर्ष ५७ को रामशरण घिमिरे (ना प्र न ११३३६ मिति २०४२/०१/२१ जिल्ला प्रशासन कार्यालय काभ्रेपलान्चोक) र जिल्ला महोत्तरी वर्दिवास गा वि स वडा नं ५ को हाल परिवर्तित वर्दिवास न.पा वडा नं. ५ बस्ने वर्ष ५६ को यानीखर गौतम ना. प्र. न. ०४९४२०३४५ मिति २०४४/०२/१९ जिल्ला प्रशासन कार्यालय महोत्तरी) ले संयुक्त रुपमा धनुषा जिल्ला जनकपुर न.पा वडा नं ११ बस्ने वर्ष ४३ को रवि रंजन (ना प्र न ३९६९५२५२ मिति २०५५/०३/०९ जि.प्र.का. धनुषा) लाई जिल्ला महोत्तरी २५ नं. वहादुरगंज वडा न. १ग कि नं. २३७१ क्षेत्रफल ०-१-६-० (कित्ता) जग्गा राजिनामा पास गरि हक हस्तान्तरण गर्न श्री काठमाडौ जिल्ला अदालतबाट द न ५४४ मिति २०८१/०६/१६ मा गरी दिएको अधिकृत वारेसनामा आजैका मिति देखि बदर गरी सो बदर गरिएको व्यहोरा यसै सूचना मार्फत जानकारी गराईएको छ।

NEPAL CANCER HOSPITAL & Research Center Ltd. "Care with Excellence"

quality austria SYSTEM CERTIFIED ISO 9001:2015 No. 238080

Invitation for Tender for Various Items

Nepal Cancer Hospital and Research Center Ltd.
Harisiddhi, Lalitpur

Date of first Publication: 17th October 2024 Reference: NCHRC/01/2081/82

The Nepal Cancer Hospital and Research Center Ltd. (NCHRC), Harisiddhi, Lalitpur invites sealed tenders from registered suppliers for the supply of various items (Cleaning and Sanitation, Housekeeping Consumables, General Supplies, Printing Items, Stationary Items, Hospital Linen and Clothing, Pathology Items, Medical and Surgical Items, Computer / Printer Parts & Accessories, Computers & Electronics Equipment, Electrical and Plumbing Items, Printer Cartridge, Medical Gases, Water Tanker, Furniture and Fixtures, Medical and Non-Medical Equipment & Radiation Oncology Consumables). Eligible bidders may obtain further information and inspect the Bidding Documents at the office of NCHRC, Harisiddhi, Lalitpur, Nepal. A complete set of Bidding Documents may be purchased from the office of the NCHRC by eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 5000.00.

1. Eligible bidders may obtain further information and inspect the bidding document at the office of NCHRC, Harisiddhi, Lalitpur.
2. Bids must be submitted in sealed envelopes to the above office of NCHRC before 5 PM on the 14 days from the date of first publication of this notice. Documents received after the last date for submission shall not be accepted.
3. Bids shall be opened in the presence of bidder's representatives who chose to attend at the office of the NCHRC. The dates to open the sealed tender will be mentioned in the Bid document. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of 5% of the quoted bid amount (inclusive of VAT) from any A Class Commercial Bank which shall be valid for 30 days beyond the bid validity period and also with updated documents as indicated in the bid document.
4. If the last date of purchasing, submission and opening falls on a government holiday then, the next working day shall be considered as the last day.
5. Bidders are advised to visit and assess the sample before submitting their bid.
6. The NCHRC reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Bank Details:
Bank Name: Everest Bank Limited
Account Holder's Name:
NEPALCANCERHOSPITALANDRESEARCHCENTERLTD(NCHRC)-EXP
Account No.: 05700105200166

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल

शिलबन्दी बोलपत्र (e-tender) आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०७/०१

यस अस्पतालको लागि आ.व. २०८१/०८२ मा आवश्यक पर्ने तपसिलमा उल्लेखित खरिद कार्य बोलपत्रका माध्यमबाट गर्नु गराउनुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै बिस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ।

तपसिल

क्र. सं.	ठे.नं.	कामको विवरण	लागत अनुमान (मु.अ. कर बाहेक)	धरौटी रकम	बोलपत्र दस्तुर	बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय
1	LPH-NCB-GOODS- 22-2081-082	Supply, Delivery & Installation of 1.5 Tesla MRI Machine	.....	३७,३४,०००/-	१०,०००/-	२०८१/०८/०२ गते १२.०० बजे भित्र

मेडिकल सुपरिटेण्डेण्ट

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Planning and Monitoring Branch

Planning Monitoring and Evaluation Section

Babarmahal, Kathmandu
Notice No: 01-PMES/081/82
Date of publication: 2081-07-01 BS (2024-10-17 AD)

EXPRESSION OF INTEREST FOR CONSULTING SERVICES

1. The Government of Nepal, Department of Roads, Planning and Monitoring Branch, PMES, invites Expressions of Interest (EOI) for the purpose of short listing of the qualified, eligible and experienced domestic consulting firms for the **Detailed Engineering Survey, Detailed Design and Preparation of Report (DPR) of Roads** under contract number **PMES/33701123/081/82/DPR:01-09.** The Standard EOI forms and EOI Evaluation Criteria for each work can be downloaded from the website: www.bolpatra.gov.np/egp. The budget to this purpose has been allocated by the Government of Nepal (GON) for the fiscal year 2081/082.
2. Experienced, eligible and willing Consulting Firms are invited to submit their EOI, either single or in joint venture with other firms. The firm/JV shall submit separate EOI for each package through PPMO's EGP system, www.bolpatra.gov.np/egp on or before **12:00, 2081-07-20 BS (2024-11-05 AD)**. Hard copy shall not be entertained during submission of EOI. Submitted EOIs shall be opened on **13:00, 2081-07-20 BS (2024-11-05 AD)** at PMES, DoR, Babarmahal, Kathmandu.
3. Consulting Firms can form a Joint Venture (JV) with maximum 3 no. of firms. The EOI documents must clearly mention the name of the leading firm with financial liabilities. Authorized power of attorney shall be submitted along with EOI document.
4. Minimum score to pass the EOI is 60% of full marks. Top Six Short listed consultants will be invited to submit their Technical and Financial Proposal as per the Request for Proposal (RFP), to be provided to them at the later stage. PMES, DoR reserves the right to shortlist any or all of the Firms without assigning any reasons whatsoever. Further information or clarification can be obtained from PMES, DoR during office hours.
5. The submitted EOI document shall include adequate information as per the evaluation criteria / EOI forms to demonstrate their qualification in the best manner.

Section Chief

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

आजदेखि साफ महिला च्याम्पियनसिप

उपाधिमा दाबी सबैको, सम्भावना तीन टोलीको

रमेश सुवेदी/नयाँ पत्रिका

साफ महिला च्याम्पियनसिप बिहीबारबाट दशरथ रंगशालामा सुरु हुँदै छ। सहभागी सातै देशका प्रशिक्षक र कप्तानले विगत बिर्सेर उपाधि जित्न खेल्ने बताएका छन्। सहभागी टोलीले तयारी राम्रो भएको बताउँदै उपाधि जित्न आइपुगेको बताएका छन्। दक्षिण एसियाली फुटबल महासंघ (साफ)द्वारा आयोजित प्रतियोगिता १४ कात्तिकमा सम्पन्न हुनेछ।

उद्घाटन खेलमा पाकिस्तान र सर्वाधिक पाँचपटकको विजेता भारत भिड्नेछन्। नेपालले २ कात्तिकमा भुटानसँग पहिलो खेल खेल्नेछ। दुई वर्षअघि दशरथ रंगशालामा प्रतियोगिता हुँदा नेपाल उपविजेता भएको थियो। सेमिफाइनलमा भारतलाई १-० ले हराए पनि नेपाल फाइनलमा बंगलादेशसँग ३-१ ले पराजित भयो। सातौँ संस्करणको समूह 'ए'मा भारत, बंगलादेश र पाकिस्तान रहेका छन्। समूह 'बी'मा नेपालसँगै श्रीलंका, माल्दिभ्स र भुटान छन्। समूहका शीर्ष दुई टोलीले फाइनलमा स्थान बनाउनेछन्।

सर्वाधिक पाँचपटक उपाधि जितेको भारतका प्रशिक्षक सन्तोष कश्यपले उपाधि जित्न खेल्ने बताए। 'प्रतियोगितामा भारतसँगै नेपाल, बंगलादेश र पाकिस्तान बलिया छन्। हामी विगतलाई बिर्सेर उपाधि जित्न खेल्नेछौं,' उनले भने। दुई वर्षअघि नेपालमै भएको प्रतियोगितामा भारत सेमिफाइनलबाटै बाहिरिएको थियो। उनले पहिलोपटक भारतीय महिला टिम हेर्दै छन्। रश्मिकुमारी घिसिङको निर्णायक गोलमा नेपालले भारतविरुद्ध ऐतिहासिक जित निकालेको थियो। रश्मिको गोलपछि भारत पहिलोपटक फाइनल पुग्न चुकेको थियो। पहिलोपटक फाइनलमा नयाँ प्रतिद्वन्द्वी पाएको नेपाल बंगलादेशसँग ३-१ ले पराजित हुँदा उपाधिबाट छैटौँपटक टाढा रह्यो।

नेपाली कप्तान अन्जिला तुम्बाप्पो सुब्बा तयारी पूरा भएको र विगतको नतिजा बिर्सेर घरमै उपाधि जित्न खेल्ने बताउँछिन्। 'पछिल्लोपटक फाइनलमा पराजित भयौं। यसपटक त्यसलाई बिर्सेर खेल्नुपर्छ। टोलीमा अधिकांश खेलाडी अनुवभी छौं। अनुभव प्रयोग गरी मिहिनेत गर्नेछौं।'

नेपालले पाँचपटक फाइनल खेलेको छ, तर उपाधि जित्न सकेको छैन। नेपाल चारपटक भारतसँग फाइनलमा पराजित भएको थियो। बंगलादेशका प्रशिक्षक पिटर जेम्स बटलरले अघिल्लो उपाधि इतिहास भइसकेको बताउँदै नयाँ सुरुवात गर्ने बताए। उनले टोलीमा युवा खेलाडीको बाहुल्यता भएको बताए। 'टोली राम्रो छ। युवा र अनुभवी खेलाडीको मिश्रण छ,' उनले भने, 'अघिल्लो संस्करण उपाधि जितेका केही खेलाडी छैनन्। यद्यपि, भएका खेलाडी उपाधि जित्न तत्पर छन्। टोली यसपालि पनि उपाधि जित्न तयार छ।'



साफ महिला च्याम्पियनसिप, २०२४ अघि ट्रफीका साथ सहभागी टोलीका कप्तान। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

पर्याप्त तयारी हुन सकेन



राजेन्द्र तामाङ, प्रशिक्षक, नेपाल

अभ्यासका लागि दुई हप्ता मात्र समय पायौं। राष्ट्रिय महिला लिग भइरहेका कारण अभ्यास कम भयो। समय धेरै भएको भए अझै काम गर्न सकिन्थ्यो जस्तो लागेको छ। स्ट्राइकर सावित्रा भण्डारी र रेखा पौडेल नहुँदा पूरा खेलाडीले अभ्यास गर्न पाएनौं। तर, जति समय पायौं, उपाधिमा केन्द्रित रह्यौं। भुटानविरुद्ध भिन्न रणनीतिअनुसार खेल हुनेछ। पर्याप्त समय नभएका कारण युवा खेलाडी समेट्न पाएनौं।

टिम राम्रो बुझ्न पाएको छैन



सन्तोष कश्यप, प्रशिक्षक, भारत

साँच्चिकै भन्दा टोलीलाई राम्रो हेर्न पाएको छैन। अन्य टोलीबारे पनि बुझ्न पाएका छैनौं। भर्खरै महिला टोलीको जिम्मेवारी पाएको हो, तर हाम्रा खेलाडी बलिया छन्। शारीरिक र प्राविधिक रूपमा पनि सफल छन्। टोली बलियो बनाउनका लागि सक्दो गरेको छु। भारतसँगै नेपाल, बंगलादेश र पाकिस्तानलाई बलियो मान्छु। इतिहास भनेको इतिहास हो। फुटबलमा हार-जित त भइहाल्छ। बंगलादेश र नेपाल राम्रो टोली हो, तर हामी पनि कम छैनौं।

अघिल्लो उपाधि इतिहास भइसक्यो



पिटर जेम्स बटलर, प्रशिक्षक, बंगलादेश

टोली राम्रो छ। युवा र अनुभवी खेलाडीको मिश्रण छ। वर्षको सुरुवाती दुई खेल हारेका थियौं। पछि जितको लयलाई फर्कायौं। अघिल्लो संस्करण उपाधि जितेका केही खेलाडी छैनन्। यद्यपि, भएका खेलाडी उपाधि जित्न तत्पर छन्। टोली यसपालि पनि उपाधि जित्न प्रेरित छ। अघिल्लो उपाधि इतिहास भइसक्यो। अहिले कुनै पनि महत्त्व राख्दैन। अहिले हामी सबै बराबर छौं। सबै टोलीप्रति हाम्रो उत्तिकै सम्मान छ।

साफ च्याम्पियनसिपको विजेता र उपविजेता

मिति	विजेता	नतिजा	उपविजेता
२०१०	भारत	१-०	नेपाल
२०१२	भारत	३-१	नेपाल
२०१४	भारत	६-०	नेपाल
२०१६	भारत	३-१	बंगलादेश
२०१९	भारत	३-१	नेपाल
२०२२	बंगलादेश	३-१	नेपाल

विगतभन्दा उत्साहित छौं



मोहम्मद निजाम, प्रशिक्षक, माल्दिभ्स

यसपालि विगतभन्दा उत्साहित छौं। उपाधि जित्ने लक्ष्य छ। पहिलो खेलका लागि ध्यान केन्द्रित गरेका छौं। पछि हेर्दै जान्छौं। कतासम्म पुग्न सकिन्छ। खेलाडीहरू नेपालको वातावरणसँग परिचित छन्। तीन-चार प्रतियोगिता खेलिसकेका छन्। टोली त्यसैले पनि राम्रो बनेको छ।

लामो समय तयारी गर्न पाएनौं



अदिल रिजकी, प्रशिक्षक, पाकिस्तान

लामो समय तयारी गर्न पाएनौं। रणनीतिक कुरालाई पनि राम्ररी ध्यानमा राख्न सकेनौं। प्रतिबन्धपछि हामी पाकिस्तान फुटबलको अस्तित्वका लागि खेल्दै आएका छौं। प्रतियोगितामा राम्रो छाप छोड्न सक्दो प्रयास गर्नेछौं। हामी कठिन समूहमा छौं। तर, फुटबल भनेको यही हो। शीर्ष स्तरको फुटबल खेल्न नै पर्छ। यसपालि टोलीको मनोबल उच्च छ।

४० दिनको प्रशिक्षण



एमएच रुमी, प्रशिक्षक, श्रीलंका

४० दिनको प्रशिक्षण समय पाएका छौं। प्रशिक्षणका दौरान खेलाडीले आफ्नो व्यक्तिगत प्रदर्शनमा सुधार ल्याएका छन्। श्रीलंकाली टोली साफ च्याम्पियनसिपका लागि तयार छ। खेलाडीको मनोबल पनि उच्च नै छ। यसपटक राम्रो नतिजा दिने योजना बनाएका छौं। त्यसमै केन्द्रित छौं।

दोस्रो चरणमा पुग्ने लक्ष्य



निकोला डे मेनी, प्रशिक्षक, भुटान

भुटानले यस च्याम्पियनसिपका लागि लामो र प्रभावकारी तयारी गरेको छ। त्यसैले पनि उत्साहित छौं। आफ्नो समूहमा राम्रो प्रदर्शन गर्दै दोस्रो चरणमा पुग्ने लक्ष्य छ। पछिल्लोपटक पनि हामीले उत्कृष्ट प्रदर्शन गरेका थियौं। यसपटक त्यसैलाई निरन्तरता दिने योजना छ।

खेल संक्षेप

भैरहवामा अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता हुँदै

भैरहवा/ बिपी कोइराला स्मृति कप टी-२० अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता भैरहवामा हुने भएको छ। भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश र नेपालसहित पाँच देशका टोलीको सहभागिता रहने नेक्सस क्रिकेट एकेडेमीका अध्यक्ष भरतकुमार शाहीले बुधबार पत्रकार सम्मेलन गरी जानकारी दिए। स्पोर्टस् टुरिजमलाई प्रवर्द्धन गर्ने उद्देश्य रहेको प्रतियोगिता ३ देखि १० कात्तिकसम्म सिद्धार्थ रंगशालामा हुनेछ। प्रतियोगिताका लागि एक करोड २० लाख खर्च हुने जनाइएको छ। विजयी टिमलाई पाँच लाख, दोस्रोलाई तीन लाख, म्यान अफ द सिरिजलाई ३५ हजार, बेस्ट बलरलाई २० हजार, म्यान अफ द म्याचलाई पाँच हजार पुरस्कार प्रदान गरिनेछ।

कटवाल जनकपुरसँग जोडिए

काठमाडौं/ नेपाल प्रिमियर लिग (एनपिएल)को फ्रेन्चाइज टोली जनकपुर बोल्ट्सले मनोज कटवाललाई सहायक प्रशिक्षकमा नियुक्त गरेको छ। ड्रिम स्पोर्टसको स्वामित्वमा रहेको जनकपुरले यसअघि नै पुबुदु दासानायकेलाई मुख्य प्रशिक्षकमा नियुक्त गरिसकेको छ। यसैगरी टोलीले वरदान चालिसेलाई 'डाइरेक्टर अफ क्रिकेट'मा नियुक्त गरेको छ। जनकुपर बोल्ट्सको मार्की खेलाडीमा आसिफ शेख छन्। नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा एनपिएल १५ मंसिरदेखि ६ पुससम्म हुँदै छ। प्रतियोगितामा आठ फ्रेन्चाइज टोलीको सहभागिता रहनेछ। लिगमा जनकपुरसँगै काठमाडौं गुर्खाज, चितवन राइनोज, पोखरा एभेन्जर्स, सुदूरपश्चिम रोयल्स, विराटनगर किंग्स, कर्णाली याक्स र लुम्बिनी लायन्सले प्रतिस्पर्धा गर्नेछन्।

८० लाखमा टिकट बिक्री

काठमाडौं/ साफ महिला च्याम्पियनसिपको आधिकारिक टिकेटिङ पार्टनर खल्ती एप रहने भएको छ। साफ महिला च्याम्पियनसिपको टिकेटिङ अधिकार माउन्ट एभरेस्ट स्पोर्टस् एन्ड इभेन्ट्स प्रालिले टेन्डर प्रक्रियामार्फत अखिल नेपाल फुटबल संघ (एन्फा)सँग ८० लाख रुपैयाँमा लिएको हो। टिकट बिक्रीका लागि माउन्ट एभरेस्ट स्पोर्टस् एन्ड इभेन्ट्स प्रालिका सिइओ थम्पन भुसाल र खल्ती एपका सिइओ विनायक खड्काबिच सम्झौता भएको थियो। साफ महिला च्याम्पियनसिप १-१४ कात्तिकमा त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुनेछ। टिकट खल्ती एप र दशरथ रंगशालाको गेट दुवैबाट बिक्री हुने भुसालले जानकारी दिए। टिकटका लागि एन्फाले समूह चरणको खेलमा तीन सय र पाँच सय तोकेको छ। सेमिफाइनल र फाइनलको लागि पाँच सय र हजार तोकिएको छ।

तेक्वान्दो च्याम्पियनसिप हुने

काठमाडौं/ नेपाल तेक्वान्दो संघ र नेपालस्थित कोरियाली राजदूतावासको संयुक्त आयोजनामा कोरियन एम्बासडर ओपन तेक्वान्दो च्याम्पियनसिप आयोजना हुने भएको छ। संघका प्रवक्ता साम्राज्यविक्रम पाण्डेले प्रतियोगिता शुक्रबारदेखि तीन दिनसम्म आयोजना हुने जानकारी गराएका हुन्। उनले कोरिया र नेपालबिच दौत्य सम्बन्ध स्थापित भएको ५०औँ वार्षिकोत्सवको अवसरमा प्रतियोगिता हुन लागेको पनि बताए। सातदोबाटोस्थित नेपाल तेक्वान्दो संघको केन्द्रीय तेक्वान्दो एकेडेमी हलमा आयोजना हुने प्रतियोगितामा सात प्रदेशसँगै विभागीय टिमको सहभागिता रहनेछ। प्रतियोगितामा ग्योरोगी (फाइट) र पुम्से (फर्म) विधातर्फ कुल ७२ स्वर्ण पदकका लागि ९६५ खेलाडी प्रतिस्पर्धामा उत्रनेछन्। प्रतियोगिता चार दिनसम्म दुईवटा एरिनामा देशभरका २६ जना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निर्णायकद्वारा सञ्चालन गरिनेछ।

मालिका देवी कपको तयारी तीव्र

सिन्धुपाल्चोक/ मेलचौर युवा जागरण समाजको अयोजनामा हुने मालिका देवी कप खुला सेभेन ए साइड फुटबल प्रतियोगिताको तयारी तीव्र पारिएको छ। चौतारा साँगाचोकगढी- ७ मेलचौर दरबारडाँडा खेलमैदानमा हुने प्रतियोगिताका लागि तयारी अन्तिम चरणमा पुगेको क्लबका अध्यक्ष कृष्णबहादुर श्रेष्ठले जानकारी दिए। चौथो संस्करणको प्रतियोगिताका लागि ३ कात्तिकसम्म टिम दर्ता खुला गरिएको छ भने टिम दर्ता शुल्क पाँच हजार रुपैयाँ तोकिएको पनि श्रेष्ठले बताए।

यस्तै, प्रतियोगितामा सहभागी हरेक टिमका खेलाडी तथा टिम अफिसियल गरी टिमका १६ जनाको बिमा पनि गरिएको छ। प्रतियोगिताको विजेताले १ लाख ५५ हजार ५५५ तथा उपविजेताले ७७ हजार ७७७ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछन्। विजेताले पाउने पुरस्कार रकममा तेस्रो संस्करणको भन्दा ४४ हजार ४४४ रुपैयाँ बढेको छ। गत संस्करणको विजेता रोयल फ्यामिली चौताराले १ लाख ११ हजार १११ रुपैयाँ प्राप्त गरेको थियो।

प्रतियोगितामा उत्कृष्ट खेलाडी, स्ट्राइकर, गोलकिपर, रक्षक, मिडफिल्डर, प्रशिक्षक र प्रत्येक खेलका 'म्यान अफ दी म्याच'लाई ट्रफीसहित नगद पुरस्कारको व्यवस्था रहेको आयोजकले जनाएको छ। साथै, फेयर प्ले अवार्ड पनि प्रदान गरिनेछ।

रोकिए रोनाल्डो



एजेन्सी/ युरोपियन नेसन्स लिगमा पोर्चुगलले स्कटल्यान्डसँग गोलरहित बराबरी खेलेको छ। क्वार्टरफाइनलमा स्थान बनाएको पोर्चुगल स्कटल्यान्डको घरेलु मैदानमा भने गोलविहीन भयो। बलियो डिफेन्स प्रस्तुत गर्दै स्कटल्यान्ड स्टार खेलाडी क्रिस्टियानो रोनाल्डोलाई रोक्न सफल भएको थियो। रोनाल्डोसँगै चर्चित खेलाडीहरू डिअगो जोटा, ब्रुनो फर्नान्डेज, रुवेन डिआज, बर्नान्डो सिल्भा गोलविहीन भए। समूह ए (१)को चौथो खेलपछि १० अंक जोडेको पोर्चुगल शीर्ष स्थानमा छ।

महिला टी-२० विश्वकप

फाइनलमा स्थान बनाउन अस्ट्रेलिया र दक्षिण अफ्रिका भिड्दै



एजेन्सी/ आइसिसी महिला टी-२० विश्वकपको पहिलो सेमिफाइनल आज दुबईमा हुँदै छ। फाइनल प्रवेशका लागि सर्वाधिक ६ पटकको विजेता अस्ट्रेलिया र दक्षिण अफ्रिका भिड्दै छन्। प्रतियोगिताको नवौं संस्करण युएईमा चलिरहँदा साबिक विजेता अस्ट्रेलिया सातौँपटक उपाधि जित्ने योजनामा छ।

यसअघि टोलीले सन् २०१०, २०१२, २०१४, १०१८, २०२० र २०२३ मा उपाधि जितेको थियो। त्यसबाहेक पहिलो संस्करण इंग्ल्यान्ड र पाँचौं संस्करण वेस्ट इन्डिजले जितेका छन्। विश्वकपको हरेक संस्करणमा अस्ट्रेलियाको दबदबा रहँदै आएको छ। उसले ४८ मध्ये ३९ खेल जितेको छ भने आठ खेलमा पराजित भएको छ। एक खेल टाई भएको छ।

यता, दक्षिण अफ्रिकाको इतिहास भने खासै गतिलो छैन। टोली सन् २०२३ मा मात्रै फाइनलमा पुगेको छ। निर्णायक खेलमा टोली अस्ट्रेलियासँग १९ रनले चुकेको थियो। दक्षिण अफ्रिकाले विश्वकपमा ३७ खेल खेल्दा १७ खेल जितेको छ भने २० खेल गुमाएको छ।

यद्यपि, टोली पछिल्लो पाँचमध्ये चार खेलमा जित निकाल्न सफल भएको छ। त्यसैले पनि अस्ट्रेलिया खेलमा सतर्क हुनेछ। यसअघि समूहमा 'ए'मा अस्ट्रेलियाले विजेता हुँदै सेमिफाइनलमा स्थान बनाएको थियो। चारमध्ये चारै खेल अस्ट्रेलियाले जितेको छ। दक्षिण अफ्रिका भने समूह 'बी'को उपविजेता हो।

टोलीले चार खेलबाट ६ अंक जोडेको छ। समूह 'बी'को विजेता वेस्ट इन्डिज र समूह 'ए'को उपविजेता न्युजिल्यान्डबिच शुक्रबार दोस्रो सेमिफाइनल हुनेछ। समूह 'ए'बाट बलियो भारत, पाकिस्तान र श्रीलंका तथा समूह 'बी'बाट इंग्ल्यान्ड, बंगलादेश र स्कटल्यान्ड बाहिरिएका छन्।

पोखराले भित्र्यायो आन्द्रेस गौसलाई



काठमाडौं/ पोखरा एभेन्जर्सले नेपाल प्रिमियर लिग (एनपिएल)का लागि अमेरिकाका विकेटकिपर तथा ब्याटर आन्द्रेस गौसलाई अनुबन्ध गरेको छ। उनी एनपिएलमा आबद्ध हुने पहिलो विदेशी खेलाडी बने।

एनपिएल १५ त्यसका खेलाडी मंसिरबाट ६ पुससम्म हुँदै छ। लागि पोखराले ३० वर्षीय अनुबन्ध गरेको जनाएको छ। दायाँहाते ब्याटरले उमेर समूहमा दक्षिण अफ्रिकाका लागि खेलेका थिए।

उनले अमेरिकाबाट २० अन्तर्राष्ट्रिय खेलमा ५९८ रन बनाएका छन्। अमेरिकाबाट तीन एकदिवसीय खेल्दा १५२ रन बनाएका छन्। सन् २०२४ मा क्यानडाविरुद्ध डेब्यु गर्दै अमेरिकाको प्रतिनिधित्व गरेका थिए। पोखरा एभेन्जर्सका मालिक सुबोध त्रिपाठीले गौसलाई उच्च प्रदर्शनका लागि शुभकामना दिएका छन्। पहिलोपटक नेपालमा लिग खेल्न लागेका गौसले उत्साहित रहेको बताए।

यसअघि टोलीले इन्डियन प्रिमियर लिग (आइपिएल)मा चेन्नई सुपर किंग्सको प्रतिनिधित्व गरिसकेका राजीव कुमारलाई मुख्य प्रशिक्षकमा नियुक्त गरेको थियो। उनी चेन्नई सुपर किंग्सका ब्याटिङ र फिल्डिङ प्रशिक्षक हुन्। पोखराको मार्कीमा नेपाल राष्ट्रिय क्रिकेट टोलीका ओपनर कुशल भुर्तेल रहेका छन्।

मेसीको प्रभावशाली प्रदर्शन

एजेन्सी

कप्तान लियोनल मेसीको ह्याट्रिकप्रेरित विश्वविजेता अर्जेन्टिनाले फिफा विश्वकप, २०२६ छनोट खेलमा बोलिभियालाई ६-० ले हराएको छ। ३७ वर्षीय खेलाडीले खेलमा ह्याट्रिकसँगै दुई असिस्ट गरेका थिए। घरेलु मैदानमा एकपक्षीय दबाब बनाएको अर्जेन्टिनाले दुवै हाफमा समान तीन गोल गरेको थियो। अमेरिकामा व्यावसायिक फुटबल खेलिरहेका मेसीले खेलको १९, ८४ र ८६औँ मिनेटमा गोल गरेका थिए। लौटारो मार्टिनेज, जुलियन अल्भारेज र थिअगो अल्माडाको नाममा समान एक गोल रह्यो।

मेसीले मार्टिनेज र अल्भारेजको गोलमा असिस्ट गरेका थिए। दक्षिण अमेरिकी छनोटमा अर्जेन्टिना शीर्ष स्थानमा छ। १० खेलमा सात जित निकालेको अर्जेन्टिनाको २२ अंक छ। समान खेलबाट १९ अंक जोडेको कोलम्बिया दोस्रो स्थानमा रहँदा १२ अंक जोडेको बोलिभिया सातौँ स्थानमा छ। मेसीकै कप्तानीमा अर्जेन्टिनाले सन् २०२२ को कतार फिफा विश्वकप जितेको थियो। त्यस्तै, कोपा अमेरिकाको उपाधि लगातार दोस्रोपटक जितेको छ।

३७ वर्षीय कप्तान लियोनल मेसीले बोलिभियाविरुद्ध ह्याट्रिकसहित दुई असिस्ट गर्दै अर्जेन्टिनालाई सहज जित दिलाए



घरेलु मैदानमा मेसीले १९औँ मिनेटमै अग्रता दिलाए। मार्टिनेजकै पासमा मेसीले बक्सभित्रबाट सहज गोल गरेका हुन्। मेसीकै पासमा मार्टिनेजले ४३औँ मिनेटमा अग्रता २-० को बनाए। मेसीले नै पहिलो हाफको इन्जुरी समयमा अल्भारेजलाई अर्को पास उपलब्ध गराएपछि अर्जेन्टिना ३-० ले अघि बढ्यो। ६९औँ मिनेटमा थिअगोले चौथो गोल गरे। मेसीले ८४औँ मिनेटमा व्यक्तिगत दोस्रो गोल गरे। ८६औँ मिनेटमा निको पाजको पासको सदुपयोग गर्दै ह्याट्रिक पूरा गरेका हुन्।

लयमा ब्राजिल

निरन्तर खराब प्रदर्शन गरेको ब्राजिल पेरुविरुद्ध ४-० को सहज जित निकाल्दै लयमा देखिएको छ। एरिना बिआरबी माने गारिन्चा रंगशालामा घरेलु टोलीलाई जित दिलाउन राफिन्हाले दुई गोल गरे। आन्द्रेस पेरेरा र लुइस हेनरिकले समान एक गोल गरेका थिए। जितसँगै १० खेलबाट १६ अंक जोडेको ब्राजिल चौथो स्थानमा उक्लियो। पराजित पेरु समान खेलबाट ६ अंकका साथ नवौं स्थानमा छ। खेलको ३८औँ मिनेटमा राफिन्हाले पहिलो गोल गरे। ५४औँ मिनेटमा राफिन्हाले पेनाल्टीमै दोस्रो गोल गरेका हुन्। पेरेराले ७१औँ मिनेटमा तेस्रो तथा चार मिनेटपछि नै हेनरिकले गोल गर्दै ब्राजिललाई ४-० को सहज जित दिलाएका हुन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com